सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ वैशाख २०८०, बिहीबार (11 May 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रहरीखोरमा पूर्वगृहमन्त्री

भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै एक अर्ब ठगी गर्ने गिरोहका 'पिउसो' हुँदै राजनीतिक नेतृत्व पनि कानुनको कठघरामा आउँदै

■ खाणविरुद्ध प्रहरीले जुटाएका बलिया चार प्रमाण

१ गृहमन्त्री हुँदा शरणार्थीसम्बन्धी कार्यदलको गोप्य प्रतिवेदन किर्ते गरेको

२ ठगीमा सघाएबापत बिचौलियाबाट एक करोड २४ लाख ५० लिएको

३ खाणलाई बुझ्काउन बिचौलियासँग आर्थिक लेनदेन गरेको सचिव पाण्डेको स्वीकारोक्ति

४ बिचौलियालाई फाइदा हुने गरी पटक-पटक मन्त्रालयबाट विभिन्न निर्णय गराएको

तीन दलको बैठकपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने-



विधि-विधान, नियम, पद्धतिअनुसार नै प्रहरीले काम गरेको छ। राजनीतिक नेतृत्वले आफ्नो काम गरेका छौं। प्रहरी अनुसन्धानमा कुनै 'डिस्टर्ब' गर्नुहुँदैन भन्ने हामी सबैको सहमति छ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठले भने-



कमिसनखोर र भ्रष्टाचारीलाई कारबाही गर्नुपर्छ। निर्दोष कोही डराउनुपर्दैन, दोषी कोही छुट्नेछैनन्। दोषीलाई जहाँ गए पनि छोड्दैनौं।

नवराज मैनाली, टेकराज थामी

भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै ठगी गर्ने गिरोहमा संलग्न 'ठूला माछा' पनि कानुनको पन्जामा पर्न थालेका छन्। पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणलाई प्रहरीले बुधबार पक्राउ गरेको छ। फरार रहेका एमाले सचिव तथा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी प्रहरीको खोजीमा छन्।

बिचौलियासँग पैसा लिएको तथा गृहमन्त्री हुँदा चरणबद्ध रूपमा विभिन्न नीतिगत निर्णय गरेर ठगीमा सघाएको स्थापित भएपछि खाणलाई पक्राउ गरिएको प्रहरीले

» पृष्ठ ११ मा क्रमशः

■ गृहमै किर्ते गरिएको थियो कार्यदलको गोप्य प्रतिवेदन



म्याद थपका लागि काठमाडौं जिल्ला अदालतमा लगिँदै पूर्वगृहमन्त्री खाण। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

काठमाडौं/ कांग्रेस नेता बालकृष्ण खाण गृह मन्त्रालयको नेतृत्वमा हुँदा भुटानी शरणार्थीसम्बन्धी कार्यदलको प्रतिवेदन नै किर्ते गरिएको प्रहरी अनुसन्धानबाट खुलेको छ। बिचौलिया गिरोहको योजनाअनुसार सक्कली प्रतिवेदनमा किर्ते गरेर ठगीमा सघाइएको प्रहरी निष्कर्ष छ। अनुसन्धानको क्रममा प्रहरीले ०७६ मा पूर्वसहसचिव बालकृष्ण पन्थीको अध्यक्षतामा बनेको कार्यदलको प्रतिवेदन गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय दुवैबाट मगाएको थियो। त्यसक्रममा गृहको प्रतिवेदनमा विभिन्न ठाउँमा थपघट गरी बिचौलियाले पैसा उठाएका व्यक्तिको समेत नाम थपिएको पाइएको छ। कार्यदलका संयोजक पन्थीले पनि आफ्नो प्रतिवेदन किर्ते गरिएको बयान दिएका थिए। त्यसपछि मात्रै खाणलाई पक्राउ गर्न प्रहरीले आँट गरेको हो। उनीविरुद्ध प्रहरीले अन्य प्रमाणहरू पनि जुटाइसकेको थियो। यद्यपि, ती पक्राउ गर्न पर्याप्त थिएनन्। गोप्य सरकारी प्रतिवेदन गृह मन्त्रालयमा कसले किर्ते गऱ्यो भन्ने प्रस्ट भइसकेको छैन। त्यसैले गृहका तत्कालीन कर्मचारीमाथि पनि प्रहरीले अनुसन्धान अघि बढाएको छ। 'भाषा र सिलसिला हेर्दा सामान्य मान्छेले होइन। विज्ञले नै भाषा र अनुसूची हेरफेर गरेको देखिन्छ,' जिल्ला प्रहरी परिसर, काठमाडौं स्रोत भन्छ, 'यसमा गृहका अन्य अधिकारी छानबिनमा छन्।'



मन्त्रीका लागि पैसा लिएको सचिव पाण्डेको ततिम्बा बयान

प्रहरी हिरासतमै रहेका गृह मन्त्रालयका तत्कालीन सचिव टेकनारायण पाण्डेले बिचौलियाहरूसँग खाणको आर्थिक लेनदेन भएको स्वीकार गरेका छन्। सुरुमा इन्कारी बयान दिएका उनले ततिम्बा बयानमा भने आर्थिक लेनदेन भएको, तर त्यो आफ्ना लागि नभई तत्कालीन मन्त्री खाणलगायतका लागि भएको दाबी गरेका छन्।

अहिलेसम्मको अनुसन्धानमा मन्त्री खाणले एक करोड २४ लाख ५० हजार लिएको खुलेको छ। पक्राउ परेका बिचौलिया सानु भण्डारीले बयानमा सो कुरा बताएकोमा सचिव पाण्डेले पनि त्यसलाई पुष्टि हुने गरी बयान दिएका छन्।

पक्राउ पर्ने भएपछि सचिव पाण्डेले आफ्नो मोबाइल फर्म्याट गराएका थिए। जुन मोबाइलका डेटा रिकभर गरेपछि थप प्रमाण खुलेका हुन्। उनको बिचौलिया तथा मन्त्री खाणसँग भएको बयानमा आर्थिक लेनदेनका कुरा भेटिएपछि प्रहरीले ततिम्बा बयान गराएको थियो। अनुसन्धानका विषयमा नयाँ कुरा खुलेपछि प्रहरीले एकपटक ततिम्बा बयान गर्न पाउँछ। जुन बयानमा उनले लेनदेनका कुरा स्वीकार गरी मन्त्री खाणकै निर्देशनअनुसार आफूले ती काम गरेको बताएका छन्। जसले खाणविरुद्ध पनि प्रमाण बलियो भएको छ। यिनै प्रमाण रहेको थाहा पाएपछि खाणलाई पक्राउ गर्न कांग्रेस सभापति शेरबहादुर देउवाले पनि असहमति नजनाएको स्रोत बताउँछ।

■ राष्ट्रसंघले गऱ्यो शरणार्थी प्रकरणमा छानबिनको स्वागत

■ अडियो सार्वजनिक पछि आरजुले दिइन् साइबर ब्युरोमा उजुरी

■ फरार टोपबहादुरलाई चौतर्फी दबाबपछि एमालेले गऱ्यो निलम्बन

■ रास्वपा सभापतिको खबरदारी- छानबिनको सिलसिला नरोकियोस्

■ कांग्रेस युवा नेताहरूले गृहमन्त्रीलाई भने, 'अघि बढ्नुस्, हाम्रो साथ रहन्छ'

■ 'हाई प्रोफाइल'को पर्दा उतार्दै अभियुक्तका मोबाइल

काठमाडौं/ नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न गिरोहमध्येका ३४ वर्षीय सन्देश शर्माले बोकेको मोबाइलमा सुरुमा प्रहरीको खासै ध्यान गएन। प्रहरीले विनामुचुल्का मोबाइल अभियुक्तलाई नै जिम्मा लगायो। तर, पछि सोही मोबाइल पूर्वगृहमन्त्री बालकृष्ण खाणसम्म तानिने कडी बन्यो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले गत २९ चैतमा डाडका ३४ वर्षीय शर्मालाई पक्राउ गरेपछि माथिल्लो तहसम्मै तरंग फैलिएको थियो। विशेष गरी गृह मन्त्रालयका पूर्वसचिव टेकनारायण पाण्डे र पूर्वगृहमन्त्री खाणलाई घटनाले तरंगित तुल्यायो। उनीहरू घटना सामसुम पार्न प्रहरीलाई प्रभावित गर्न उत्रिए। अनुसन्धान कार्यालयले पनि पक्राउ परेका शर्माको शरीर खनतलासी गरेन। ठगीको सामान्य मिसिल बनाएर शर्मालाई जिल्ला प्रहरी परिसर काठमाडौं पठायो।

● **दानबहादुर कार्की**
एसएसपी, काठमाडौं प्रहरी परिसर



प्रहरीसँगको बयानमा टेकनारायण पाण्डेले खाणको नाम लिए। त्यसपछि हामीले उनको मोबाइल डेटा विश्लेषण गर्‍यौं। दुईजनाबीच लेनदेनको कुराकानी भएको देखियो। पुष्टि भएपछि खाणलाई पक्राउ गरिएको हो।

शर्मा पक्राउ परेको दिन परिसरकै हिरासत कक्षमा बसे। भोलिपल्ट म्याद थपका लागि उनलाई जिल्ला अदालत काठमाडौं लगियो। यही क्रममा प्रहरीले शर्माको खल्तीमा मोबाइल फेला पाऱ्यो। हिरासतमा रहेका व्यक्तिको खल्तीमा मोबाइल भेटिएको घटनाले प्रहरी परिसर काठमाडौंमा खैलाबैला मच्चियो। घटना रिपोर्टिङ हुँदै काठमाडौं उपत्यका प्रहरी कार्यालय प्रमुख एआइजी श्याम ज्ञवालीसम्म पुग्यो।

कागजात मिलाएर प्रहरीले बल्ल मोबाइलको बरामदी मुचुल्का उठायो। फोनको 'डेटा रिकभर' गऱ्यो। अन्ततः सोही डेटा अनुसन्धानको बलियो प्रमाण बन्यो। अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले बरामद केही मोबाइल डिभाइस अभियुक्तसम्म पुग्ने माध्यम बनेको स्वीकार गरे। उनले भने, 'अभियुक्तसँग मोबाइल बरामद भएको थियो। केहीको डेटा फर्म्याट गरिएका थिए। डेटा रिकभर गर्‍यौं। त्योसँगै घटनामा संलग्नको केही नयाँ तथ्य खुल्दै गए। मोबाइल डिभाइसले अनुसन्धानमा केही मात्रामा सहयोग पुऱ्याउनु नौलो होइन।'

प्रहरीका अनुसार शर्माको मोबाइल डेटामा पूर्वगृहसचिव पाण्डेसँग मेसेज आदानप्रदान भएको देखिन्छ। नेता खाणसँग पनि उनको कुराकानी भएको

» पृष्ठ ११ मा क्रमशः

■ भ्रष्टाचारी नछाड्न नागरिक खबरदारी



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी ठगीमा संलग्नलाई ढाकछोप नगर्न बृहत् नागरिक आन्दोलन खबरदारीमा उत्रिएको छ। नागरिक अगुवाले बुधबार काठमाडौंको भद्रकालीमा प्रदर्शन गरेका हुन्। प्रदर्शनमा सहभागीले जघन्य अपराधमा संलग्नहरूमाथि कानुनी कारबाहीका लागि दबाब दिन विभिन्न प्लेकार्ड प्रदर्शन गरेका थिए। अमेरिका पठाइदिने भन्दै सर्यौं नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने र मानव तस्करी गर्ने गिरोहको रूपमा अर्बौं रुपैयाँ असुलीमा संलग्न पूर्वमन्त्री, सांसद, नेता र तिनका परिवारका सदस्य तथा कर्मचारीलाई संरक्षण गर्न दलका नेतृत्व नै लागेको भन्दै नागरिक आन्दोलनले आपत्ति जनाएको छ। नागरिक अगुवाहरूले ठगीमा संलग्नहरूलाई कानुनी कारबाहीमा ल्याउन सरकारले गरेको प्रयासलाई हिम्मतिलो काम भन्दै आभार व्यक्त गरेका छन्। सरकारले कारबाहीमा हातखुट्टा कमाए खबरदारी गर्ने चेतावनी पनि दिएका छन्।

खाण र रायमाझीको राजनीतिक भविष्यमा ग्रहण



भुटानी शरणार्थीको नाममा भएको ठगी धन्दामा संलग्न देखिएपछि कांग्रेस नेता खाण र एमाले सचिव रायमाझीलाई फेरि राजनीतिमा स्थापित हुन नैतिक संकट
(पृष्ठ ३)

नौ महिनामा भित्रियो नौ खर्ब रेमिट्यान्स



रेमिट्यान्स उच्चदरमा बढ्दा अर्थतन्त्रमा भरथेग, बाह्य क्षेत्र निरन्तर सन्तुलनमा
(पृष्ठ ९)



वनको डढेलो घरमा सल्कियो, निभाउन लाग्दा चारको ज्यान गयो



अर्घाखाँचीमा **नवीन केसी**

अर्घाखाँचीको भूमिकास्थान नगरपालिका- २ ढाकावाङ गाउँमा वनको डढेलो घरमा सल्किँदा चारजनाको ज्यान गएको छ। तिरतिरे खोला किनारको जंगलमा मंगलबार लागेको डढेलो खरबारी हुँदै पदम बेल्वासेको घरमा सल्किएको थियो। घरमा सल्किएको आगो निभाउने क्रममा गम्भीर घाइते भएका पाँचमध्ये चारजनाको उपचारका क्रममा बुधबार ज्यान गएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख मुकुन्द रिजालले जानकारी दिए।

उनका अनुसार आगलागीमा घरधनी ५५ वर्षीय पदम बेल्वासे, ७२ वर्षीय पीताम्बर बेल्वासे, ३६ वर्षीय माधव बेल्वासे र ५२ वर्षीय घनश्याम बेल्वासेको ज्यान गएको हो। पाल्पामा पनि उपचार हुन

» पृष्ठ ११ मा क्रमशः

दैलेखमा पनि दुई परिवारका नौ घाइते

दैलेखमा **विष्णु घिमिरे**

दैलेखको आठबिस नगरपालिका- ६ माल्या जंगलको डढेलो निभाउने क्रममा आगोको लप्काले दुई परिवारका नौजना घाइते भएका छन्। एउटा परिवारका कमिना विक, जुना विक, प्रकाश विक, नैना विक र जौकला विक तथा अर्को परिवारका भौरे विक, प्रज विक, नवीन विक र मौती विक घाइते भएका हुन्।

सबै घाइतेलाई बुधबार उपचारका लागि हेलिकोप्टरमार्फत नेपालगन्ज पुऱ्याइएको छ। सुरुमा कोहलपुर मेडिकल कलेज लगिए पनि उपचार सम्भव नभएपछि नेपालगन्जमा रहेको भेरी अस्पताल लगेर उपचार भइरहेको आफन्तजनले जनाएका छन्। घटनामा घाइते भएकाहरू प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गोरेटो बाटो बनाउन पुगेका थिए। तर, नजिकै जंगलमा डढेलो लागेपछि निभाउन पुगेका थिए। स्थानीय डिल्ली खनालका अनुसार बाटो खनिरहेको क्षेत्रभन्दा तलतिरबाट डढेलो दन्किँदै आएको थियो।

'सँगै हावाहुरी चलेको थियो, सुकेका सालका पातमा आगोको लप्का एकैपटक आएपछि शरीरमा सल्किएछ,' उद्धारमा खटिएका खनालले भने, 'केहीबेर आगो निभाउने प्रयास गरे पनि नसकेपछि ओडारभित्र पसेछन्।' नौजना डढेलोमा परेको खबर पाएपछि राकमस्थित प्रहरी र स्थानीय बासिन्दा उद्धारमा खटिएका थिए।

घाइतेलाई सुरुमा बोकेर कर्णाली राजमार्गसम्म ल्याइएको थियो। त्यसपछि प्रहरीको भ्यान, हाइस र अटोमा राखेर राकमस्थित कर्णाली अस्पताल ल्याइए पनि उपचार हुन नसकेपछि नेपाली सेनाको हेलिकोप्टरमार्फत नेपालगन्ज लगिएको प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले जानकारी दिए। बुधबार मात्रै आठबिसका तीनवटा सामुदायिक वनमा डढेलो लागेको छ।

बजेटसम्बन्धी सल्लाह सुझाव अनलाइनबाट

काठमाडौं/ काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा र बजेट नागरिकका चाहनामा आधारित बनाउने घोषणा गरेको छ। यसका लागि अनलाइनमार्फत सल्लाह सुझाव दिन महानगरले आग्रह गरेको छ। सल्लाह सुझाव संकलनका लागि महानगरले अनलाई संयन्त्र निर्माणसमेत गरेको छ।

सर्वसाधारणले अनलाइनमार्फत महानगरको विकास, सुविधा वितरण, सेवा प्रवाह तथा समृद्धिका लागि कस्ता नीति, कार्यक्रम, बजेटलगायत विषयमा सुझाव दिन सकिने महानगरले जनाएको छ। बजेट शीर्षकले समेटून नसके अन्य शीर्षकमा गएर पनि सुझाव दिन सकिनेछ। नागरिकका परिकल्पना र समस्या समाधानका न्यूनतम उपाय र योजनाको विवरण ९ जेठभित्र पठाइसक्नु पर्नेछ।

सर्वसाधारणले मेयरडटसेक्टएडदरेट काठमाडौंडटजिओभीडटएनपीमा मा वा नगर कार्यपालिकाको कार्यालयमा पुगेर सुझाव दिन सक्नेछन्। यस्तै, महानगरसँग पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, कार्यालय सञ्चालन तथा प्रशासन सञ्चालन र सुशासन तथा अन्तरसम्बन्धित सुझाव इसजेसनडटकाठमाडौंडटजिओभीडटएनपीमा पनि दिन सक्नेछन्। वेब पेजमा राखिएका २३ वटा शीर्षकमा कतिवटा सुझाव प्राप्त भए भन्ने विवरण पृष्ठमै हेर्न सकिन्छ।

काठमाडौं भ्यु टावरको पार्किङ खुल्यो

चारपांग्रे साना सवारीसाधन र मोटरसाइकलले मात्रै प्रवेश पाउने

शान्ति तामाङ/नयाँ पत्रिका

पुरानो बसपार्कस्थित निर्माणाधीन भ्यु टावरको अन्डरग्राउन्ड पार्किङ सर्वसाधारणका लागि खुला भएको छ। काठमाडौं महानगरपालिकाले गत शुक्रबारदेखि भ्यु टावरको अन्डरग्राउन्ड पार्किङ खुला गरेको हो। योसँगै महानगरको सहरी क्षेत्रमा देखिएको पार्किङ समस्या कम हुने अनुमान छ।

महानगरपालिकाअन्तर्गत सार्वजनिक-निजी साझेदारी (पिपिपी) प्रमुख महेश काफ्लेका अनुसार सुरुवातमा यहाँ तीन सयवटा चारपांग्रे र एक हजारवटा दुईपांग्रे सवारीसाधन पार्क गर्न मिल्नेछ। '२२ वैशाखदेखि नै भ्यु टावरको पार्किङ खुला गरिसकेका छौं,' प्रमुख काफ्लेले भने।

महानगरले बागबजार, दरबारमार्ग, कालीमाटी, कलंकी, कुलेश्वर, चाबहिल, बौद्ध, माछापोखरीलगायत ठाउँको पार्किङ हटाएसँगै निर्माणाधीन भ्यु टावरको पार्किङ खोल्ने निर्णय गरेको थियो। पार्किङको माग गर्दै बागबजार क्षेत्रका व्यवसायी पटक-पटक आन्दोलित पनि भएका थिए। विरोधस्वरूप अझै पनि बागबजार क्षेत्रका व्यापारीले ब्यानर झुन्ड्याएका छन्। दरबारमार्ग क्षेत्रका व्यवसायीले पनि विरोधस्वरूप ब्यानर झुन्ड्याएका छन्। 'हामीले विभिन्न ठाउँका पार्किङ हटाइसकेका छौं। हटाउने क्रममा पनि छौं,' पिपिपी प्रमुख काफ्लेले भने, 'पार्किङ हटाउँदै गएपछि 'कोर एरिया'को व्यापार नचल्ने अवस्थामा छ। ती ठाउँ चलायमान बनाउने गरी पार्किङस्थलको व्यवस्था गर्न माग आउन थालेको छ। त्यसैले भ्यु टावरको पार्किङ खुला गरेका हौं।' निर्माणाधीन भ्यु टावरको पार्किङ भने शुल्कसहितको हुनेछ। निःशुल्क गर्न सम्भव नभएकाले न्यूनतम शुल्क लिने निर्णय भएको काफ्लेले बताए।



उद्देश्य एउटा, काम अर्कै

२५ कात्तिक ०७२ मा तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुनले काठमाडौं भ्यु टावरको शिलान्यास गरेका थिए। त्यसको अर्को वर्ष वैशाखमै भ्यु टावरको अन्टरग्राउन्ड पार्किङ निर्माण सम्पन्न गर्ने भन्दै पुरानो बसपार्कलाई ६ महिनाका लागि भन्दै खुलामञ्चमा सारियो। तर, भ्यु टावर निर्माणले गति लिन नसक्दा ६ वर्षपछि वैशाख ०७८ मा खुलामञ्चबाट बसपार्क हटाइयो। बसपार्क हटाइएसँगै पुरानो बसपार्कमा पार्क हुँदै आएका यात्रुवाहक बस अचेल तीनकुनेअगाडिको मनोहरा खोला, न्युरोडको एनएसी भवनअगाडि, खुलामञ्चअगाडिको सडकमा पार्क हुने गरेका छन्। लामा तथा छोटा दूरीका बस सडकमै रोकिँदा ट्राफिक व्यवस्थापनमा असहज भएको छ। तर, भ्यु टावरमा बनाएको अन्डरग्राउड पार्किङ प्रयोग भने साना तथा दुईपांग्रे निजी सवारीसाधनले मात्र पाउने भएका छन्। भ्यु टावरको पार्किङ खुलाए पनि बसपार्कका रूपमा भने कहिलेदेखि खुल्ने टुंगो नलागेको महानगरले जनाएको छ।



● **महेश काफ्ले**, प्रमुख, सार्वजनिक-निजी साझेदारी (पिपिपी)

२२ वैशाखदेखि नै भ्यु टावरको पार्किङ खुला गरिसकेका छौं। अहिले यहाँ तीन सयवटा चारपांग्रे र एक हजारवटा दुईपांग्रे सवारीसाधन पार्क गर्न मिल्छ। निःशुल्क गर्न सम्भव नभएकाले न्यूनतम शुल्क लिने निर्णय भएको छ।

■ दुई तला पार्किङका रूपमा प्रयोग हुने

महानगरपालिकाका अनुसार टावरको दुई तला भूमिगत पार्किङको रूपमा प्रयोग हुनेछ। जसमा तीन सय सवारी अटाउनेछन्। भुइँतलामा मोटरसाइकल पार्किङ रहनेछ भने पहिलो तलामा बसपार्कको काउन्टर हुनेछ। दोस्रो तलामा सूचना डेस्क र तेस्रो तलामा अत्याधुनिक सिनेमा हल रहनेछ। टावरमा बैंक तथा वित्तीय संस्था, स्वास्थ्य सेवा प्रवाह गर्ने स्थान, रेस्टुरेन्ट तथा पुस्तकालय हुनेछन्। टावर भूकम्प प्रतिरोधात्मक जापानी प्रविधिमा निर्माण भइरहेको छ।

महानगरपालिकाका अनुसार यो पार्किङले रत्नपार्क र न्युरोडआसपास पार्किङ भइरहेका सम्पूर्ण सवारीसाधनलाई धान्नेछ। भ्यु टावर निर्माणमा हाल २४सै घन्टा काम भइरहेको छ। निर्माणाधीन नै भए पनि उक्त क्षेत्रमा पार्किङका लागि कुनै समस्या नभएको काफ्लेले बताएका छन्। महानगरका अनुसार पुल्चोक इन्जिनियरिङ क्याम्पसको टोलीले टावरको प्राविधिक पक्ष अध्ययन गरिरहेको छ। कसरी काम भइरहेको छ ? गुणस्तर कस्तो छ ? कति तला बनाउने, के-के थपघट गर्ने, कसरी अगाडि बढ्नेलगायत विषयमा प्राविधिक टोलीले दिएको प्रतिवेदनअनुसार अगाडि बढ्ने काफ्लेले बताए।

गोदावरी ३ मा पुनः मतगणना नहुने

ललितपुर/ गत वर्ष वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा ललितपुरको गोदावरी नगरपालिका ३ मा मतगणना गर्दा धाँधली भएको भन्दै उम्मेदवार श्रीराम आचार्यले दर्ता गरेको रिट खारेज भएको छ। उच्च अदालत पाटनले निर्वाचनसम्बन्धी पुनः मतगणनाको मुद्दा विनाआधार, विनाप्रमाण दर्ता भएको र पुष्टि हुन नसक्ने भन्दै बुधबार रिट खारेज गरेको हो।

उक्त क्षेत्रमा एमालेबाट श्रीराम आचार्य र गठबन्धनबाट माओवादी केन्द्रका राज घिमिरे उम्मेदवार थिए। घिमिरे निर्वाचित भएलगत्तै आचार्यले मतगणनामा धाँधली भएको भन्दै अदालत पुगेका थिए। घिमिरे १०५९ मत प्राप्त गरी निर्वाचित भएका थिए। उनका निकटतम प्रतिद्वन्द्वी एमालेका श्रीराम आचार्यले १०४९ मत प्राप्त गरेका थिए।

लाइसेन्स नवीकरण गर्ने मिति १० वर्ष पुऱ्याइँदै, शुल्क पनि बढ्ने

काठमाडौं/ सरकारले सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को नवीकरण मिति १० वर्षमा पुऱ्याउने तयारी गरेको छ। यातायात व्यवस्था विभागले हाल पाँच-पाँच वर्षमा नवीकरण गर्नुपर्ने झन्झटिलो अवस्थालाई १० वर्षमा लैजाने गरी गृहकार्य थालेको हो।

पाँच-पाँच वर्षमा नवीकरण गर्दा यातायात कार्यालयमा भिड बढेको, विदेश गएकाहरूको लाइसेन्स खारेज हुने अवस्था भएको, सेवाग्राहीलाई पनि झन्झट भएको र कार्ड छपाइमा समेत ढिलो हुने देखिएपछि सरकारले १० वर्ष पुऱ्याउन लागेको हो। विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले १० वर्ष पुऱ्याउने तयारी भइरहेको स्वीकार गरे। नवीकरण अवधि १० वर्ष पुऱ्याउनुपर्ने प्रस्ताव भौतिक मन्त्रालयले मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमा पेस गरिसकेको छ। 'त्यहाँबाट पत्र आएपछि यसलाई कार्यान्वयनतर्फ लैजान्छौं,' उनले भने, 'यसो गर्दा यातायात कार्यालयलाई कार्ड छाप्न भार कम पर्छ, सेवाग्राहीलाई पनि सहज नै हुन्छ।' पाँच-पाँच वर्षमा नवीकरण गर्दा राजस्वमा सरकारलाई फाइदा पुग्छ। अब १० वर्षमा पुऱ्याइने भएपछि नवीकरण शुल्क पनि बढाउने तयारी भएको विभागले जनाएको छ। यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले लाइसेन्स नवीकरण अब हरेक १० वर्षमा गरे पुग्ने व्यवस्था लागू गर्ने प्रतिबद्धता गरिसकेका छन्। हाल यातायात कार्यालयले पाँच-पाँच वर्षमा नवीकरण गर्दा मोटरसाइकलको १५ सय, चारपांग्रेको तीन हजार र हेभी सवारीको ४५ सय शुल्क लिने गर्छन्। अब नवीकरण अवधि १० वर्षमा लगिसकेपछि यसको शुल्क २० प्रतिशतले बढाउने तयारी पनि विभागले गरेको छ।

'१० वर्षमा नवीकरण गर्नु राम्रो होइन'

विभागले नवीकरण अवधी १० वर्षमा पुऱ्याउने तयारी गरे पनि यो उचित नहुने कतिपयले बताएका छन्। 'चालकको भौतिक रूपमा स्वास्थ्य चेकचाज गर्नुपर्छ। त्यसका लागि यो नवीकरण अवधि बढाउनु राम्रो होइन,' यातायात कार्यालय कुमारीगालका प्रमुख विष्णुप्रसाद भट्टराईले भने, 'अरू जे-जे भए पनि मानिसको स्वास्थ्य परीक्षण हरेक वर्ष हुनुपर्छ, किनभने स्वस्थ मानिसले मात्रै सवारीसाधन राम्ररी चलाउन सक्छ।'

नबिल बैंक लिमिटेड, दमक शाखा, झापा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०१/२८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१. **ऋणीको नाम र ठेगानाको विवरण**

विर बहादुर थापाको नाति सर्द बहादुर थापाको छोरा भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ०६ बस्ने नागरिकता नं. २९/१३०४०, (जारी मितिः २०५३/०८/०२, स्थान भक्तपुर) भएको **श्री गोपाल थापा।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

पासाङ्ग शेर्पाको छोरी सर्द बहादुर थापाको बुहारी, गोपाल थापाकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, गोल्चे गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ०६ बस्ने नागरिकता नं. २४१०३७/४१२, (जारी मितिः २०६३/११/०८, स्थान सिन्धुपाल्चोक) भएकी **श्रीमती साङ्गे शेर्पा।**

धितोको विवरणः

धितोमा रहेको घर जग्गाको विवरणः

भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. ०६ बस्न **श्री गोपाल थापा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स., वडा नं. ४ मा अवस्थित कि.नं. ३८७ क्षेत्रफल ४६६९.१३ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **ऋणीको नाम र ठेगानाको विवरण**

लाल बहादुर श्रेष्ठको नाति, कालीदास श्रेष्ठको छोरा झापा जिल्ला, महारानी झोडा गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. २५५८, (जारी मितिः २०५२/१२/०७, स्थान झापा) भएका **श्री ज्योती कुमार श्रेष्ठ।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

विरेन्द्र कुमार श्रेष्ठको छोरी, कालीदास श्रेष्ठको बुहारी, ज्योती कुमार श्रेष्ठको श्रीमती झापा जिल्ला, महारानी झोडा गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने नागरिकता नं. ०४२०४६/११५५, (जारी मितिः २०६८/०७/२२, स्थान झापा) भएकी **श्रीमती रश्मी श्रेष्ठ।**

धितोको विवरणः

धितोमा रहेको घर जग्गाको विवरणः

झापा जिल्ला, महारानी झोडा गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने **श्री ज्योती कुमार श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा, वडा नं. ५ सिट नं ५क मा अवस्थित कि.नं. १२०७२ र १२०४२ क्षेत्रफल ०-०-१.५-० र ०-०-७-० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणीको नाम र ठेगानाको विवरण**

हरि ढकालको नाति रेवती राज ढकालको छोरा मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ बस्ने नागरिकता नं. १९३-२०७१४, (जारी मितिः २०४८/०४/३०, स्थान झापा) भएको **श्री मोहन ढकाल।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

कमल नारायण मल्लिकको छोरी रेवती राज ढकालको बुहारी, मोहन ढकालकी श्रीमती मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ बस्ने नागरिकता नं. ४०९/२२३१, (जारी मितिः २०५७/०९/१०, स्थान झापा) भएकी **श्रीमती एकता मल्लिक।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ बस्ने **श्रीमती एकता मल्लिक**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला लेटाङ गा.वि.स. वडा नं. ७ सिट नं ७ख मा अवस्थित कि.नं. १०३६ क्षेत्रफल ०-१७-९-२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. **ऋणी फर्म, ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा, मिति २०७४/१२/०७ मा प्रा.फ.र.नं ७७४/१०७८३/१२/७, अन्तर्गत दर्ता भएको **श्री स्वर्ण लक्ष्मी ज्वेलरी।**

ठेगानाः झापा जिल्ला दमक न.पा वडा नं. ११, पशुपती मार्ग, झापा ।

ऋणी फर्म प्रोप्राइटरको नाम र ठेगानाको विवरण

हर्कमान विश्वकर्माको नाती, रत्न मान विश्वकर्माको छोरा भोजपुर जिल्ला सानोदम्मा गा.वि.स. वडा नं ८ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न २५९/५४७/१९७५ (जारी मितिः २०४०/०७/११ नागरीकता प्रदान गर्ने कार्यालय जि.प्र.का. भोजपुर) भएका **श्री शुक्रराज वि.क. (लामिछाने)।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

रत्न मान विश्वकर्माको नाती, श्री शुक्रराज वि.क. (लामिछाने)को छोरा भोजपुर जिल्ला सानोदम्मा गा.वि.स. वडा नं ८ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न ९३३८ (जारी मितिः २०६२/०७/०६ नागरीकता प्रदान गर्ने कार्यालय जि.प्र.का. भोजपुर) भएका **श्री तिर्थराज लामिछाने।**

धितोको विवरणः

भोजपुर जिल्ला सानोदम्मा गा.वि.स. वडा नं ८ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०१ बस्ने, **श्री शुक्रराज वि. क. (लामिछाने)**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा, वडा नं. १ मा अवस्थित कि.नं. १८८८२ क्षेत्रफल ०-०-८½ विघाहा जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

५. **ऋणी फर्म, ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

नर बहादुर श्रेष्ठको बुहारी तुलसी नारायण श्रेष्ठको श्रीमती धनकुटा जिल्ला, ६ नं बुधबार गाउँ पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल धनकुटा जिल्ला, ६ नं बुधबारे गा.वि.स. वडा नं. ४ बस्ने नागरिकता नं. ५४, (जारी मितिः २०४५/०१/११, स्थान धनकुटा) भएकी **श्रीमती गौरी कुमारी श्रेष्ठ** र नर बहादुर श्रेष्ठको नातीनी तुलसी नारायण श्रेष्ठको छोरी धनकुटा जिल्ला, ६ नं बुधबारे गा.वि.स. वडा नं. ४ बस्ने नागरिकता नं. ९१९/२१४, (जारी मितिः २०५५/०४/०३, स्थान धनकुटा) भएकी **श्री यज्ञ कुमारी श्रेष्ठ**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. पञ्च नारायण श्रेष्ठको नाति नर बहादुर श्रेष्ठको छोरा धनकुटा जिल्ला, ६ नं बुधबार गाउँ पञ्चायत वडा नं. ४ स्थायी घर भई हाल धनकुटा जिल्ला, चौबिसे गा.पा. वडा नं. ०१ बस्ने नागरिकता नं. १५७०, (जारी मितिः २०३२/०२/१४, स्थान धनकुटा) भएको **श्री तुलसी नारायण श्रेष्ठ।**

२. नर बहादुर श्रेष्ठको नाति तुलसी नारायण श्रेष्ठको छोरा धनकुटा जिल्ला, ६ नं बुधबारे गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०६ बस्ने नागरिकता नं. १०८०, (जारी मितिः २०५६/०४/१६, स्थान धनकुटा) भएको **श्री सन्तोष कुमार श्रेष्ठ।**

३. धनेन्द्र श्रेष्ठका छोरी तुलसी नारायण श्रेष्ठको बुहारी सन्तोष कुमार श्रेष्ठको श्रीमती धनकुटा जिल्ला, ६ नं बुधबारे गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ०६ बस्ने नागरिकता नं. ०७३००१/१९३, (जारी मितिः २०६३/१०/०९, स्थान धनकुटा) भएकी **श्रीमती सुमित्रा श्रेष्ठ।**

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

१. **श्रीमती गौरी कुमारी श्रेष्ठ** र **श्री यज्ञ कुमारी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स, वडा नं. ५ड मा अवस्थित कि.नं. ४० क्षेत्रफल ०-०-८ विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **श्रीमती गौरी कुमारी श्रेष्ठ** र **श्री यज्ञ कुमारी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स, वडा नं. ५ड मा अवस्थित कि.नं. ५५० क्षेत्रफल ०-०-२ विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

ग्लोबल आइएमई बैंक लिमिटेडको

आन्तरिक सजावट (निर्माण) कार्यबारे शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०८०/०१/२८

यस बैंकको उल्लेखित शाखा कार्यालयको आन्तरिक सजावट (निर्माण) कार्यका लागि नेपाल सरकारमा दर्ता रहेको फर्म वा कम्पनीबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

क्र.सं.	शाखा
१	केन्द्रिय कार्यालय, कमलादी, काठमाण्डौ

शर्तहरुः

१) बोलपत्र फाराम प्रति शाखा/कार्यालयका लागि रु. ३,०००/- (रुपैंया तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरी यस बैंकको कुनै पनि शाखामा OTHER INCOME MISC A/C NO 003700524005 शीर्षकमा जम्मा गरेको भौचर पेश गरी मिति २०८० जेठ ३ गते ११:०० बजे सम्म यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएको बोलपत्र मिति २०८० जेठ ३ गते ५:०० बजे भित्र यस बैंकको कमलादी स्थित कार्यालयको सामान्य सेवा विभागमा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नुपर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा Technical Proposal/ Financial Proposal छुट्टा छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट रुपमा लेखी दाखिला गर्नुपर्नेछ। साथै खाममा Technical Proposal / Financial Proposal प्रष्ट लेख्नु पर्नेछ।

३) प्राप्त भएका शिलबन्दी बोलपत्रहरु मिति २०८० जेठ ४ गते बिहान ११:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस बैंकको कमलादी कार्यालयमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) शिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५) बोलपत्र फाराम भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहि छाप हुनुपर्नेछ।

६) बोलपत्र फारमका साथ आफुले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखाबाट EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 002610524002 शीर्षकमा जम्मा गरेको भौचर वा सो बराबरको बैंक ग्यारेन्टी (विड बण्ड) पेश गर्नुपर्नेछ। सो बैंक ग्यारेन्टी (विड बण्ड) को म्याद न्यूनतम अवधि बोलपत्र पेश गर्ने अन्तिम मितीबाट ९० दिनको हुनुपर्नेछ।


७) बोलपत्रका साथ निम्न कागजात समेत पेश गर्नुपर्नेछ,
- क) अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ख) मूल्यअभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि,
- ग) कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile),
- घ) वाणिज्य बैंकको कम्तिमा ३ वटा शाखा निर्माण गरेको कार्य अनुभवको प्रमाणपत्र। यसरी निर्माण गरेका शाखाको लागत रु. २० लाख भन्दा माथि हुनुपर्ने,
- ङ) प्रबन्धपत्र/नियमावली/साझेदारहरु बिचको कबुलियतनामाको प्रतिलिपी,
- च) कर चुक्ता प्रमाण पत्र र
- छ) विगत ३ वर्षको औसत वार्षिक कारोबार रु. १ करोड भन्दा माथि भएको प्रमाणित गर्ने कागजपत्र वा लेखापरीक्षण भएको वित्तीय विवरण।

८) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अथवा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त



काठमाडौंको बबरमहलमा रहेको सोलार प्यानल सफा गर्दै मजदुर। तस्बिर : नयाँ पत्रिका

बुधबार उपत्यकामा

रामशाहपथ : केही दिनयता कोरोना संक्रमणदर घटेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार पाँच सय पाँचजनामा गरिएको परीक्षणमा १७ जनामा मात्रै संक्रमण देखिएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले संक्रमणदर घटिरहेको बताए। 'खोपको प्रभाव देखिएको हुन सक्छ,' उनले भने, 'समुदायमा खोप लगाएमा मानिस धेरै भएकाले संक्रमण सर्न पाएन। त्यसैले संक्रमण घटिरहेको छ।' एक साताको तथ्यांक हेर्दा कोरोना संक्रमण घटेको पाइन्छ। यही २१ वैशाखमा ४३ जना, २२ वैशाखमा १७ जना, २३ वैशाखान ७६ जना, २४ वैशाखमा ३२ जना, २५ वैशाखमा ५७ जना र २६ वैशाखमा ५१ जना संक्रमित भएको तथ्यांक छ।

बलम्बु : नेपाल एपिएफ अस्पताल बलम्बुमा मिर्गौलाको डायलाइसिस सेवा सुरु भएको छ। सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले काठमाडौंको बलम्बुस्थित नेपाल एपिएफ अस्पतालमा थप गरिएको डायलाइसिस सेवाको बुधबार उद्घाटन गरेका हुन्। सोही अवसरमा महानिरीक्षक अर्यालले डायलाइसिस सेवाले अस्पतालको विस्तार र विविधीकरणमा महत्त्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। उनले नेपाल एपिएफ अस्पताललमा आइसियू तथा भेन्टिलेटरको सुविधा रहे पनि आपत्कालीन अवस्थामा बिरामीलाई डायलाइसिस सेवा दिनुपर्दा अन्य अस्पताल लैजानुपर्ने र बिरामीको स्वास्थ्यमा जोखिम उठाउनुपर्ने बाध्यतालाई निराकरण गर्न सेवा प्रभ

खाण र रायमाझीको राजनीतिक भविष्यमा ग्रहण

भुटानी शरणार्थीको नाममा भएको ठगी धन्दामा संलग्न देखिएपछि कांग्रेस नेता खाण र एमाले सचिव रायमाझीलाई फेरि राजनीतिमा स्थापित हुन नैतिक संकट

शुरोजंग पाण्डे/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणले कांग्रेस र एमालेका प्रभावशाली दुई नेता बालकृष्ण खाण र टोपबहादुर रायमाझीको राजनीतिक भविष्यमा ग्रहण लाग्ने देखिएको छ। दुवै नेता आ-आफ्नो पार्टीमा प्रभावशाली थिए। कांग्रेस सभापति शेरबहादुर देउवाका 'कोर टिम'का विश्वासिला पात्र पूर्वगृहमन्त्री खाण प्रहरी हिरासतमा छन् भने पूर्वउपप्रधानमन्त्री रायमाझी एक सातादेखि फरार छन्। फरार भएर राज्यको अनुसन्धानलाई असहयोग गर्दा पार्टीको प्रतिष्ठामा समेत आँच पुगेको निष्कर्षपछि एमालेले बुधबारै रायमाझीलाई निलम्बन गरेको छ।

खाणले मुख्य अभियुक्तकै रूपमा भ्रष्टाचार प्रकरणकै नेतृत्व गरेको बलियो प्रमाण भेटिएको प्रहरीको दाबी छ। पार्टीभित्र पकड भएका खाण करिब पाँच दशकदेखि कांग्रेस राजनीतिमा सक्रिय छन्। नेविसंघ, तरुण दलजस्ता पार्टीको 'पिल्लर' संगठनबाट राजनीतिमा जम्प गर्दै कांग्रेस सहमहामन्त्री भइसकेका खाण पछिल्लो महाधिवेशनमा महामन्त्रीका दाबेदार थिए। तर, देउवालाई सभापति जिताउने सर्तमा उनी केन्द्रीय सदस्य मात्र बन्न सहमत भएका थिए। उनी नेविसंघका पूर्वअध्यक्ष र तरुण दलका संस्थापक अध्यक्ष हुन्।


देउवाको थौरै विश्वासपात्र र हर्ताकर्ताभित्र पर्ने नेता खाणले पछिल्ला दिनमा पार्टीभित्र पकड विस्तार गरिरहेका थिए, तर गत ४ मंसिरको निर्वाचनमा भने बहालवाला गृहमन्त्री खाण रुपन्देही ३ मा राप्रपाका दिपक बोहरासँग पराजित भए। नक्कली भुटानी शरणार्थीको भ्रष्टाचार र ठगी काण्डमा मुछिएपछि उनको राजनीतिक जीवनमा ग्रहण लागेको आकलन गरिएको छ।

कांग्रेसबाट मन्त्री भएका खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, विजयकुमार गच्छदार, जेपी गुप्तालगायत थुप्रै नेता भ्रष्टाचार काण्डमा मुछिँदा राजनीतिक जीवन नै समाप्त भएको दृष्टान्त दिँदै नागरिक समाजका अगुवा श्याम श्रेष्ठ खाणले पनि उस्तै नियति भोग्नुपर्ने अवस्था आउन सक्ने बताउँछन्। 'यो काण्डसँगै उहाँको व्यक्तिगत राजनीतिक भविष्यमा त ग्रहण लाग्छ नै, राजनीतिक रूपमा फेरि सक्रिय भएर आउन सक्ने सम्भावना पनि धेरै कम छ,' श्रेष्ठले भने, 'कांग्रेसबाट मन्त्री भएका चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्कालगायत जो-जो नेताहरू यस्तै भ्रष्टाचार काण्डमा मुछिए, उनीहरूको राजनीतिक भविष्य सकियो, चकनाचुर भयो।'

यससँगै खाणको पत्राउले नेपाली राजनीतिमा हेभिवेटका नेता पनि पत्राउ पर्न सक्छन् र उनीहरूमाथि पनि सजाय हुन सक्छ भन्ने सन्देश जानु धेरै सकारात्मक भएको उनको टिप्पणी छ। त्यसो त खड्का, वाग्ले, गोविन्दराज जोशी, विजय गच्छदार, मोहम्मद अफ्ताव आलम, जेपी गुप्ता, तारणीदत्त चटौतसँगै पछिल्लोपटक कांग्रेसका पूर्वमन्त्री टेकबहादुर गुरुङ भ्रष्टाचार प्रकरणमा मुछिएका थिए। खड्काको मृत्यु भइसके पनि बाँकी नेताहरू राजनीतिबाट ओझेलमा छन्।

खाणमाथि आरोप–

- **१८ मंसिर ०७८ मा गृहमन्त्री हुँदा शरणार्थीसम्बन्धी निर्णय कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय झापा र मोरङलाई पत्राचार**
- **बिचौलिया सानु भण्डारीद्वारा खाणलाई एक करोड २४ लाख बुझाएको बयान**
- **खाणकी पत्नी मञ्जुलाई ६ करोड बुझाएको दाबी गर्दै सामाजिक सञ्जालमा अडियो सार्वजनिक**
- **कांग्रेसका पूर्वसांसद आडटावा शेर्पाले पत्राउ परेका अभियुक्तलाई भेटेर खाणको नाम नलिन भन्दै पैसा फिर्तासम्बन्धी 'डिल'**





खाणले ०४८ मा प्रत्यक्षबाट चुनाव जितेर पहिलोपटक संसद्मा डेब्यु गरेका थिए। उनी ०६४ र ०७० मा प्रत्यक्ष र ०७४ मा समानुपातिक सांसद थिए। रक्षा, सिँचाइ र गृहसहित तीनपटक मन्त्री तथा शिक्षा र युवा तथा खेलकुद राज्यमन्त्रीसहित पाँचपटक मन्त्री बनिसकेका उनीमाथि अदालतमा मुद्दा चल्यो र सफाइ पाउन सकेनन् भने अबको राजनीतिमा उनलाई माथि उठ्न कठिन देखिन्छ।

देउवा समूहका प्रभावशाली नेता खाणको पत्राउले कांग्रेसभित्रको आन्तरिक राजनीतिमा पनि ठूलै प्रभाव पार्न सक्नेछ। पार्टीमा शेखर कोइराला-गगन थापा समूहले निष्पक्ष छानबिन र कारबाहीका लागि दबाब बढाइरहेकाले पनि सभापति देउवा दबाबमा परेका छन्। बुधबार साँझ सभापति देउवानिवासमा बसेको पदाधिकारी बैठकमा खाणलाई केन्द्रीय सदस्यबाट निलम्बन गर्नुपर्ने आवाज उठेको थियो। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले ठगी काण्डमा मुछिएकाले उनलाई कारबाही गर्नुपर्ने अडान राखेका थिए। तर, सभापति देउवाले कुनै निर्णय लिन सकेनन्।

■ श्याम श्रेष्ठ
नागरिक समाजका अगुवा



यो काण्डसँगै बालकृष्ण खाणको व्यक्तिगत राजनीतिक भविष्यमा त ग्रहण लाग्छ नै, राजनीतिक रूपमा फेरि सक्रिय भएर आउन सक्ने सम्भावना पनि धेरै कम छ। कांग्रेसबाट मन्त्री भएका चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्कालगायत जो-जो नेता यस्तै भ्रष्टाचार काण्डमा मुछिए, उनीहरूको राजनीतिक भविष्य सकियो, चकनाचुर भयो। प्रमाण भए मात्र पत्राउ गर्ने प्रहरीको नीतिअनुसार एमाले सचिव टोपबहादुर रायमाझीविरुद्ध पत्राउ पुर्जी जारी भएको होला। शीर्ष नेताको दबाबमा प्रकरण सामसुम हुने सम्भावना जीवितै छ, तर जुनसुकै तहको नेता पनि गल्ती गर्दा दण्डित हुन्छ भन्ने उज्यालो पक्ष अहिलेको घटनाक्रमले देखाएको छ।

खाण पत्राउ परेसँगै देउवाको उत्तराधिकारीका रूपमा भावी सभापतिका सम्भावित दाबेदारका रूपमा हेरिएका उपसभापति पूर्णबहादुर खड्कालाई समेत धक्का लागेको छ। खाणले प्रकरणबाट जोगिन पत्राउ परेका बिचौलियालाई पार्टीकै पूर्वसांसदमार्फत पैसा फिर्ता गर्नेदेखि वक्तव्य निकालेर खण्डन गर्ने, तरुण दललाई विरोधमा उतार्नेदेखि सभापति देउवामार्फत सरकार र प्रहरी प्रशासनमाथि दबाब सिर्जना गरेका थिए।

माओवादीबाट एमाले प्रवेश गरेका रायमाझी संकटमा

साढे चार दशकदेखि विद्यार्थी राजनीतिबाट माओवादी र पछिल्लोपटक एमालेको राजनीतिमा प्रभावशाली हैसियत बनाएका टोपबहादुर रायमाझीको राजनीतिक जीवनलाई पनि यो प्रकरणले संकटमा पारेको छ। डा. बाबुराम भट्टराईले नेतृत्व गरेको तत्कालीन जनमोर्चा, माओवादी हुँदै पार्टी एकतापछि नेकपा र विभाजनपछि एमालेमै रहेका रायमाझी दर्शौं महाधिवेशनबाट सचिवमा निर्वाचित भएका थिए। रामबहादुर थापा बादलले प्रत्यक्ष चुनाव लड्ने आँट नगर्दा र सचिव लेखराज भट्ट पराजित हुँदा पूर्वमाओवादी समूहका रायमाझी सत्तागठबन्धनबाट उम्मेदवार रहेकी कांग्रेसकी डा. पुष्पा भुसाललाई दुई हजारभन्दा बढी मतान्तरले पराजित गरेर चौथोपटक विजयी भएका थिए।

तत्कालीन माओवादीभित्र पनि जनाधार बलियो भएका नेताका रूपमा परिचय बनाएका रायमाझी अनेरास्ववियु छेटौंको अध्यक्ष हुँदै पार्टीको केन्द्रीय राजनीतिमा स्थापित भएका थिए। एमालेभित्र पनि लगातार चुनाव जित्न सक्ने बलियो जनाधार भएका थोरै नेताभित्र पर्ने भएका कारण छोटो समयमै उनले अध्यक्ष ओलीको विश्वास जित्ने गरी प्रभाव जमाउँदै थिए। तत्कालीन माओवादीको केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी समिति, केन्द्रीय कार्यालय, नेकपाको स्थायी समिति, एमालेको सचिवसम्म बनेर राष्ट्रिय राजनीतिमा स्थापित रायमाझी फरार हुँदा एमालेले आफ्नो राजनीतिमा समेत धक्का महसुस गरेको छ। कार्यकर्ता र जनस्तरको दबाबपछि ढिलै भए पनि रायमाझीलाई निलम्बन गरेर प्रहरीको अनुसन्धानलाई सहयोग पुऱ्याउने एमालेको निर्णयसँगै उनी यो प्रकरणबाट अब उम्किने अवस्थामा छैनन् भन्ने स्पष्ट भएको छ। पत्राउ परेका बिचौलियासँगको उठबस, उनीहरूसँगको तस्बिर, पटक-पटकको कनेक्सनलगायत प्रमाणका रूपमा फेला परेकैले उनलाई पुर्जी काटिएको प्रहरीले दाबी गर्दै आएको छ।

रायमाझीमाथिका आरोप

- **नक्कली शरणार्थी प्रकरणमा पत्राउ परेका अभियुक्तसँग मिलेमतो गरी ठगीमा सघाएको**
- **छोरा सन्दीप रायमाझीलाई पटक-पटक गरेर बैंकमा ठूलो र कम पठाएको खुलासा**
- **राष्ट्रिय राजनीतिमा स्थापित भइसकेको र पूर्वउपप्रधानमन्त्री फरार हुँदा एमालेको साखमा धक्का पुऱ्याएको**

स्थानीय विकास, भौतिक पूर्वाधारमन्त्री र पछिल्लोपटक ऊर्जासहित उपप्रधानमन्त्री बनिसकेका रायमाझीले भ्रष्टाचार प्रकरणबाट उन्मुक्तिका लागि धेरै प्रयास गरेको रहस्योद्घाटन हुँदै आएको छ। पार्टी अध्यक्ष केपी ओलीमार्फत दबाब सिर्जना गर्नेदेखि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर रायमाझीले आफू संलग्न नरहेको दाबी गरेका थिए। तर, पत्राउ पुर्जी जारी भएपछि एमालेले व्यक्तिगत तवरबाट मुछिने पार्टीको जो-कोही नेतामाथि कारबाही हुनुपर्ने स्ट्यान्ड लिएको छ। 'हामी पार्टीको जो-कोही नेतामाथि यस्ता प्रकरणमा कारबाही हुनुपर्छ भन्ने मान्यतामा छौं,' उपमहासचिव पृथ्वीसुब्बा गुरुङले भनेका छन्, 'त्यही कारण हामीले प्रहरीको अनुसन्धानलाई सहयोग पुऱ्याउन निलम्बनको कारबाही गरेका हौं।'

नागरिक अगुवा श्रेष्ठ खाणको जस्तै रायमाझीको राजनीतिक भविष्यमाथि पनि ग्रहण लागेको बताउँछन्। रायमाझीलाई प्रमाण पुगेरै प्रहरीले पत्राउ पुर्जी जारी गरेको हुन सक्ने भए पनि शीर्ष दबाबमा छुट्न नहुने उनको मत छ। 'प्रमाण भए मात्र पत्राउ गर्ने प्रहरीको नीतिअनुसार पत्राउ पुर्जी जारी भएको होला। शीर्ष नेताको दबाबमा प्रकरण सामसुम हुने सम्भावना जीवितै छ, तर जुनसुकै तहको नेता पनि गल्ती गर्दा दण्डित हुन्छ भन्ने उज्यालो पक्ष अहिलेको घटनाक्रमले देखाएको छ,' श्रेष्ठले भने।

अर्थमन्त्रीविनै बजेट बनाउँदै कोसी सरकार

सरकार परिवर्तन गर्ने कांग्रेसको प्रयास, माओवादी निर्णयको पर्खाइमा

विराटनगरमा **गणेश लम्साल**

कोसी प्रदेशमा एमाले नेतृत्वको गठबन्धन सरकारले नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने सम्भावना बढेको छ। एमाले नेता हिक्मत कार्की नेतृत्वको सरकार ढाल्न मुख्य प्रतिपक्षी कांग्रेसले हुटहुटी देखाए पनि गठबन्धनमा आबद्ध अन्य दलले चासो नदिँदा नीति तथा कार्यक्रम र बजेट यही सरकारले प्रस्तुत गर्ने सम्भावना बलियो बनेको हो।



हिक्मत कार्की
मुख्यमन्त्री, कोसी प्रदेश

मुख्यमन्त्री कार्कीले अर्थमन्त्री पनि नियुक्त गरेका छैनन्। उनले आर्थिक मामिला तथा योजना मन्त्रालय मात्र नभएर आन्तरिक मामिला मन्त्रालय पनि आफैंले राखेका छन्। कोसीमा नौ मन्त्रालय छन्। मुख्यमन्त्री कार्कीले जेठ दोस्रो हप्तादेखि बजेट अधिवेशनको तयारी थालेका छन्। मन्त्रालयले बजेट तर्जुमा छलफल सुरु गरिसकेका छन्। अधिवेशनमा बहुमतका आधारमा बजेट छलफल गराएर नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेर १ असारसम्ममा सहज रूपमा पारित गराउने रणनीति पनि बनाइसकेको छ।

कार्की माओवादी, राप्रपा र जसपाको समर्थनमा २४ पुसमा मुख्यमन्त्री बनेका थिए। उनीलाई एमालेका ४१, माओवादीका १३, राप्रपाका चार, जनता समाजवादीका एक सांसदको समर्थन थियो। २९ सिट रहेको कांग्रेस र चार सिटको एकीकृत समाजवादी सरकारबाहिर छ।

■ प्रतिपक्षलाई छैन सुविधाजनक बहुमत

९३ सांसद रहेको कोसीमा बहुमतका लागि ४७ सांसदको समर्थन चाहिन्छ। एमाले नेतृत्वको सरकार ढालेर नयाँ सरकार बनाउन राप्रपाबाहेक अन्य दलको सुविधाजनक बहुमत पुग्दैन। माओवादीबाट सभामुख बनेका बाबुराम गौतमले राजीनामा दिए मात्र बहुमत पुग्छ। तर, त्यसो गर्दा फेरि सभामुख एमालेलाई दिनुपर्ने हुन्छ। त्यसैले माओवादी यो जोखिम उठाउन चाहँदैन। सुविधाजनक बहुमत बनाउन एमालेइतर गठबन्धनका लागि राप्रपाको साथ चाहिन्छ। राप्रपालाई साथमा लिन मुख्यमन्त्री दिनुपर्ने हुन्छ।

माओवादीले राप्रपालाई मुख्यमन्त्री दिनुभन्दा एमालेकै नेतृत्वको सरकारलाई समर्थन गर्न उचित ठानिरहेको छ। अर्कोतर्फ एमाले र माओवादी वा एमाले-कांग्रेस मिलेमा मात्र सुविधाजनक बहुमत हुन सक्छ। तर, वर्तमान केन्द्रीय राजनीतिक परिस्थितिले दुवै सम्भावना कम छ।

बजेट अधिवेशन सुरु भएपछि पनि कांग्रेसको दबाबले वा केन्द्रीय भागबन्डामा सहमति भएमा कोसी सरकार परिवर्तन हुनसक्नेछ। यसो भएमा कांग्रेसका उद्धव थापा, माओवादीका इन्द्रबहादुर आङ्बो वा एकीकृत समाजवादीका राजेन्द्रकुमार राई मुख्यमन्त्री बन्न सक्नेछन्।

कांग्रेस संसदीय दलका नेता उद्धव थापा सरकार परिवर्तनबारे केन्द्रीय नेतृत्वसँग छलफल तीव्र बनाएको बताउँछन्। काठमाडौंमा उपलब्ध प्रदेश सांसदहरूले २३ वैशाखदेखि भेला भएर निरन्तर केन्द्रीय नेतृत्वलाई दबाब दिइरहे पनि निष्कर्ष नआएको उनले बताए।

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो सरकार परिवर्तन गर्ने-नगर्ने भन्नेबारे छलफल भइरहेको बताउँछन्। 'हाम्रो छलफल चलिरहेको छ, तर निष्कर्ष आइसकेको छैन,' उनले भने।

राप्रपा संसदीय दलका नेता तथा कोसी सरकारका कृषिमन्त्री भक्ति सिटौला केन्द्रको निर्णयअनुसार चल्ने भएकाले हाललाई सरकारबारे आफूहरूको धारणा प्रस्ट नभएको बताए। एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले एमाले नेतृत्वको वर्तमान सरकार असफल भइसकेकाले माओवादी र जसपाले समर्थन फिर्ता लिनुपर्ने र त्यसबारे छलफल पनि भइरहेको बताए। पूर्वमुख्यमन्त्रीसमेत रहेका नेता राईले भने, 'मुख्यमन्त्री जो भए पनि हामी स्वीकार गर्छौं, तर पहिले माओवादी र जसपाले समर्थन फिर्ता लिनुपर्छ।'

जनता समाजवादीका केन्द्रीय परिषद् सदस्य जयराम यादवले कोसी प्रदेशको सरकार फेरबदलबारे अहिलेसम्म के गर्ने भन्नेबारे केन्द्रबाट कुनै निर्णय नआएको र प्रदेशका पार्टीहरूले पनि कुनै राय-सुझाव नमागेको बताए।

दुई मन्त्रीसहित सुदूरपश्चिम सरकारमा सहभागी हुँदै नागरिक उन्मुक्ति

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टी दुई मन्त्रीसहित सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी हुने भएको छ। काठमाडौंमा गठबन्धका शीर्ष नेताहरूलाई भेटेर फर्केका मुख्यमन्त्री कमलबहादुर शाहले सरकार विस्तार गर्ने तयारी थालेका हुन्।

सरकारमा सहभागी हुने भएपछि नागरिक उन्मुक्तिले संसदीय दलको नेता र प्रमुख सचेतक फेरेको छ। उन्मुक्तिको बुधबारको संसदीय दलको बैठकले रामेश्वर चौधरीलाई दलको नेताबाट हटाएर घनश्याम चौधरीलाई नेता बनाउने निर्णय गरेको हो।

प्रमुख सचेतकको जिम्मेवारी खुसीराम चौधरी र सचेतकको जिम्मेवारी कैलाश चौधरीलाई दिइएको छ। यसअघि लक्ष्मणकिशोर चौधरी प्रमुख सचेतक थिए। रामेश्वर र लक्ष्मणकिशोर सरकारमा सहभागी हुने भएकाले नेता र प्रमुख सचेतक फेरिएका हुन्। यसअघि दलको नेता रहेका चौधरीले आफूहरू दुईजना सरकारमा सहभागी हुने भएपछि संसदीय जिम्मेवारी अरूलाई दिइएको बताए। दुई मन्त्रीसहित आफ्नो पार्टीमा सरकारमा सहभागी हुन लागेको उनले बताए।

'सरकारमा सहभागी हुन संसदीय जिम्मेवारी अरूलाई दिने सहमति पार्टीमा भएको थियो, त्यसैअनुसार जिम्मेवारी हेरफेर गरिएको हो,' रामेश्वरले भने, 'विवाद भएर फेरबदल गरिएको होइन।' तर, दलको बैठकमा रामेश्वर भने उपस्थित थिएनन्। प्रदेश सभामा नागरिक उन्मुक्तिका सात सदस्यमध्ये पाँचजना उपस्थित थिए। नागरिक उन्मुक्तिले सरकारमा सहभागिताका लागि टीकापुर घटनामा कारागारमा रहेका सातजना रिहा हुनुपर्ने माग गर्दै आएको थियो। यसअघि आफ्नो माग पूरा नभएको भन्दै नागरिक उन्मुक्तिले मत नदिएपछि एमालेका राजेन्द्रसिंह रावल नेतृत्वको सरकार एक महिनामै ढलेको थियो। प्रदेशमा कांग्रेस नेतृत्वको सरकारलाई भने उसले विश्वासको मत दिएको थियो। नागरिक उन्मुक्ति केन्द्रमा सरकारमा सहभागी छ।

कांग्रेस संसदीय दलका नेता शाह २६ माघमा मुख्यमन्त्री नियुक्त भएका थिए। २७ माघमा शपथ लिएकै दिन कांग्रेसका प्रकाशबहादुर देउवालाई भौतिक पूर्वाधार विकास र एकीकृत समाजवादीका नरेशबहादुर शाहीलाई आर्थिक मामिलामन्त्री नियुक्त गरेका उनले माओवादी र गठनबन्धनमा आबद्ध अर्को दल नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सामेल गराउन सकेका छैनन्। मुख्यमन्त्री शाहले माओवादीलाई पनि समेटेर सरकार विस्तारको तयारी थालेका छन्। सत्तापक्षमा गठबन्धनका चार दल छन्।

रामराजाप्रसाद सिंह स्वास्थ्य प्रतिष्ठान पाँच महिनादेखि पदाधिकारीविहीन

राजविराजमा **सौरभ यादव**

रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पाँच महिनादेखि अध्यक्ष र कार्यकारी निर्देशक खाली हुँदा भौतिक संरचना निर्माणको काम अलपत्र परेको छ। प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिका अध्यक्ष डा. रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेपछि अर्को अध्यक्ष नियुक्त गरिएको छैन। प्रतिष्ठानको कार्यकारी निर्देशक डा. रञ्जितकुमार झालाई गजेन्द्रनारायण सिंह अस्पताल राजविराजबाट काजसरुवा भएर दोलखाको चरिकोट अस्पताल गएपछि चार महिनायता कार्यकारी निर्देशकको पदसमेत रिक्त छ।

अध्यक्ष र कार्यकारी निर्देशकको पद रिक्त भएपछि प्रतिष्ठान निर्माणको काम अलपत्र परेको हो। अहिले गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा रहेको पूर्वाधार तयारी विकास समितिको कार्यालयमा बोर्ड झुन्डिएको छ। संघीय सरकारको मन्त्रिपरिषद्को १६ पुस ०७५ को बैठकले राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो। राजविराज नगरपालिका- १० मा बन्ने प्रतिष्ठानलाई ३० वर्षका लागि ६२ बिघा जग्गा नगरपालिकाले उपलब्ध गराएको छ। कुल ११ अर्ब ९८ करोड रुपैयाँको लागतमा निर्माण हुने प्रतिष्ठानको काम पाँच वर्षभित्र सम्पन्न हुने बताइएको छ। तर, शिलान्यास भएको २२ महिनामा तारजाली घेराबेरा र डिपिआर निर्माण कार्यबाहेक अगाडि बढ्न सकेको छैन।

अध्यक्ष र कार्यकारी निर्देशकको पद रिक्त भएपछि पाँच महिनादेखि प्रतिष्ठानको काम अलपत्र परेको प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको लेखासम्बन्धी काम समेत हेर्दै आए रहेका कोष तथा लेखा नियन्त्रण कार्यालय राजविराजमा कार्यरत लेखापाल उमेशकुमार यादवले बताए। पाँच महिनादेखि प्रतिष्ठानमा करारमा कार्यरत कम्प्युटर अपरेटर निलुकुमारी दास, सवारीचालक किशोर चौधरी र कार्यालय सहायक गौरीशंकर यादवले तलबसमेत पाएका छैनन्।

आर्थिक वर्ष ०७८/७९ मा प्रतिष्ठानमा कुल नौ करोड ७५ लाख रुपैयाँ बजेट आएको थियो। जसमध्ये एक करोड ९४ लाख ९१ हजार ६ सय १२ रुपैयाँ मात्र खर्च भएको थियो। बाँकी बजेट फिर्ता भएको थियो। खर्च भएकोमध्ये ७२ लाख तीन हजार तीन सय ३० रुपैयाँ प्रतिष्ठानको तारजाली घेराबेराको भुक्तानी दिइएको थियो। यस्तै, वातावरणीय प्रभाव मूल्यांकनमा सात लाख नौ हजार र जोखिमसम्बन्धी अध्ययनका लागि १९ लाख ६७ हजारको भुक्तानी दिइएको थियो।

सुडानमा तीन नेपाली सुरक्षित, २८ जना बाहिरिए

काठमाडौं/ गत २ वैशाखदेखि सेना र अर्धसैनिक बलबीचको हिंसाले अशान्त सुडानबाट विभिन्न समयमा गरी २८ नेपाली बाहिरिएका छन्। तीनजना पोर्ट सुडानमा रोजगारदाता कम्पनीको संरक्षणमा छन्। सीमावर्ती साउदी अरबको जेद्दाबाट १९ जना स्वदेश फिर्ताको तयारीमा छन् भने नौजनालाई भारत सरकारले भारतीय नागरिकसँगै उद्धार गरेको छ। सुडान मामिला हेर्ने इजिप्टका लागि नेपाली राजदूत सुशीलकुमार लम्सालले दूतावासको सम्पर्कमा आएका ३१ मध्ये तीनजना मात्रै सुडानमा रहेको र उनीहरू सुरक्षित रहेको जानकारी दिए। '१९ जना नेपाली नागरिक पोर्ट सुडानबाट रेड सीमापारि साउदी अरबको जेद्दा पुग्नुभएको छ। नौजना भारत सरकारको उद्धार विमानबाट अहमदाबाद हुँदै स्वदेश फर्कनुभएको छ,' राजदूत लम्सालले भने।

कुटपिटबाट जनकपुरधाममा एक युवकको मृत्यु

जनकपुरधाम/ धनुषामा कुटपिटबाट गम्भीर घाइते भएका एक युवकको मृत्यु भएको छ। जनकपुरधाम उपमहानगरपालिका- ७ का जाकिर कवाडीका २६ वर्षीय छोरा रब्बानी राइनको बुधबार उपचारको क्रममा मृत्यु भएको हो। मंगलबार साँझ घरमै बोलाउन आएका साथीहरूसँग बाहिर गएको राइनलाई अनुज तिवारीले प्रदेशिक अस्पताल जनकपुरधाममा राति ११ बजे घाइते अवस्थामा भर्ना गरेर फरार भएका थिए। राति अस्पतालमै मोबाइल छोडेका तिवारीलाई बुधबार बिहान मोबाइल लिन आउँदा राइनका आफन्त र प्रहरीले नियन्त्रणमा लिएका थिए। उनको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पतालमै राखिएको प्रहरीले जनाएको छ। प्रहरीले घटनाको अनुसन्धानको क्रममा तिवारसहित दुईजनालाई पक्राउ गरेको छ। प्रहरी उपरीक्षक विश्वराज खड्काले घटनामा संलग्न रहेकाहरूको खोजीकार्य जारी रहेको र प्रारम्भिक अनुसन्धानमा कुटपिटबाट राइनको मृत्यु भएको हुन सक्ने देखिएको बताए।

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा–३, विष्णुपुरा रुपन्देही

Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०१/२८)

यस कार्यालयबाट मिति २०७९/११/२२ गते खुलाईएको सूचना अनुसार म्याद भित्र पर्न आएका प्रस्तावहरुमध्ये निम्न निर्माण व्यवसायीहरु प्रविधिक मुल्याङ्नमा सफल भएकोले निम्न मिति समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

Description of works	Contract ID	Name & address of Successful Bidder	Opening Date, Time & venue
Construction of 15 Bed Primary Hospital, Gaidahawa Rural Municipality Rupandehi	09/GRM/CON/NCB/079/080	M/S PM/Good-Build J/V	Date:2080/02/04 Time:12:00PM Venue:Gaidahawa Rural Municipality Rupandehi

'जिउँदो सहिद' मुकेशले लिए विश्राम



फाइल तस्बिर

काठमाडौं/ 'जिउँदो सहिद'का नामले चिनिएका दोस्रो जनआन्दोलनका घाइते मुकेश कायस्थले अन्ततः विश्राम लिएका छन्। १७ वर्षअघि प्रहरीको गोली लागेपछि ओछ्यान परेका मुकेश मृत्युसँग लड्दै आएका थिए। ३२ वर्षको उमेरमा बुधबार साँझ साढे ७ बजे बनेपास्थित शिर मेमोरियल अस्पतालमा उनको निधन भएको हो।

मुकेश फाउन्डेसनका अध्यक्ष हिरा शर्मा नेपालका अनुसार मुकेश लामो समयदेखि शिर मेमोरियलमै उपचाररत थिए। जनआन्दोलन सुरु भएको चौथो दिन २७ चैत ०६२ मा मुकेशको कन्चटमा गोली लागेको थियो। गोली लगेर घाइते भएका उनी त्यही दिनदेखि ओछ्यानमा परेका थिए। त्यसवेला उनको उमेर १४ वर्ष थियो। उनलाई ०७८ मा सरकारले 'लोकतन्त्रका योद्धा'को सम्मान प्रदान गरेको थियो। लामो समयको उपचार र परिवारको निरन्तरको हेरचाहपछि स्वास्थ्यमा केही सुधार देखिए पनि ०७५ देखि पुनः अर्धचेत अवस्थामा फर्किएका थिए। सरकारले मुकेशको उपचार खर्च, १५ हजार मासिक भत्ता, एक सुसारेका लागि ६ हजार दुई सय भत्ता र एक नर्स नियमित उपलब्ध गराउँदै आएको थियो।

जितबहादुर आत्महत्या प्रकरण

न्याय नपाइने हो कि भन्ने चिन्तामा परिवार

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङको ज्वालामुखी गाउँपालिका- ७ चैनपुरका जितबहादुर बयलकोटीले २० वैशाखमा विष सेवन गरे। भोलिपल्ट चितवनस्थित भरतपुर अस्पतालमा उपचारका क्रममा उनको ज्यान गयो। जितबहादुरका बुबा कृष्णबहादुरका अनुसार कक्षा १२ को परीक्षामा सहभागी हुने तयारीमा रहेका जितबहादुरले अध्ययन गर्ने विद्यालयमा दुई हजार एक सय रुपैयाँ शुल्क तिर्न बाँकी थियो। शुल्कको जोहो गर्न नसकेपछि उनले विद्यालय प्रशासनसँग पछि शुल्क बुझाउने गरी भए पनि प्रवेशपत्र मागेका थिए। तर, नपाएपछि निराश भएर फर्किएको राति विषसेवन गरेका थिए।

शारीरिक अपांगता भएका कृष्णबहादुर र उनको परिवारका लागि यो घटनाले बज्रपात परेको छ। गत २२ भदौमा बिजुलीको काम गर्ने क्रममा करेन्ट लागेपछि जसोतसो ज्यान बच्यो, तर कृष्णबहादुर अरूको सहारामा पुगे। शारीरिक अपांगताकै कारण उनले छोराको दाहसंस्कारमा सहभागी हुन सकेनन्। जितबहादुरको किरिया उनका ठूलाबुबा र मिलन मिजार र ठूलीआमा धनकुमारी बसेका छन्। अपांगता भएकाले छोराको न्यायका निम्ति उनी दौडधुप गर्न पनि नसक्ने अवस्थामा छन्। त्यसैले पनि उनमा न्याय नपाइएने हो कि भन्ने निराशा देखिन्छ।

त्यसो त परिवारले घटनालगत्तै निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै प्रहरीमा उजुरी दिएको थियो। तर, त्यसयता कृष्णबहादुरले थप सोधपुछ गर्न सकेका छैनन्। घरमै



आत्महत्याको बाटो रोजेका जितबहादुरको शोकाकुल परिवार। तस्बिर : नयाँ पत्रिका

भेटिएका कृष्णबहादुरले नयाँ पत्रिकासँग भने, 'प्रहरी अनुसन्धान भइरहेको छ। भरतपुरबाट पोस्टमार्टम रिपोर्ट मगाएका छौं। थप जानकारी लिन र दिन परे हामी बोलाउँछौं भनेका छन्। म प्रहरीको अनुसन्धानपछिको दोषीले दण्ड पाउने र छोरोले न्याय पाउने आशामा छु। तर, हामी निमुखाले न्याय पाउँदैनौं कि भन्ने डर पनि लागिरहन्छ।' उजुरी दर्ता भएपछि प्रहरीले जितबहादुरका भाइ गोरेसँग दाजुका विषयमा सोधपुछ गरेको थियो। 'कुनै केटीसँग माया-प्रेम थियो कि, घरमा झगडा हुन्थ्यो कि, आत्महत्या गर्न कसैले दबाब दिएको थियो कि भनेर सोध्नुभएको थियो,' गोरेले भने, 'दाइले आत्महत्या गरेपछि मैले नै प्रहरीमा उजुरी दिएको हुँ। आत्महत्या गर्नुपर्ने अरू कुनै कारण देखेको छैन। त्यसैले प्रहरी अनुसन्धानले न्याय दिलाउला कि भन्ने आशा छ।' उनले विद्यालयबाट प्रवेशपत्र नपाउँदा निराश भएर दाइले आत्महत्या गर्ने निर्णयमा पुगेको हुन सक्ने आफूलाई लागेको प्रहरीलाई बताएको जानकारी दिए।

प्रहरी भन्छ– अनुसन्धान जारी छ

गोरे बयलकोटीको उजुरीपछि प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एसपी गौतम मिश्रले यसबीच घटनालाई लिएर विद्यालयको व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षकहरू, मृतकको परिवारका सदस्य तथा घटनास्थलनजिकका स्थानीयसँग सोधपुछ गरिएको जानकारी दिए। यसैगरी, मृतकको मोबाइल परीक्षणका लागि ल्याबमा पठाउने प्रक्रिया अघि बढेको तथा पोस्टमार्टमलगायत अस्पतालका रिपोर्ट पनि संकलन गरिरहेको एसपी मिश्रले जानकारी दिए। जितबहादुरको आत्महत्या घटनापछि चैनपुर गाउँ शोकमा छ। गाउँवासी र जितबहादुरका सहपाठीले यो पीडा भुल्न सकेका छैनन्।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०१/२८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ १२ गते शुक्रबार**का दिन शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण :

जित बहादुर थापाको नाति, ढाल प्रसाद थापाको छोरा, इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. १ बस्ने **पुस्कर देव थापा** (ना.प्र.नं. ३९४१६/२२४९, जारी मिति २०४९/१२/१६, जिल्ला प्रशासन कार्यालय इलाम) .....१ र जित बहादुर थापाको बुहारी, दान बहादुर वोहोराको छोरी, झापा जिल्ला, दमक वडा नं. १२ बस्ने **घनेन्द्र कुमारी थापा** (ना.प्र.नं. ७/४१६६/३३३४, जारी मिति २०४४/१२/२०, जिल्ला प्रशासन कार्यालय झापा)...१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. तिलोचन कुवँरको नातिनी, शेर बहादुर कुवँरको छोरी, इलाम जिल्ला, एकतप्पा, वडा नं. ९ बस्ने **देबी कला कुवँर** (ना.प्र.नं. १३८९, जारी मिति २०५२/१२/१८, जिल्ला प्रशासन कार्यालय इलाम)।

लिलाम हुने सम्पत्तिको विवरण :

१. **घनेन्द्र कुमारी थापा**को नाममा मालपोत कार्यालय चावहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, कपन वडा नं ४ स्थित कि.नं. २१३, क्षेत्रफल ७९ (व.मी.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ औं दिन अर्थात मिति २०८० जेठ ११ गते** भित्र बैंकको शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० जेठ १२ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० जेठ १२ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँबानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७९५२११

आफ्नै कोठामा छात्रा मृत फेला

भरतपुरमा **विवेक पोखेल**

चितवन मेडिकल कलेजमा अध्ययनरत छात्रा आफ्नै कोठामा मृत अवस्थामा फेला परेकी छिन्। पाल्पा रामपुर नगरपालिका- ४ घर भई अहिले कास्की पोखरा बस्ने २३ वर्षीया सिमरन थापा भरतपुर महानगरपालिका- १० सप्तगण्डकी चोकमा रहेको आफू सुत्ने कोठामै सिलिङ पंखामा सलको पासो लगाई झुन्डिएको अवस्थामा फेला परेकी हुन्।

चितवन मेडिकल कलेजमा दन्त चिकित्सक चौथो वर्षमा अध्यनरत मृतक थापा कलेज पोसाकमै थिइन्। बुधबार बिहान १० बजेबाट चलेको परीक्षा १ बजेसम्म चल्ने भए पनि उनी करिब साढे ११ बजेतिर नै कोठामा फर्किएकी थिइन्। उनीसँगै कोठामा बस्ने सोही कक्षामा पढ्ने दुईजना साथीहरू परीक्षा सकेर दिउँसो १ बजे कोठामा फर्किँदा थापा झुन्डिएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए।

सप्तगण्डकी चोकको गंगाबहादुर थापाको घरको पहिलो तलामा दुईवटा कोठा र एउटा किचन भाडामा लिएर मृतक थापा र उनका दुई साथी बस्दै आएका थिए। साथीहरू आउँदा ढोकामा चुकुल लगाएको र चुकुल नखोलेपछि झ्यालबाट हेर्दा झुन्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए। तीनैजना ओरल मेडिसिनको परीक्षा दिन बिहान कोठाबाट साथै निस्किएका थिए।

विद्यार्थीले भने परीक्षा हलमा सम्मिलित शिक्षकले जबर्जस्ती मानसिक तनाव दिएर परीक्षाबाट निकालेको, विगतमा पनि मानसिक तनाव दिने गरेकै कारण आत्महत्या गरेको आरोप लगाउँदै विद्यार्थी संघर्ष समितिमार्फत आन्दोलनमा उत्रिएका छन्। यस विषयमा कलेज प्रशासनसँग बुझ्न खोज्दा सम्पर्क हुन सकेको छैन। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार शवलाई पोस्टमार्टमका लागि लगिएको छ।

Peoples Hydropower Company Ltd.

Buddhanagar-10, Kathmandu Nepal

Unaudited Statement of Financial Position

(For the Period of 3rd Quarter as at Chaitra end 2079, Fiscal Year 2079/080)

Particulars	3rd Quarter Ending	2nd Quarter Ending
ASSETS AND PROPERTIES		
Non-Current Assets		
Gross Property, Plant & Equipment	135,179,867.22	135,126,531.22
Less: Accumulated Depreciation	(64,626,251.80)	(62,225,346.95)
Net Property, Plant & Equipment	**70,553,615.42**	**72,901,184.27**
Project WIP	**10,157,692,666.58**	**9,580,426,657.15**
Total Non Current Assets	**10,157,692,666.58**	**9,580,426,657.15**
Investment	**92,801,695.57**	**92,801,695.57**
Current Assets		
Cash & Cash Equivalents	24,531,694.87	26,841,223.95
Trade & Other Advances	426,973,244.49	527,403,819.54
Margin and Deposit	15,534,992.72	35,551,583.97
Total Current Assets	**467,039,932.08**	**589,796,627.46**
Total Assets	**10,717,534,294.23**	**10,263,024,980.18**
EQUITY & LIABILITIES		
Equity		
Share Capital		
Total Share Capital	**3,200,000,000.00**	**3,200,000,000.00**
Reserve & Surplus		-
Total Equity	**3,200,000,000.00**	**3,200,000,000.00**
Non-Current Liabilities		
Term & BGL Loan	7,102,478,512.98	6,668,977,640.24
Current Liabilities		
Current Liabilities & Payables	415,055,781.25	394,047,339.94
Total Current Liabilities	**415,055,781.25**	**394,047,339.94**
Total Equity & Liabilities	**10,717,534,294.23**	**10,263,024,980.18**

Statement Of Income

Particulars	3rd Quarter Ending	2nd Quarter Ending
Income From Power Sales		-
Other Income		-
Total Income		**-**
Less:		
Administrative Expenses		-
Operating Profit/(Loss)		-
Less:		
Financial Cost		-
Depreciation		-
Profit/(Loss) Before Tax		-
Current Tax		-
Deferred Tax		-
Net Profit/(Loss) Transferred to Reserve & Surplus		-

Note: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Audhority.
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts
2. Previous period figures have been reclassified/adjusted wherever considered necessary

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

आ.ब. २०७९/२०८० को तेश्रो त्रैमासिकको अपरिष्कृत प्रतिवेदन

१. **वित्तिय विवरण:**

क. आ.व. २०७९/०८० को तेश्रो त्रैमासिकको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान हिसाव किताव यसै साथ प्रकाशित गरिएको छ।

ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमूख वित्तीय अनुपात निम्नानुसार छन्।

प्रतिशेयर आम्दानी	-	मूल्य आम्दानी अनुपात	-
प्रतिशेयर नेटवर्थ	१००.००	तरलता अनुपात	१.१३
प्रतिशेयर कुल सम्पत्ती मूल्य	३३४.९२		

२. **व्यवस्थापकीय विश्लेषण:**

क. यस पिपुल्स हाइड्रोपावर कम्पनी लि. ले निर्माण गरिरहेको सुपरदोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा परियोजना २०८०/०१/२३ देखि परिक्षण उत्पादन शुरु भएको र अवको १५ दिन पछि व्यवसायिक उत्पादन शुरु हुनेछ।

ख. कम्पनीको पूर्ण स्वामित्वमा रहेको ५७ मे.वा को हिमचुली दोर्दी जलविद्युत आयोजना PPA हुने प्रकृयामा रहेको छ। यस कम्पनीले व्यवसायिक उत्पादन गरिसकेको अपर हेवाखोला हाईड्रोपावर कम्पनी लि. मा रु. ५ करोड लगानी रहेको छ।

ग. निर्माण अवधि लम्बिन गएको र व्याजदरमा भएको बृद्धिले गर्दा कम्पनीलाई आर्थिक भार थपिएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।

४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरण:**

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या नेपाल स्टक एक्सचेन्ज लि. वेवसाइट अनुसारः

अधिकतम मूल्य रु.	४१६.१०	अन्तिम मूल्य रु.	३३६.९०
न्यूनतम मूल्य रु.	२९७.००	कारोवार दिन	५६.००
कारोवार संख्या	७१,३४१.००	कारोवार शेयर कित्ता	२,९२०,४११.००

५. **समस्या र चुनौती:**

यस कम्पनीबाट उत्पादित विद्युत ने.वि.प्रा. १३२ के.भि. किर्तिपुर सव स्टेसन हुदै मध्य मस्याङ्गदी जलविद्युत केन्द्रको Bay मा जोडी आयोजना संचालन गरिएको छ। हाल २२० के.भि. को मस्याङ्गदी करिडोर निर्माण चरणमा रहेको र पूर्ण रुपमा संचालनमा नआएकोले आयोजनाबाट उत्पादिन विद्युत ने.वि.प्रा. बाट वैकल्पिक व्यवस्था गरीए अनुसार विद्युत निरन्तर लिने कुरामा कम्पनी आशावादी रहेको छ। यस वर्षको खडेरीका कारणबाट नदिमा जल प्रवाहमा कमी आएकोले उत्पादनमा असर परेको देखिन्छ।

६. **संस्थागत सुशासन:**

संस्थागत सुशासनको लागि कम्पनीले पालना गर्नु पर्ने नीति, नियम पूर्ण रुपमा पालना गरेको छ।

७. **सत्य तथ्य सम्बन्धी प्रवन्ध संचालकको उद्घोषण :**

यस अवधिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरू तथा जानकारीहरू लुकाएको छैन।

संक्षेपमा देश

नागरिकता विधेयकमाथि राष्ट्रपतिको निरन्तर परामर्श

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक जारी गर्ने संवैधानिक आधारमा केन्द्रित रहेर संविधानविद् र कानुनविद्सँग निरन्तर छलफल गरिरहेका छन्। राष्ट्रपति कार्यालयका अनुसार केही दिनदेखि जारी छलफललाई राष्ट्रपति पौडेलले बुधबार पनि निरन्तरता दिएका हुन्। राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार बुधबार राष्ट्रपति पौडेलले संविधानविद् डा. विपिन अधिकारी तथा कानुनविद्हरू डा. रुद्र शर्मा तथा कृष्ण बस्यालसँग परामर्श गरेका छन्। राष्ट्रपतिको दशवटा जिज्ञासामा आधारित परामर्शमा संविधानविद् र कानुनविद्हरूबाट मिश्रित सुझाव आएको पोखरेलले जानकारी दिए। अघिल्लो राष्ट्रपतिले जारी नगरेको नागरिकता विधेयक अहिले प्रमाणीकरण गर्न मिल्ने, नमिल्ने, संसद्को सार्वभौमिकता मिचेको अर्थ लाग्ने कि नलाग्नेजस्ता जिज्ञासा राष्ट्रपतिले राख्दै आएका छन्। परामर्श सकिएपछि विधेयकबारे के गर्ने निर्क्योल निस्किने राष्ट्रपति कार्यालयले जनाएको छ।

१० फिट हिउँ जमेपछि बेपत्ताको खोजीकार्य प्रभावित

मुगु/ अत्यधिक हिमपातका कारण मुगु कार्मारोङ गाउँपालिका १ र २ मा पर्ने च्याँखुलेकमा हिमपहिरोमा परी बेपत्ता भएका तीनजनाको खोजी गर्न समस्या भएको छ। सो क्षेत्रमा १० फिटभन्दा बढी हिउँ जमेकाले उनीहरूको खोजी हुन सकेको छैन। यही २२ वैशाखमा च्याँखुलेकमा हिमपहिरोमा परी यार्सागुम्बा संकलन गर्न गएका जुम्लाको पातारासी गाउँपालिका- २ तल्फीगाउँका ४० वर्षीय तारासिंह सार्की ३५ वर्षीय पुन्न सार्की र ३५ वर्षीय वीर बोहरा बेपत्ता छन्। उनीहरूको खोजीमा मंगलबारदेखि सुरक्षाकर्मी लागिपरे पनि बाक्लो हिउँ जमेकाले समस्या भएको प्रहरी नायब उपरीक्षक मोहनबहादुर बस्नेतले जानकारी दिए।

नेपाली सेनाको हेलिकोप्टरमार्फत २४ वैशाखमा बेपत्ताको खोजीका लागि सुरक्षाकर्मीसहित २३ जनालाई घटनास्थलमा पठाएको थियो। सुरक्षाकर्मीले घटनास्थलभन्दा चार घन्टा तल बैंसीमा रहेको छापाखोलामा क्याप राखी बेपत्ताको खाजी गर्दै आएको छ। घटनास्थलसम्म सुरक्षाकर्मी पुग्न भने सकेका छैनन्। आज पुनः उनीहरूको खोजी गरिने प्रहरी नायब उपरीक्षक बस्नेतले बताए। 'डोरी र लाठीको सहारामा बेपत्ताको खोजी भइरहेको छ, बाक्लो हिउँ छ, त्यसमाथि हिउँ लगातार परिरहेको छ,' उनले भने।

'जनआक्रोशको आँधीबेहरी आउनेछ'

काठमाडौं/ राप्रपा नेपालका अध्यक्ष कमल थापाले नक्कली भुटानी शरणार्थी प्रकरण दबाउन खोजे जनआक्रोशको आँधीबेहरी आउने चेतावनी दिएका छन्। मानव तस्करी, संगठित अपराध र ठगीजस्ता जघन्य अपराधको प्रहरीले छानबिन गरिरहेको अवस्थामा छानबिन प्रभावित गर्ने गरी प्रमुख दलहरूका शीर्ष नेताहरूको बैठक, तालमेल र गतिविधि देखिनु आपत्तिजनक भएको थापाले दाबी गरेका छन्। सामाजिक सञ्जाल ट्विटरमा आफ्नो धारणा सार्वजनिक गर्दै थापाले भनेका छन्, 'यो काण्ड दबाउने काम गरियो भने जनआक्रोशको आँधीबेहरी कसैले रोक्न सक्दैन।'

बाँदर नियन्त्रण गर्न वन्यजन्तु पार्क

बागलुङ/ जैमिनी नगरपालिकाले बाँदर नियन्त्रणका लागि वन्यजन्तु पार्कको अवधारणा ल्याएको छ । बाँदर आतंकले किसानलाई अन्नबाली जोगाउन मुस्किल भएपछि नगरपालिकाले वडा नम्बर ८ छिस्तीको पुरानो गाउँमा वन्यजन्तु पार्क निर्माणका लागि सम्भाव्यता अध्ययन थालनी गरेको हो । वन्यजन्तु पार्कका विषयमा नगरपालिकाले शनिबार स्थानीय र विभिन्न सरोकारवाला निकायसँग छलफलसमेत गरेको छ । बृहत् योजनासहित पुरानो गाउँमा रहेको राष्ट्रिय वनमा संघ र प्रदेश सरकारसँग समन्वय गरी वन्यजन्तु पार्क निर्माण गर्ने योजना बनाएको नगर प्रमुख नरबहादुर पुनले बताए । उनका अनुसार यस क्षेत्रका सबै बाँदरलाई यही जंगलमा छाड्ने र यहाँबाट बाहिर जान नसक्ने गरी व्यवस्थापन गर्ने योजना रहेको छ। तर, यसका लागि ठूलो योजना आवश्यक पर्ने उनले बताए ।

पार्कमा बाँदरसँगै अन्य वन्यजन्तुको पनि संरक्षण हुनुका साथै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने अपेक्षा छ । समुद्री सतहदेखि करिब दुई हजार मिटर उचाइमा रहेको पुरानो गाउँमा 'बाँदर बगैंचा' निर्माणको प्रारम्भिक छलफल थालिएको हो । पुरानो गाउँ चार हजार दुई सय रोपनी समथर जमिनसहित सात हजार दुई सय रोपनीमा फैलिएको छ । पार्कमा खेती ध्वस्त पार्ने बाँदरलाई समूहअनुसार ब्लक बनाएर राखिने नगर उपप्रमुख हरिहर शर्माले बताए । बाँदरको आतंक रोक्नका लागि छिमेकी पालिकासँग समेत समन्वय गरिने उनले बताए । केही समय पहिले नगरपालिकाले आयोजना गरेको विज्ञ सम्मेलनबाट प्राप्त सुझावअनुसार बाँदर बगैंचा निर्माणका लागि छलफल अघि बढाइएको शिक्षा शाखा प्रमुख खेमप्रसाद आचार्यले बताए ।

रिम्पोछेको ४३ फिट अग्लो मूर्ति

काभ्रे/ नमोबुद्ध नगरपालिका- ९ गहतेमा बौद्धगुरु रिम्पोछे पद्मसम्भवको ४३ फिट अग्लो प्रतिमा निर्माण गरिएको छ। विभिन्न आर्थिक वर्षमा गरी वडाको ५० लाख, बागमती प्रदेश सरकारको २५ लाख, स्थानीयको सहयोग ३० लाख र श्रमदानसमेत गरी करिब एक करोड १५ लाखको लागतमा प्रतिमा निर्माण गरिएको बुद्धमूर्ति निर्माण उपभोक्ता समितिले जनाएको छ।

समितिका अध्यक्ष दलबहादुर तामाङले प्रतिमा निर्माणस्थलमा पर्खाल निर्माणका लागि थप २५ लाख विनियोजन भएको थियो। प्रतिमामा सोमबार प्राणप्रतिष्ठा गरिएको छ। धर्मगुरु क्याब्जे खेन्दुल ग्याङखाङ रिम्पोछे, नमोबुद्ध नगरप्रमुख कुनसाङ लामा र उपप्रमुख रत्नबहादुर लामाले संयुक्त रूपमा प्रतिमा अनावरण गरे। नगरप्रमुख लामाले सो स्थानमा अन्य पूर्वाधारसमेत निर्माण गर्न बाँकी रहेको भन्दै संघ, प्रदेश र स्थानीय सरकारबाट पनि बजेट विनियोजन गर्ने बताए।

हल्कारा शुक्रबारबाट

शुक्रबारबाट प्रदर्शनमा आउने फिल्म हल्काराको बुधबार 'प्रिमियर सो' गरिएको छ । वैदेशिक रोजगारीको कथालाई मुख्य विषयवस्तु बनाएको यस फिल्मले प्रिमियरमा राम्रो प्रतिक्रिया पाएको छ । विक्रम सापकोटाले निर्देशन गरेको यस फिल्ममा महेश त्रिपाठी, विनिता थापामगर, शारदा गिरीलगायतको अभिनय छ ।





'उलझ'मा जान्ह्वी

अभिनेत्री जान्ह्वी कपुर फिल्म 'उलझ'मा आइएफएस अफिसरको भूमिकामा देखिने भएकी छिन् । सुधांशु सरियाले निर्देशन गरेको यस फिल्मको फर्स्ट लुक सार्वजनिक भएको छ । सुटिङ यही महिनाबाट सुरु हुनेछ । फिल्ममा गुल्सन देवैया र रोशन म्याथ्यु पनि मुख्य भूमिकामा छन् ।

बिहानको समयलाई कसरी सदुपयोग गर्ने ?



विजय सापकोटा
योग तथा वेलनेस प्रशिक्षक
सम्बोधी योग केन्द्र

सहरिया जीवन दौडधुपमै बितिरहेको हुन्छ । कामको थकान र तनावले धेरैको दैनिक रुटिन बिग्रन्छ र जीवन अव्यवस्थित बन्छ । हामीले आफ्नो दैनिकीलाई राम्रो बनाउन बिहानीको समयलाई सदुपयोग गर्नुपर्छ । आहार, विहार र विचारलाई सन्तुलनमा राख्नुपर्छ । यसका लागि केही कुरामा विशेष ध्यान दिन जरुरी हुन्छ । सन्तुलित जीवनका लागि तपाईंको निद्रा राम्ररी पुगेको हुनुपर्छ । एक वयस्क व्यक्तिले कम्तीमा आठ घन्टा सुत्न जरुरी छ । बेलुकी समयमै सुत्ने र बिहान सबैरै उठ्ने गर्नाले शरीर ऊर्जावान् रहन्छ ।

मनतातो पानी : बिहान उठ्नेबित्तिकै मनतातो पानी पिउनुस् । तपाईंको स्वास्थ्य राम्रो हुनका लागि शरीर हाइड्रेट हुन जरुरी छ । । कागतीपानी पिउँदा पनि हुन्छ । त्यसपछि अर्गानिक चिया पिउन पनि सक्नुहुन्छ ।

कोठा मिलाउनुस् : तपाईंले आफ्नो कोठाको वातावरण पनि स्वच्छ राख्न जरुरी छ । त्यसका लागि बिहान ओछ्यान मिलाउने, कोठा सफा गर्नेजस्ता गतिविधि गर्न सक्नुहुन्छ । यसले तपाईंलाई शारीरिक र मानसिक रूपमा ऊर्जावान् बनाउँछ । हामीले कस्तो वातावरण बनाउने भन्ने कुराले जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले हरेक दिनको सुरुवात कोठाका सामान मिलाएर गर्न सक्नुहुन्छ ।

सामान भद्रगोल हुँदा हाम्रो मानसिकता पनि भद्रगोल हुन्छ र सामान अर्डरमा रहँदा हाम्रो मानसिकता पनि सकारात्मक भएर जान्छ । सम्भव भएसम्म स्वच्छ हावा आउने, अक्सिजनको प्रवाह हुने ठाउँमा बस्नुपर्छ । सहरी क्षेत्रमा इन्डोर प्लान्ट्स रोप्न सकिन्छ । यसले अक्सिजनको पर्याप्त प्रवाह गर्छ र प्राकृतिक वातावरणको महसुस गराउँछ ।



स्वस्थ ब्रेकफास्ट

ब्रेकफास्टमा के लिने भन्ने कुरा सधैं महत्त्वपूर्ण हुन्छ । हामीले जस्तो खान्छौं, हाम्रो प्रवृत्ति र मन पनि त्यस्तै बन्छ । जंकफुड तथा मसालेदार खानेकुराबाट सकभर टाढा रहनु राम्रो हुन्छ । घरमै बनाएको खानेकुरा खानुपर्छ ।

हामीले रेसायुक्त खानेकुरा अत्यधिक खान जरुरी छ । बोक्रासहितका फलफूल, सागपात, ह्वाइट राइसको साटो ब्राउन राइस, मैदाको साटो आँटालगायतले स्वास्थ्यलाई राम्रो गर्छ । काजु, बदामलगायत ड्राइफुड खानुपर्छ । ओखर, फर्सीको बियाँले स्मरणशक्ति बढाउने हुँदा यस्ता खानेकुरा ब्रेकफास्टमा समावेश गर्नु राम्रो हुन्छ ।

योग/ध्यान : तपाईंले योग र ध्यानलाई आफ्नो दैनिक रुटिनमा समावेश गर्नुपर्छ । योगले तपाईंको शरीरलाई स्वस्थ राख्छ । त्यस्तै, ध्यानले मस्तिष्कको कार्यक्षमता बढाउँछ । त्यसैले दैनिक कम्तीमा आधा घन्टा योग वा ध्यानका लागि छुट्याउनुस् । बिहानको समयमा हिँड्ने, व्यायाम गर्ने वा खेल खेल्न पनि सकिन्छ ।

सकारात्मक विचार : सबैभन्दा ठूलो शक्ति विचारकै हो । बुद्धले पनि जे सोच्छौं, त्यही बन्छौं भनेका छन् । हामीले जे कुरा दोहोऱ्याउँछौं । हाम्रो जीवन पद्धति पनि त्यस्तै बन्न पुग्छ । त्यसैले हामीले सधैं सकारात्मक सोच्नुपर्छ । हरेक दिन तनाव बोकेर उठ्यौं भने जीवनशैली पनि बिग्रँदै जान्छ ।

विभिन्न परिस्थितिबाट विचलित हुने र त्यसैमा घोत्लिने गर्न थाल्यौं भने नकारात्मक विचार हावी हुन्छ । त्यसैले हामीले सकारात्मक सोच्नुपर्छ । बारम्बार सकारात्मक कुरालाई मात्रै दोहोऱ्याउनुपर्छ । जसले सकारात्मक ऊर्जा दिने हर्मोनहरू शरीरमा सक्रिय गराउँछ । आजको दिनमा के राम्रो गर्न सकिन्छ भनेर सोच्नुपर्छ । सकारात्मक सोचले तपाईंमा सकारात्मक ऊर्जा पैदा गर्छ । केही समय अध्ययनका लागि छुट्याउने र आफ्ना सोचलाई डायरीमा उतार्ने बानी बसाल्नु राम्रो हुन्छ ।

ड्राइभिङ गर्दा यस्तो पोजिसन



गाडी ड्राइभ गर्दा बसाइको पोजिसन र सिट मिलेन भने ढाड दुख्ने, कुम दुख्ने, गर्दन दुख्ने समस्या देखिन सक्छ । त्यसैले कार चलाउँदा बसाइ मिल्नुपर्छ । व्यायामको कमी, कुर्सीमा बस्दाको पोजिसन नमिल्नेलगायत समस्याले ढाड दुख्ने समस्या निम्त्याउने भएकाले हामीले केही विषय ख्याल गर्न जरुरी छ ।

गाडीको सिटको पोजिसन ९० डिग्रीमा मिलाएर हिप र स्पाइन पनि ९० डिग्रीमा रहने गरी ड्राइभ गर्नुपर्छ । कुम, गर्दन पनि सीधा हुनुपर्छ ।

बाइकमा पनि यसरी नै सीधा रहेर ड्राइभिङ गर्नुपर्छ । निहुरिएर ड्राइभ गर्नेलाई ढाड दुख्ने समस्या देखिन्छ ।

लामो दूरीको ड्राइभ गर्दा पर्याप्त आराम पनि गर्नुपर्छ । किनभने, लामो समय निरन्तर ड्राइभ गर्दा नसामा समस्या देखिन सक्छ । लङ ड्राइभ गर्दा झन्डै तीन घन्टा सवारी कुदाएपछि कम्तीमा १० मिनेट आराम गर्नु अझ राम्रो हुन्छ ।

यात्रामा निस्कँदा...



हाइकिङ वा ट्रेकिङमा निस्कँदा केही पूर्वतयारी गर्नुभयो भने सम्भावित चुनौतीहरूबाट बच्न सकिन्छ । यसका लागि सबैभन्दा पहिले आफू घुम्न जान लागेको ठाउँका विषयमा पर्याप्त जानकारी लिनुपर्छ । त्यहाँको भौगोलिक बनावट, भिरपाखा, जंगललगायत विषयमा जानकारी हुनुपर्छ । मौसमबारे पनि जानकारी लिनुपर्छ ।

पानीको बोतल, सिटामोललगायत आधारभूत स्वास्थ्य सामग्रीको बाकस, ग्लुकोज, चकलेट, नट्सजस्ता इनर्जी दिने खानेकुरा तपाईंले झोलामा बोक्नुपर्छ । गर्मीको समयमा मानिसहरू हाफ टिसर्ट लगाउन रुचाउँछन् । तर, लामो यात्रामा जाँदा तपाईंले पूरै बाहुला भएको टिसर्ट लगाउनुपर्ने हुन सक्छ । किनकि, ट्रेकिङका क्रममा तपाईंले घामको प्रत्यक्ष सम्पर्कबाट आफ्नो छालालाई जोगाउन जरुरी हुन्छ ।



सञ्जीव गुरुङ
पथप्रदर्शक, ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन

तातो हावाले तपाईंलाई टाउको दुख्ने, चक्कर लाग्नेलगायत समस्या निम्त्याउन सक्छ । त्यसैले टाउकोलाई घामको सीधा सम्पर्कबाट जोगाउन तपाईंले ह्याट लगाउनु राम्रो हुन्छ । हिँड्दा छालामा सनस्क्रिन लगाउनुपर्ने हुन्छ । गर्मीमा हिँड्दा शरीरबाट अत्यधिक पसिना आउने गर्छ । जसकारण, तपाईंलाई ब्याक्टेरियाले संक्रमण गर्न सक्ने जोखिम पनि रहन्छ । यसबाट बच्न एन्टिब्याक्टेरियल पाउडर झोलामा बोक्न नबिर्सनुस् ।

घामको विकिरणसँगको प्रत्यक्ष सम्पर्कबाट आँखालाई जोगाउन सनग्लास बोक्नु राम्रो हुन्छ ।

बेडरुममा यस्ता रङ छानौं



- बेडरुममा हरियो, सिल्भर ग्रे, क्रिम, गुलाबीलगायत विभिन्न रङ लगाउन सकिन्छ ।
- प्रायः महिलालाई गुलाबी रङ मन पर्छ । गुलाबी रङलाई प्रेम, खुसी र राम्रो सम्बन्धको प्रतीक मानिन्छ ।
- हरियो रङले ताजा महसुस गराउन सहयोग गर्छ । यो रङलाई समृद्धि, सौभाग्यको प्रतीकका रूपमा लिइन्छ ।
- क्रिम कलर पनि बेडरुममा उपयुक्त हुन्छ । यसले शान्त महसुस गराउँछ । क्रिम कलरमा ग्रिन कलर पनि कम्बिनेसन गर्न सकिन्छ ।
- हल्का पहेँलो रङ रोज्न सकिन्छ । यसले आशा र सकारात्मकता दिन्छ । पहेँलो रङलाई सन्तुष्टि र खुसीको प्रतीक पनि मानिन्छ ।
- सेतो रङलाई स्वतन्त्रता र सकारात्मकताको प्रतीक मानिन्छ । यसले शान्ति र पवित्रतासँगै सरलताको पनि संकेत दिन्छ ।
- गाढा रङको सेडमा हल्का रङको सेडजस्तै हरियोसँग सेतो, स्मोकी ग्रे, अफ ह्वाइट, बेजलगायतले पनि रंगाउन सकिन्छ ।

बेडरुममा रातो रङको प्रयोग राम्रो मानिँदैन । कालो रङ पनि प्रयोग गरिँदैन ।

कपडाको दाग कसरी हटाउने ?



पानीलाई तातो गर्ने र त्यसलाई प्लास्टिकको एउटा भाँडोमा हाल्ने । त्यसमा कास्टिक सोडा हाल्ने । यसमा झन्डै एक चम्चाजति डिटर्जेन्ट हाल्ने र घोल्ने ।

सावधानी : हातले नघोल्नुस् । कुनै चिम्टा वा लौरोले यसलाई घोल्नुस् । सीधै हातले छुँदा तपाईंको छालामा कास्टिक सोडाले क्षति पुऱ्याउन सक्छ । त्यस्तै, बच्चाले देख्ने वा छुने ठाउँमा कास्टिक सोडा कहिल्यै नराख्नुस् । कास्टिक सोडा, जसलाई सोडियम हाइड्रोक्साइड पनि भनिन्छ, यस्तो केमिकल हो, जसलाई साबुन निर्माताहरूले प्रयोग गर्छन् ।

कपडा हाल्नुस् : यसरी पानी, कास्टिक सोडा र डिटर्जेन्टलाई घोलिसकेपछि यसमा कपडा हाल्नुस् र एक वा दुई घन्टासम्म राख्नुस् । यसो गर्दा पानी निकै फोहोर बन्छ, तर माथि कपडा सफा हुँदै आउँछ ।

यसपछि कपडालाई मुंग्राले कुट्दा पनि हुन्छ वा कुनै ढुंगामा चुट्दा पनि हुन्छ, वा यसलाई वासिङ मेसिनमा हाल्दा पनि हुन्छ ।

धेरै दिनदेखि फोहोर अवस्थामा रहेका तौलियालगायत कडा कपडालाई एक रातसम्म पनि राख्दा हुन्छ । सेतो कपडामा लागेको दाग धब्बा हटाउनका लागि यो एकदमै राम्रो उपाय हो ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
रविभवन, कालिमाटी काठमाडौं
फोन नं. ०१-५९७०६०५

सूचना प्रकाशित मिति : २०८०।०१।२८

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

यस प्रतिष्ठानबाट प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम निम्न कार्यका लागि देहाय बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने सम्बन्धी ७ दिने आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचना नं.	खरिद कार्य	न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको नाम	बोलपत्र रकम (मू.अ.क.सहित)
खण्ड नं. ०९/०७९/८०	ल्यापटप खरिद कार्य	श्री हिमकम ईन्टरनेशनल न्यूरोड, काठमाडौं	रु.३०,९५,९९९।९९

Special Economic Zone Authority
Tripureshwor, Kathmandu.
(An Undertaking of Government of Nepal)

Invitation for Bid

(First date of publication: -11th May, 2023)

Special Economic Zone Authority, Tripureshwor, Kathmandu invites only E-bidding as listed below:

S.N.	Contract Identification No:	Name of Contract	Bid Security Amount	Price of Bidding Document
1	MoICS/SEZA/ WORKS/08-079/80	Construction of Retail Outlet (Petrol Pump) in Simara SEZ, Bara.	NRs. 3,20,000.00	NRs. 3000.00

- Bids must be submitted *through e-GP system i.e www.bolpatra.gov.np/egp* on or before ***12:00 noon*** on ***11th June, 2023***.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***11th June, 2023 13:00 noon*** at the office of *Special Economic Zone Authority, Tripureshwor.*

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.पा.-३२, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

धितो लिलाम गर्नेबारे २१(एकाइस्) दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

(पुनःप्रकाशित मिति : २०८०/०१/२८ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको कार्यालय का.म.पा.-३२ तिनकुने, काठमाडौंबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण रकम ऋण लिँदा गरेको शर्त कबुलियत बमोजिम संस्थालाई तिर्नुपर्ने रकम भुक्तानी नगरी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले बक्यौता रकम भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तर-ताकेता गर्नुका साथै ऋण रकम चुक्ता भुक्तानी गर्न आउन भनि मिति २०७९/११/१२ गतेका दिन ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेकोमा ऋणी तथा जमानीकर्ताले सोको पुर्ण बेवास्ता गरी ऋण चुक्ता गर्ने तर्फ कुनै पहल नगरेकोले धितो लिलाम गर्नेबारे यो सुचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशित भएको मितिले २१(एकाइस्) दिनभित्र उक्त ऋणको सम्पुर्ण साँवा, ब्याज, हर्जना लगाएतका अन्य दै दस्तुर समेत चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धीत ऋणी, जमानीकर्ता समेतलाई यो सुचनाद्वारा जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा/ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ता लगाएत सम्बद्ध सबैलाई संस्थाको आन्तरीक नीति नियम तथा कार्यविधीहरु, सहकारी ऐन,२०७४ नियमावली, २०७५ बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ र प्रचलित अन्य ऐन कानुन बमोजिम ऋणीले ऋण लिँदा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखी/लेखाई दिएको तपशिलमा उल्लेखित सम्पत्ती जे जस्तो छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति संघ, संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले २१(एकाइस्) दिन भित्रमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरु २२औं दिन (सो दिन विदा भएमा सो को भोलिपल्ट) खोलिने भएको हुँदा सो सम्पत्ती खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सुचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, जमानीकर्ता, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबस तपशिलमा उल्लेखित सम्पत्ती लिलाम बिक्री नभएमा सो सम्पत्ती संस्था आफैले सकार गरि लिने वा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम सहकारी संस्थाले लेना रकम असुल उपर गरी लिन सक्नेछ । उक्त सम्पत्ती लिलाम बिक्री गर्ने वा संस्था आफैले सकारगरी लिँदा उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा सहकारी संस्था आफैले सकार गरि लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउने छैन र उक्त सम्पत्तीबाट संस्थाको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम बाँकी लेना रकम ऋणी र व्यक्तिगत जमानीकर्ताबाट कानुन बमोजिम असुलीका लागि कानुनी कारवाही समेत अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

ऋणीको नाम, ठेगाना	जमानीको नाम, ठेगाना
नाम : जयराम नेपाल बाबुको नाम: भरत प्रसाद नेपाल बाजेको नाम : तुला प्रसाद नेपाल ठेगाना:सुडाल-८ भक्तपुर ना.प्र.नं.: ०२४२० भक्तपुर **धितो बिबरण** भरत प्रसाद नेपालको नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय श्रेष्ता कायम रहेको सुडाल गा.वि.स. वडा नं.८ को कित्ता नं. ५७७ को क्षेत्रफल ७९.४८ वर्ग मिटर र कि.न. ११०३ को क्षेत्रफल ४५६.९९ व.मी. भएको जग्गाले चर्चको लिगालपात समेत ।	**नाम : भरत प्रसाद नेपाल** बाबुको नाम: तुला प्रसाद नेपाल बाजेको नाम : मनोहर नेपाल ठेगाना: सुडाल-८ भक्तपुर ना.प्र.नं.: १६६२ भक्तपुर **नाम :जानुका नेपाल** बाबुको नाम: गारी संकर धितोल पतीको नाम : भरत प्रसाद नेपाल ठेगाना: सुडाल-८ भक्तपुर ना.प्र.नं.: ६६/०४५/४६ भक्तपुर **नाम :मणीराम नेपाल** बाबुको नाम: भरत प्रसाद नेपाल बाजेको नाम: तुला प्रसाद नेपाल ठेगाना: सुडाल-८ भक्तपुर ना.प्र.नं.: -२९०१-७०-०१७३३ भक्तपुर

बोलपत्र सम्बन्धी शर्तहरु:

१. बोलपत्र फारम संस्थाको मुख्य कार्यालय, तीनकुनेबाट रु.५००/-बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले २१(एक्काइस्) दिन भित्र संस्थाको सम्बन्धीत कार्यालय का.म.पा.-३२, तिनकुने, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले २२औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट उल्लेखित समय भित्र खोलिने छ ।
४. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुने छ । साथै बोलपत्र फारममा उल्लेखित शर्त तथा बन्देजहरु यसै सुचनाको अभिन्नअंग हुनेछ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पथरी, मोरङको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०१/२८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा (साबिक एन.सि.सि. बैंक लि.) शाखा कार्यालय पथरी, मोरङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धिता लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण

नर बहादुर राईको नाति, हिराधनराई/खडग कुमारी राईको छोरा, पुजा राईको पति, मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पचरीशनिश्चरे नगरपालिका वडा नं.२ बस्ने **भरत राई** (ना.प्र.नं.२८८३७, जारी मिति २०६३/०३/२०, जिल्ला प्रशासन कार्यालय मोरङ)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. पदम बहादुर राईको नाति, ददितमान राई/बदम शोभा राईको छोरी, हिराधन राईको पत्नी, मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पचरीशनिश्चरे नगरपालिका वडा नं.२ बस्ने **खड्ग कुमारी राई** (ना.प्र.नं. ९९३९, जारी मिति २०५०/१०/२५, जिल्ला प्रशासन कार्यालय मोरङ)
२. प्रसाद दाहाल को नाति, कुमार दाहाल/सुष्मा दाहालको छोरी, हिराधनराई/खडग कुमारी राईको बुहारी, भरत राईको पत्नी, पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पचरीशनिश्चरे नगरपालिका वडा नं.२ बस्ने **पुजा राई** (ना.प्र.नं. ०२०२८/१०१२०, जारी मिति २०२८/१०/०६, जिल्ला प्रशासन कार्यालय मोरङ) ।

धितो सुरक्षणको विवरण

१. **खड्ग कुमारी राई**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं.६/द स्थित कि.नं. २५०५ को क्षे.फ. ०-१-७-२ (बि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **भरत राई**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं.६द स्थित कि.नं. २५०२ को क्षे.फ. ०-०-१५-० (बि-क-धु-क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय पथरी, मोरङ फोन नं. ०२१-५५६१३६/१३७

नागरिकतामा थर : आमाको कि मामाको ?

हाम्रो समाजका धेरै बालबालिकाले आमाबाबुको बेमेलका कारण माया, ममता र साथ त पाएका छैनन् नै, थर के पाउने भन्ने विषय पनि अन्योलपूर्ण छ



● मेघराज शंकर

अग्रलेख

कुनै पनि थरले व्यक्तिको पारिवारिक पहिचानको जानकारी दिन्छ । थरलाई पारिवारिक नाम वा अन्तिम नाम भनेर चिनिए पनि नेपालको सन्दर्भमा थरलाई जातिको सामूहिक पहिचान, पारिवारिक नाता वा नाता कायम गर्ने र सम्पत्ति हकदाबी गर्ने आधारका रूपमा लिने गरिन्छ । थर वैयक्तिक पहिचान र स्वतन्त्रतासँग सम्बन्धित भएकाले थर राख्ने सवालमा व्यक्तिलाई स्वेच्छिक छनोटको अधिकार हुनुपर्छ भन्ने मत पनि हिजोआज बलियो हुँदै गएको छ । व्यक्तिको कानुनी पहिचानमा थरको आवश्यकता र महत्त्व कस्तो हुन्छ भन्नेबारे हालैको एउटा उदाहरणबाट बहस सुरु गरौं ।

काठमाडौं उपत्यकाको एउटा स्थानीय तहमा बसोवास गर्ने एकजना युवती केही दिन पहिले जन्मदर्ता बनाउने पहल गरिदिन भनी सिंहदरबारमा रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग पुगिन् । हाल काठमाडौंकै एक सरकारी क्याम्पसमा स्नातक तहमा अध्ययन गर्दै गरेकी ती किशोरीको जीवनकहानी सुन्दा उनको पारिवारिक जीवन निकै उतारचढावपूर्ण रहेछ । पढ्नका लागि डेरा गरी बस्ने केटासँग उनकी आमाको शारीरिक सम्पर्क भएर उनी आजभन्दा १९ वर्षअघि जन्मिइन् । ती केटाले उनकी आमालाई एउटा नाम बताएका थिए, उनको विद्यालय भर्ना गर्दा बाबुको नाम त्यही राखियो । तर, बाबुको थर उल्लेख थिएन, नाम मात्र थियो । विद्यालयको अभिलेखमा आमाको नाममा उनकी आमालाई घरमा बोलाउने नाम राखियो । उनी मावलीकै माया, स्नेह र संरक्षणमा हुर्किइन् । उनकी आमाले उनलाई जन्म दिएपछि अर्कै केटासँग विवाह गरेर गइन् । अहिले उताबाट उनका एक छोरा र एक छोरी छन् । उनकी आमाले विवाह गर्नुअघि नागरिकता प्रमाणपत्र लिएकी थिइनन् । त्यसैले, विवाह गरेकै ठेगानाबाट नाम, थर र जन्ममिति परिवर्तन गरेर नागरिकता प्रमाणपत्र लिइन् । हाल उनकी आमाको नागरिकतामा लेखिएको नाम र जन्म मिति उनको विद्यालय अध्ययन गर्दाको अभिलेखमा लेखिएको आमाको नामभन्दा फरक छ । उनलाई समस्या त के छ भने हाल उनकी आमाको नागरिकतामा उल्लिखित उमेर र उनको उमेर ११ वर्षको मात्र अन्तर छ ।

उनी यस विषयमा हाँस्दै भन्छिन्, 'मेरी आमाले नागरिकतामा उमेर घटाउँदा म पनि जन्मिसकेकी हुँ भन्ने बिर्सिनुभएछ क्यार ।' अनि अर्को गल्ती के पनि भएछ भने उनलाई कसैले भनिदिएछ- तिम्रो बाबुको पनि ठेगान छैन, आमाको पनि अर्कै घरबार भयो, एघार कक्षाको फारम भर्दा मावलीका हजुरबा हजुरआमालाई नै आमाबुबा भनेर लेखिदिए भइगयो नि ! त्यसपछि उनले आमाबाबुको नाममा हजुरबा र हजुरआमाको नाम राखिन् र हाल उच्च माध्यमिक शिक्षा परिषद्बाट जारी भएको चारित्रिक प्रमाणपत्रमा आमा र बाबुको नाममा मामाघरतिरका हजुरबा र हजुरआमाको नाम उल्लेख छ ।

हाल उनलाई जन्मदर्ता प्रमाणपत्र चाहिएको छ । आमा सूचक बसेर जन्मदर्ता गराउन कानुनी बाधा छैन, तर आमाको उमेरसँग उनको उमेर ११ वर्ष मात्र फरक भएको र आमाको थर उनले राख्न नचाहेको अवस्था छ । उनी भन्छिन्- मेरी आमाको नागरिकता प्रमाणपत्रअनुसारको आमाको थर मेरो सौतेनी बुबाको हो । त्यसैले म त्यो थर राख्न चाहन्नँ ।

यो त एउटा प्रतिनिधिमूलक घटना मात्र हो । यस्ता कैयौं व्यक्तिको पारिवारिक जिन्दगी सहज छैन । धेरै बालबालिकाले आमाबाबुको बेमेलका कारण माया, ममता र साथ त पाएका छैनन् नै, थर के पाउने भन्ने पनि अन्योलपूर्ण नै छ । केही साताअघि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आमाले विवाह गरेर थर फरक भएको भए मावलीको थर राखेर जन्मदर्ता गराउनू भन्ने परिपत्र जारी गऱ्यो, तर त्यसको व्यापक आलोचना भयो । महिलाको पहिचानलाई सम्मान नगरेको भनेर धेरै अभियन्ता र महिला अधिकारकर्मीबाटै त्यसको चर्को विरोध भयो । अन्त्यमा विभागले थप स्पष्टीकरणसहित अर्को परिपत्र जारी गर्नुपऱ्यो । यहाँ विभागले गरेको परिपत्रको विषयमा स्पष्टीकरण दिन खोजिएको होइन । तर, यथार्थ के हो भने विभागको यस कदमले आजसम्म सन्तानको जन्मदर्ता गराउन नसकेका धेरै आमालाई सहयोग पुगेको छ । धेरै एकल आमाहरू सन्तानको कानुनी पहिचानका लागि विगतमा पनि कैयौंपटक सरकारी कार्यालय चहारेका थिए । कैयौं कानुनी परामर्श केन्द्रमा गए, कैयौं कानुन व्यवसायीलाई भेटे तर समस्या समाधान भएको थिएन । विभागले मावलीको थर राखेर जन्मदर्ता गराउने परिपत्रलाई पाँच दिनपछि थप स्पष्ट पाऱ्यो, तर ती पाँच दिनको बीचमा तीन सय छैंसठ्ठी एकल आमाका सन्तानले आमाको थरबाट जन्मदर्ता प्राप्त गरे । यो उनीहरूका लागि कोसेढुंगा साबित भएको छ ।



> विवाहपश्चात् महिलाले नागरिकतामा थर र ठेगाना परिवर्तन गर्ने तथा पतिको नाम थप्न पाउने कानुनी व्यवस्था नै विभेदपूर्ण देखिन्छ । वास्तविक लैंगिक पहिचानका लागि यस प्रकारको विभेदकारी कानुनी व्यवस्था र अभ्यासको अन्त्य हुनु अत्यावश्यक छ ।

एकल आमाका सन्तानको जन्मदर्ता गर्दा थर आमाको हुनुपर्छ, मावलीको किन भन्ने प्रश्न नाजायज होइन । नेपालको संविधानको धारा १२ मा वंशीय आधार तथा लैंगिक पहिचानसहितको नागरिकतासम्बन्धी व्यवस्था छ, जहाँ लेखिएको छ, 'यो संविधानबमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउनेछ । संविधानको धारा ३८ (१) ले 'प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने प्रत्याभूत गरेको छ । आमाको भूमिका र लैंगिक पहिचान लैंगिक पैरवीको महत्त्वपूर्ण अवयव पनि हो ।

जन्मदर्ताको सवालमा पनि सो संवैधानिक व्यवस्थाको सम्मान र संरक्षण गर्दै त्यसको कार्यान्वयन पनि गर्नुपर्छ नै । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले २०७९ असारमा पनि एकल आमाका सन्तानको जन्मदर्ता आमाको थर राखेर गरिदिने भनेर सबै स्थानीय पञ्जिकाधिकारीलाई पत्राचार गरेको थियो । तर, आमाले विवाह गरेर नागरिकता प्रमाणपत्रमा थर परिवर्तन गरेको र आमाले विवाह गरेको पुरुषले सो थरबाट बच्चाको जन्मदर्ता गराउन इन्कार गरेको अवस्थामा के गर्ने भनी केही स्थानीय तहबाट राय माग भएकाले विभागले त्यस्तो अवस्थामा मावलीको थर राखेर जन्मदर्ता गरिदिनू भनेर पत्राचार गऱ्यो । अनि बल्ल सामाजिक सञ्जाल तात्यो र अधिकारकर्मीहरू पनि सक्रिय भए । विभागका कर्मचारीको सोच र चेतनामाथि नै प्रश्न गरियो । नकारात्मक रूपले भए पनि यसको व्यापक प्रचारप्रसार र छलफल भयो । यो पनि सकारात्मक पक्ष नै हो, किनकि यसले गर्दा धेरै नागरिकले एकल आमाका सन्तानले पाउने जन्मदर्ताको हकबारे जानकारी प्राप्त गरे । तर, यससँग सम्बन्धित लैंगिकताबारेको यान्त्रिक बुझाइ र व्यावहारिक अभ्यासको अन्तरसम्बन्ध भने फरक छ ।

लैंगिकताबारेको साझा बुझाइ के हो भने लैंगिकता सामाजिक संरचनात्मक हुन्छ । अर्थात् समाजले नै महिला र पुरुषको भूमिका तथा अधिकार निर्दिष्ट गरेको हुन्छ । लैंगिकतासम्बन्धी यस बुझाइलाई हामी कुनै बेला यति परम्परागत तवरले बुझ्छौं कि पितृसत्तात्मक संरचनाले महिलामा गरेको उत्पीडन र विभेद एकै प्रकारको छ, जसरी इँटा बनाउनका लागि निश्चित आकारको एउटा संरचना या साँचो हुन्छ र जहाँ राम्ररी मुछिएको गिलो माटो राखेपछि सबै एकैखाले इँटा बन्छन् । पितृसत्तात्मक सत्ताले गरेको उत्पीडनको असर र प्रभाव सबैमा एकै प्रकारले हुन्छ जस्तो गरेर बुझ्ने र बुझाउनेहरू पनि कम छैनन् । तर, यथार्थ के हो भने लैंगिकता सामाजिक संरचनागत उपज हो, तर यसको प्रभाव, असर, अनुभूति र भोगाइ फरक-फरक हुन्छ । त्यसैले, लैंगिक पहिचानमा आधारित थर के रहने भन्ने विषय पनि व्यक्तिको भोगाइ र अनुभवमा पनि आधारित हुने रहेछ ।

लैंगिक पहिचान वैयक्तिक विषय हो, यसलाई परिवार र विवाहसँग जोडेर महिलाले पतिको थर र ठेगाना परिवर्तन गर्ने कानुन नै पितृसत्तात्मक सोचबाट निर्देशित छ । आमाले विवाहपश्चात् थर परिवर्तन गर्ने कानुनी व्यवस्था रहेसम्म जन्मदर्ता गर्ने सवालमा आमा र मामाको थर फरक हुन जान्छ । आमा र मामाको थर फरक भएपछि म आमाको थरमा होइन, मामाकै थरमा जन्मदर्ता गराउन चाहन्छु भन्दा राज्यले इन्कार गर्ने अवस्था पनि नहुने रहेछ । विवाहपश्चात् महिलाले नागरिकतामा थर र ठेगाना परिवर्तन गर्ने तथा पतिको नाम थप्न पाउने कानुनी व्यवस्था नै विभेदपूर्ण देखिन्छ । वास्तविक लैंगिक पहिचानका लागि यस प्रकारको विभेदकारी कानुनी व्यवस्था र अभ्यासको अन्त्य हुनु अत्यावश्यक छ ।

(शंकर नेपाल सरकारका अधिकृत हुन्)

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



भुटानी शरणार्थीका नाममा भएको ठगी काण्डलाई कसरी हेर्नुभएको छ ?

यसले नेपाली राजनीतिको कल्पनै नगरिएको पाटोलाई उदांगो बनाइदिएको छ । खासगरी हाम्रा राजनीतिक नेतृत्व र उच्च तहका कर्मचारी आफ्ना नागरिक बेचेर पैसा कमाउने धन्दामा पनि लाग्दा रहेछन् भन्ने देखाएको छ । साथै, यस प्रकरणले हाम्रा नागरिकहरू पनि नेता र कर्मचारीलाई पैसा बुझाएर अनागरिक बनेरै भए पनि अमेरिका जान लालायित रहेछन् भन्ने पनि देखाएको छ ।

माथिल्लो तहका राजनीतिज्ञ र कर्मचारीको गिरफ्तारीले दिएको सन्देश के हो ?

यस प्रकरणले दुइटा प्रस्ट सन्देश दिएको छ । पहिलो, नेपालमा गल्ती गरेको अवस्थामा जुनसुकै दर्जा र तहको मान्छे भए पनि ऊ दण्डित हुन सक्ने अवस्था अझै बाँकी नै छ । दोस्रो, ठुला भनिएका दलका ठुलै कहलिएका नेताहरूले पनि पैसाका लागि आफ्ना नागरिकलाई अनागरिक बनाएर बेच्न सक्छन् भन्ने सन्देश पनि यसले दिएको छ ।

यस प्रकरणले सत्ता गठबन्धन र नेपाली राजनीतिमा कस्तो प्रभाव पार्ला ?

लहरो तान्दा पहरो थर्किरहेको अवस्था भएकाले यसले धेरै ठुलो प्रभाव पार्न सक्छ । ठुला दलका ठुला नेताका मान्छे, तिनका पत्नी, सन्तान र सहयोगी पक्राउ परेको अवस्थामा दबाब त सबैतिरबाट आउँछ नै । यतिखेर प्रधानमन्त्री र गृहमन्त्रीले त्यस्तो दबाब कति झेल्न सक्नुहोला भन्ने प्रश्न उठिरहेको छ । यो घटना कानुनी निकासतिर प्रक्रियासम्मत बाटोबाट अघि बढ्यो भने यसले सत्ता गठबन्धनमै फेरबदल ल्याउन पनि सक्छ ।


प्रेरक प्रसंग

सबैका लागि नियम एउटै

कुनै समय लालबहादुर शास्त्री भारतका रेलमन्त्री थिए । मन्त्री भएर पनि उनको रहनसहन बिल्कुलै सामान्य थियो । उनी आफू पनि नियमको कडाइसाथ पालना गर्थे भने अरूबाट त्यस्तै अपेक्षा राख्थे ।

एकपटक शास्त्रीले वनारसबाट रेल चढ्नु थियो । तर, लाखौं कोसिस गरेर पनि उनी समयमै स्टेसन पुग्न सकेनन् । रेलले अघि बढ्ने संकेत पाइसकेको थियो । तर, जब गार्डले रेलमन्त्री स्वयं स्टेसन आइपुग्दै छन् भन्ने थाहा पाए, तब उनले हरियो झन्डा झुकाएर रातो झन्डा उठाए । रेल रोकियो ।

उता यात्रीहरू हैरान थिए । अघि बढ्ने संकेत पाइसकेर पनि किन रेल चलेन ? उनीहरू अचम्ममा परिरहेका थिए । थोरै समयमै शास्त्री स्टेसनमा पुगे र उनी आफ्नो क्याबिनतिर लम्किए । उनलाई देखेर तिनै गार्ड, जसले रेल रोकिदिएका थिए, उनी दौडीदौडी आए । उनले मन्त्रीसित भने- मन्त्रीज्यू, हजुर आउँदै हुनुहुन्छ भन्ने सुनेपछि मैले रेललाई रोकिदिएँ ।



गार्डको कुरा सुनेपछि यसो गार्डतिर हेरेर शास्त्री केही नबोली अघि बढे । गार्ड निकै खुसी भए । उनलाई आफ्नो कार्यबाट मन्त्री निकै खुसी भए भन्ने लाग्यो । सायद यही खुसियालीमा उनले आफ्नो पदोन्नति गरिदिनेमा उनी आशावादी भए । तर, दोस्रो दिन उनले एउटा पत्र पाए, जसमा लेखिएको थियो- आफ्नो ड्युटी ठिक ढंगले नगरेको हुनाले तपाईंलाई पदमुक्त गरिएको छ ।

शास्त्री नियम उल्लंघन सहन गर्न सक्दैनथे । ठूलाभन्दा ठूला पदमा आसीन व्यक्तिले पनि नियमलाई कडाइसाथ पालना गर्नुपर्छ भन्ने उनको मान्यता थियो । रेलका सयौं यात्रीलाई त्यसरी विनाकारण कुराइएको विषय उनका लागि कुनै हालतमा स्वीकार्य थिएन । त्यसैले उनले गार्डलाई पदमुक्त गराएका थिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सांसदलाई बजेट नबाँड

बजेट भाषण आउँदै गर्दा सांसदले निर्वाचन विकास खर्च पाउनुपर्ने भन्ने माग राखेका छन् । नीति बनाउन गएका सांसदलाई पैसा चाहिएको छ, विकासका नाउँमा कार्यकर्ता पोस्न । हिजो बन्द भइसकेको निर्वाचन क्षेत्र विकास खर्च फेरि ब्युँताउन दबाब दिएको खबर आएको सुन्दा अचम्म लाग्छ । कांग्रेसका अर्थमन्त्रीलाई कांग्रेसकै सांसदले दबाब दिएको खबर सुन्दा अचम्म लाग्छ ।

देशको अवस्था कर्मचारीलाई तलब खुवाउन नसक्ने छ, सांसदलाई भने बजेट चाहिएको छ । एउटा सांसदले आफ्नो निर्वाचन क्षेत्रको समस्या संसद्मा लगेर नीति बनाएर काम गरे भइहाल्यो नि ! बजेट दुरुपयोग गर्न रोक लगाऊ । सांसदलाई बजेट नबाँड ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

प्रहरीले खुट्टा नकँपाओस्

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने प्रकरणमा प्रहरीले निकै साहसका साथ काम गरिरहेको छ । यतिखेर उसले निकै चर्को दबाब झेल्नुपरिरहेको पनि हुन सक्छ । तर, उसले निकै साहससाथ अनुसन्धान र आरोपीलाई पक्राउ गर्ने कामलाई निरन्तरता दिइरहेको छ । पछिल्लो समयमा कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई पनि उसले निवासबाटै फक्राउ गरिसकेको छ । अब यसमा संलग्न अन्य आरोपीलाई पनि उसले छिटोभन्दा छिटो पक्राउ गरेर सार्वजनिक गर्नुपर्छ । यसमा खुट्टा कँपाउने काम नहोस् ।

● **सुजन परियार**
घट्टेकुलो, काठमाडौं

पुल मर्मत नगर्ने अब ?

संघीय राजधानी काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कबाट दैनिक हजारौं सवारीसाधन बाहिरिन्छन् र लगभग त्यति नै संख्यामा भित्रिन्छन् पनि । ती सबै सवारीसाधन भित्रिने चक्रपथमा बनेको विष्णुमती नदीमाथिको पुलबाटै हो । तर, वर्षौंअघि रिङरोड निर्माणका क्रममा बनेको सो पुल निकै जीर्ण भइसकेको छ । पुलको बीचबीचमा निकै ठूला ग्याप देखिन थालेका छन् । जुन ग्यापमा परेर साना चक्का हुने स्कुटीहरू दुर्घटनामै पर्ने खतरा बढेको छ । के अब यो पुल मर्मत नगर्ने नै हो ?

● **भूमिका त्रिपाठी**
गुणस्तरफाँट, काठमाडौं

नांगो अमरेश कि देशको प्रणाली ?

संसद् भवनमै सांसद अमरेश सिंहले आफ्नो सर्ट खोलेर आफू होइन, नेपालको सिस्टम नै नांगो भएको प्रमाणित गरिदिएका छन् । जब देशमा सुशासन र सिस्टम रहँदैन, जब देशका ठूला पार्टीका ठूला नेताहरू नै सिन्डिकेट बनाएर भ्रष्टाचारमा लिप्त हुन्छन्, तब देशै नांगो हुन्छ । नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने प्रकरणले राष्ट्रमा मात्र होइन, अन्तर्राष्ट्रिय रूपमा समेत नेपाल नांगो या बदनाम हुन पुगेको छ । यो राष्ट्रिय लज्जाको क्षतिपूर्ति कसले गर्ने ?

भ्रष्ट शासक, प्रशासक रहेसम्म देश यसरी नै नांगो भइरहनेछ । दण्डहीनता रहेसम्म देशमा सुशासन आउँदैन । त्यही सुशासनका विषयमा सांसद अमरेशले संसद्मा बोल्न खोजेका थिए । भ्रष्टाचार र दण्डहीनताले देश नांगिएको भनेर बोल्न खोजेका थिए । तर, संसद्मा बोल्न नपाएपछि उनको त्यो आक्रोश स्वाभाविक हो ।

कतिपय सांसदले अमरेशको मानसिक अवस्था ठिक नभएको भन्दै उनलाई उपचार आवश्यक रहेको बताए । तर, उपचार अमरेशलाई होइन, भ्रष्टाचार र कुशासन देखेर पनि नदेखेझैं गर्ने, आफ्ना नेताले जे गरे पनि कुनै कसुर नदेख्ने दास मानसिकता बोकेका नेता, कार्यकर्तालाई आवश्यक छ । पूरै देश नै नांगो र खोक्रो भइरहेको अवस्थामा एउटा सांसद नांगो हुनु कुनै ठूलो कुरा होइन । अमरेशलाई विशेष धन्यवाद दिनुपर्छ ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

पुटिनलाई 'भिक्टोरी डे'को सन्देश

पुटिनले दुइटा युद्ध हार्दै छन्, एउटा युक्रेनमा र अर्को 'द्वितीय विश्वयुद्ध'को भाष्यमा



देश / विदेश

● म्याक्सिमिलान हेस

सोभियत संघका लागि भिक्टोरी डे (विजय दिवस) महत्त्वपूर्ण उत्सवमध्ये एक रहिआएको छ । मस्कोले पश्चिमले भन्दा एक दिनपछि अर्थात् सन् १९४५ को ९ मेमा नाजी जर्मनीको पराजयको उत्सव मनाउने निर्णय गऱ्यो, किनभने बर्लिनमा आत्मसमर्पणको सम्झौतामा हस्ताक्षर हुँदै गर्दा समयले सोभियत रुसको राजधानी मस्कोमा मध्यरात काटिसकेको थियो ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका लागि भिक्टोरी डे रुस अजेय र न्यायप्रेमी छ भन्ने विश्वास दिलाउँदै २३ वर्षदेखि सत्तामा टिकिरहने आधार पनि हो । तर, यो वर्षको भिक्टोरी डेले पुटिनको समूहले कसरी आफ्नो पराजयको जग बसालेको छ भन्ने उजागर गरेको छ । यसका दुई कारण छन् । पहिलो, रुसी राष्ट्रपतिले युक्रेनमाथिको युद्धलाई भिक्टोरी डेको सम्मानमा समर्पित न्यायोचित लडाइँको निरन्तरताको रूपमा प्रस्तुत गरे, तर यो भ्रम कायम राख्न असफल भए । दोस्रो, उनको अन्यायपूर्ण र रक्तपातपूर्ण युद्धको असफलताले युक्रेन र अन्य पूर्वी युरोपेली देशलाई दोस्रो विश्वयुद्धको विजय कथाको भाष्यमाथि पुनः दाबी गर्न अनुमति दिएको छ । पुटिनको प्रोपोगान्डा र उनको शासनको वैधताका लागि भिक्टोरी डेको फन्डा कत्तिको महत्त्वपूर्ण छ भन्ने कुरालाई कम आँक्न सकिँदैन । बितेका २० वर्षमा भिक्टोरी डेको परेड प्रत्येक वर्ष थप भव्यताका साथ सम्पन्न हुँदै आएका थिए ।

पुटिनले भिक्टोरी डेको परेडमा ठूलो परिमाणमा सैन्य उपकरणहरूको प्रदर्शनसहितका थुप्रै सोभियत परम्परा पुनः समाविष्ट गरे । उनले दोस्रो विश्वयुद्ध लडेका पुर्खाका तस्बिर लिएर नागरिकहरू सामूहिक जुलुसमा सामेल हुने तथाकथित 'अमर रेजिमेन्ट' मार्चको अनुसरण गरे । सन् २०१४ पछि भने क्रेमलिनले युक्रेनलाई नाजी शासनको उत्तराधिकारीको रूपमा चित्रण गर्ने प्रोपोगान्डासँग यो जनभावनालाई मिसाउन थाल्यो । मस्कोको भिक्ट्री म्युजियमले पनि महान् देशभक्तिपूर्ण युद्ध अर्थात् द्वितीय विश्वयुद्धको कथालाई युक्रेनको द्वन्द्वसँग गाँसेको छ ।

निःसन्देह रुसमा यो भाष्यबाट ओतप्रोत व्यक्ति छन्, तर गत वर्षको परिघटनाले यसलाई गम्भीर रूपमा कमजोर पारेको छ । पछिल्लो एक वर्षमा देश छाडेर भागेका रुसीहरूको संख्यालाई हेर्दा यो प्रस्ट हुन्छ । तिनको संख्या ५-१० लाखको बीचमा छ । क्रेमलिनले भनेझैं 'विशेष सैन्य अभियान'का लागि रुसी जनतामा उत्साह नदेखिँदा पुटिन भाडाका सैनिकमाथि भर पर्न बाध्य भएका छन् ।

रुसको अहिलेको सबैभन्दा महत्त्वपूर्ण युद्ध नै 'पुटिनका भान्छे' भनेर चिनिने यवगेनी प्रिगोजिनको निजी सैन्य कम्पनी वाग्नरमा भर्ती भएकाहरूले लडिरहेका छन्, जुन डोनेट्स्कको एक सानो सहर बखमुतमा विगत ६ महिनायता जारी छ । हालैका दिनमा प्रिगोजिनले रक्षा मन्त्रालयसँगको आफ्नो विवाद सार्वजनिक गर्दै आफ्ना सेनालाई पर्याप्त सैन्य सामग्री उपलब्ध नगराए उक्त लडाइँबाट पछि हट्ने धम्की दिन थालेका छन् । प्रिगोजिन र रुसी सेनापति दुवैले पुटिनलाई यो विजय दिवसमा उपहार दिन बखमुत वा अन्यत्र कतै पनि ठूलो विजय हासिल गरेनन् । बरु, उनीहरूको झगडा सार्वजनिक भयो ।

अझ खराब त के भने रुसले आफ्नो भूभाग नै सुरक्षित गर्न नसकेको देखिन्छ । कम्तीमा ६ वटा रुसी क्षेत्रले युक्रेनी आक्रमणको निसाना बन्न सक्ने चेतावनी दिँदै भिक्टोरी डेको परेडलाई रद्द गरे । मस्कोको अमर रेजिमेन्ट मार्चसमेत स्थगित गरियो । पूर्ण युद्धको सुरुवातमा क्रेमलिनले किभलाई तीन दिनभित्र कब्जामा लिने दाबी गरेको थियो । तर, आज ४४० दिन बितिसक्दा पनि रुसी सेना र उसका भाडाका सैनिक



तस्बिर : रोयटर्स/गाब्रिल प्रिभोरोभ

बखमुतमा समेत विजयको नजिक पुगेका छैनन् । यद्यपि पुटिनले आफ्नो रणनीतिमा पुनर्विचार गर्ने कुनै संकेत देखाएका छैनन् । उनको शासनको वैधता युक्रेनको द्वन्द्वमा निर्भर हुन पुगेको छ । उनी अझै किभलाई सहयोग गर्दा गर्दा पश्चिमाहरू थाक्ने विश्वासमा छन् । तर, युक्रेनको युद्धले पुटिनको वैधानिकतालाई क्षय गरिरहँदाको यो प्रतीक्षाको खेलले पुटिनलाई नै जोखिम सिर्जना गर्दै छ ।

यो क्षेत्रमा भिक्टोरी डेकाबारेमा एक नयाँ भाष्य उत्पन्न भइरहेको छ, जुन वास्तवमा फासीवादी आक्रमणको प्रतिरोध गर्ने उसको मूल भावनामा समाहित छ । युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले भिक्टोरी डेको पूर्वसन्ध्यामा मे ८ मा नाजीवादमाथिको विजयको यो उत्सव युक्रेनले अन्य युरोपेली मुलुकसँगै मनाउन र मे ९ मा युरोप दिवस मनाउन प्रस्ताव गरे ।

दोस्रो विश्वयुद्धमा रुसको तुलनामा युक्रेनी धेरै मारिएका थिए । त्यसैले पनि पुटिनको आक्रमणको प्रतिरोध गरिरहँदा फासीवादविरुद्धको लडाइँको विरासतमा दाबी गर्ने अधिकार आज किभसँग बढी छ । पोल्यान्ड, चेक रिपब्लिक, स्लोभाकिया र बुल्गेरियाले पनि मे ९ मा भिक्टोरी डे मनाउन छोडेका छन् । यसको सट्टा मे ८ मा इयूका मित्रहरूसँगै मनाए । उनीहरूले पनि युद्धबारेको सोभियत भाष्यलाई पुनर्जीवित गर्ने क्रेमलिनको प्रयासलाई चुनौती दिइरहेका छन् । यो पुटिनको प्रोपोगान्डालाई मात्र होइन, वैधताको उनको दाबीलाई पनि प्रत्यक्ष चुनौती दिने एउटा महत्त्वपूर्ण प्रक्रिया हो ।

एउटा पूर्ण युद्धको नेतृत्व गरिरहेका पुटिन पश्चिमाहरूले युक्रेनलाई 'रुसविरोधी'मा परिणत गरेको र पश्चिमको सहयोगमा युक्रेनी सेनाले रुसी भाषा, संस्कृति र इतिहासलाई उन्मूलन गर्न खोजेको आरोप लगाउँदै छन् । निःसन्देह, जातीय सफायाको उनको दाबी झुटो साबित हुनेछ । रुसीभाषी युक्रेनीहरूले रुसी सैनिकलाई गरेको शत्रुतापूर्ण स्वागतले यो मिथकलाई भत्काउँछ । तर, पुटिन एउटा कुरामा भने सही छन्- युक्रेन रुसविरोधी विशेषगरी पुटिनविरोधीमा परिणत भइरहेको छ । युक्रेनमा युद्धको सुरुवात गरेर र रुसी जीवनको पर्वाह नगरी घातक लडाइँ जारी राखेर पुटिनले आफ्नो पतनको आधार तयार पारेका छन् । भावी भिक्टोरी डेहरूमा नाजी जर्मनी र पुटिनको रुस दुवैको पराजयको उत्सव मनाउनेछ ।

(हेस फरेन पोलिसी रिसर्च इन्स्टिच्युटका फेलो हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई आठ दिन हिरासतमा राख्न अनुमति

इस्लामाबाद/ पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई अदालतले आठ दिन हिरासतमा राख्न अनुमति दिएको छ। भ्रष्टाचारविरोधी निकाय नेसनल एकाउन्टेबिलिटी (एनएबी)ले राजधानी इस्लामाबादको अदालतमा खानलाई भ्रष्टाचार मुद्दामा सोधपुछका लागि १० दिन हिरासतमा राख्न अनुमति मागेकोमा अदालतले आठ दिन अनुमति दिएको भारतीय समाचार संस्था एनडिटिभीले जनाएको छ।

नेसनल एकाउन्टेबिलिटी ब्युरो (एनएबी) का डेपुटी प्रोसिक्युटर जनरल सरदार मुजफ्फर अब्बासी र विशेष अभियोजक रफिक मसुद पनि अदालतमा उपस्थित थिए। अदालतमा एनएबीको तर्फबाट सरकारी वकिल सरदार जुल्कारनैन र अनुसन्धान अधिकृत मियाँ ओमर नदिमले प्रतिनिधित्व गरेका थिए।



खान नियमित सुनुवाइका लागि अदालत उपस्थित हुने क्रममा मंगलबार अदालत परिसरबाटै पक्राउ परेका थिए। उनलाई प्रहरी प्रधान कार्यालयको विशेष अदालतमा बन्द ढोकामा हाजिर गर्नुअघि राति अज्ञात स्थानमा लगिएको थियो।

आफूलाई हिरासतमा यातना दिइएको र वासरुम प्रयोग गर्नसमेत नदिइएको खानले अदालतमा बताएका थिए। पूर्वक्रिकेटर खानले आफूलाई 'स्लो हार्ट अट्याक' गराउन इन्जेक्सन दिइएको आरोपसमेत लगाएका छन्। इस्लामावाद अदालतले यस विषयमा आगामी मे १७ मा सुनुवाइ गर्नेछ।

पाकिस्तानका अर्धसैनिक बलले खानलाई गिरफ्तार गरेपछि देशभर व्यापक विरोध प्रदर्शन भएको छ। प्रदर्शनका कारण सार्वजनिक सम्पत्तिमा क्षति पुगेको छ। खानको गिरफ्तारीपछि सुरु भएको प्रदर्शनका कारण पाकिस्तानको सबैभन्दा बढी जनसंख्या भएको प्रान्त पन्जाबमा करिब एक हजारजनालाई पक्राउ गरिएको प्रहरीले बुधबार जनाएको छ। 'प्रहरी टोलीले पञ्जाब प्रान्तभरिबाट ९४५ जनालाई पक्राउ गरेको छ,' अधिकारीहरूले बताएका छन्। खानलाई गिरफ्तार गरेपछि भएको हिंसामा १३० भन्दा बढी प्रहरी घाइते भएका छन्।

यसैबीच, विरोध प्रदर्शनका कारण राजधानी इस्लामाबादमा सेना तैनाथ गर्न पाकिस्तानको मन्त्रिपरिषद्ले अनुमोदन गरेको छ। बुधबार प्रधानमन्त्री शहबाज सरिफको नेतृत्वमा बसेको बैठकमा मन्त्रिपरिषद्ले आगजनी र हिंसात्मक घटनामा संलग्न व्यक्तिहरूलाई देशको आतंकवादविरोधी कानुनअन्तर्गत मुद्दा चलाउन सिफारिस गरेको हो।
यसअघि पूर्वी प्रान्त पन्जाबमा कानुनी व्यवस्था सुनिश्चित गर्न सरकारले सेनाको सहयोग माग गरेको थियो।

श्रीलंकालाई विश्व बैंकले २० करोड डलर सहयोग गर्ने

कोलम्बो/ श्रीलंकाको मन्त्रिपरिषद्ले सामाजिक सुरक्षा कार्यक्रमका लागि २० करोड अमेरिकी डलर प्राप्त गर्न विश्व बैंकसँग छलफल सुरु गर्ने प्रस्ताव स्वीकृत गरेको छ। राष्ट्रपति रानिल विक्रमासिंघेले अर्थमन्त्रीको हैसियतमा उक्त प्रस्ताव गरेको मन्त्रिपरिषद्का प्रवक्ता बन्दुला गुणवर्धनेले सञ्चारकर्मीलाई जानकारी दिए। श्रीलंकाले अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोगमा ४८ महिने विस्तारित कोष सुविधाको एक भागको रूपमा देशको सबैभन्दा कमजोर समूहहरूको सुरक्षाका लागि एक बलियो सामाजिक सुरक्षा सञ्जाल लागू गर्न सहमत भएको गुणवर्धनेले बताए।

इतिहासमा आज

मे ११



सन् १९९८ : भारतद्वारा आणविक हतियारको शृंखलाबद्ध परीक्षण। भारतले शृंखलाबद्ध रूपमा आणविक हतियारको परीक्षण गरेपछि यो क्षेत्रमा आणविक द्वन्द्वको त्रास बढ्नुका साथै अन्तर्राष्ट्रिय रूपमै विरोध भयो।

सन् १९९५ : आणविक हतियारको प्रसार रोक्न १७० भन्दा धेरै मुलुक निःसर्त र अनिश्चितकालसम्मका लागि आणविक अप्रसार सन्धि विस्तार गर्न सहमत भए।

सन् १९८५ : रंगशालामा आगलागी हुँदा ५६ फुटबल समर्थकको जलेर मृत्यु। लिंकन सिटीविरुद्ध खेल चलिरहेको समयमा इंग्ल्यान्डस्थित भ्याली परेड फुटबल मैदानका काठका संरचनामा आगो लागेको थियो। आगो लाग्दा बाहिर निस्किने ढोका बन्द थिए। आगलागी फोहोरदानीमा फालिएको चुरोटको ठुटाबाट सुरु भएको थियो।

सन् ८६८ : चीनमा अहिलेसम्मकै पुरानो मुद्रित पुस्तक फेला पऱ्यो। 'डामन्ड सूत्र (हिरक सूत्र)'नामक पुस्तक महायान बुद्धिजमको महत्त्वपूर्ण पुस्तकमध्ये एक हो। हिरक सूत्रको यो प्रति अहिले बेलायतस्थित 'द ब्रिटिस लाइब्रेरी'मा छ।

विश्व संक्षेप

'बंगलादेशको आर्थिक वृद्धिदर चीनको भन्दा बढी'

ढाका/ अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले एसिया-प्रशान्त क्षेत्रको प्रक्षेपणसम्बन्धी गरेको पछिल्लो प्रतिवेदनअनुसार चालू आर्थिक वर्षमा बंगलादेशको कुल गार्हस्थ उत्पादन वृद्धिदरले चीनलाई उछिन्ने देखिएको छ।

आइएमएफको पछिल्लो प्रतिवेदनअनुसार चालू आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन वृद्धिदरका आधारमा बंगलादेश भियतनामपछि दोस्रो स्थानमा रहनेछ। आइएमएफको एसिया र प्रशान्त क्षेत्रका लागि क्षेत्रीय आर्थिक मूल्यांकन (मे २०२३ को रिपोर्ट)ले पनि बंगलादेशले सन् २०२४ मा वृद्धिको हिसाबले चीनलाई उछिन्न सक्ने अनुमान गरेको छ। बंगलादेशमा सन् २०२३ मा कुल गार्हस्थ उत्पादन वृद्धिदर ५.५ प्रतिशतमा खुम्चिनेछ, जुन चीनको अनुमानित ५.२ प्रतिशतको वृद्धिदरभन्दा अझै बढी रहेको डेली सनले जनाएको छ।

यद्यपि चीनको अर्थतन्त्र बंगलादेशको भन्दा निकै ठूलो छ। आइएमएफको प्रतिवेदनअनुसार बंगलादेशका लागि हालै स्वीकृत विस्तारित कोष सुविधाले युक्रेनमा रुसको युद्धका कारण उत्पन्न आर्थिक चुनौतीलाई सम्बोधन गर्न मद्दत गर्नेछ।

प्रतिवेदनले विशेषगरी बंगलादेश र प्रशान्त टापुहरूसहित यस क्षेत्रका कमजोर उदीयमान बजारमा जलवायु परिवर्तन अनुकूलनका लागि वित्तीय सहायता सुरक्षित गर्न, अन्तर्राष्ट्रिय सहयोगको महत्त्वलाई उजागर गरेको डेली सनको रिपोर्टमा उल्लेख छ। बंगलादेशको तीव्र आर्थिक विकासका बाबजुद आइएमएफका अधिकारीले देशको केही समष्टिगत आर्थिक सूचकबारे चिन्ता व्यक्त गरेका छन्।

म्यान्मार हिंसाप्रति आसियान नेताले गरे चिन्ता

यांगुन/ दक्षिणपूर्वी एसियाली राष्ट्रहरूले म्यान्मारमा जारी हिंसाप्रति गहिरो चिन्ता व्यक्त गरेका छन्। उनीहरूले देशमा मानवीय सहायता प्रदान गर्ने कूटनीतिज्ञहरूको गाडीमाथि हालै भएको आक्रमणको निन्दा गरेका छन्। इन्डोनेसियामा भएको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को शिखर सम्मेलनमा भएको वार्तामा जुन्ता शासित म्यान्मारमा भएको राजनीतिक थिचोमिचोप्रति सबैको ध्यान आकृष्ट भएको छ।

आसियानले संकट समाधानका लागि कूटनीतिक प्रयासको नेतृत्व गरेको छ।तर, सन् २०२१ मा भएको सैन्य 'कु'ले निम्त्याएको रक्तपात रोक्न अहिलेसम्मका प्रयास असफल भएका छन्। आसियानका नेताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी म्यान्मारमा जारी हिंसाप्रति गहिरो चिन्ता व्यक्त गर्छौं र मानवीय सहायता र समावेशी राष्ट्रिय संवादको सुरक्षित र समयमै वितरणका लागि अनुकूल वातावरण सिर्जना गर्न सबै प्रकारका हिंसालाई तत्काल अन्त्य गर्न र अनावश्यक बल प्रयोग नगर्न आग्रह गर्छौं।'

अमेरिकामा कोभिड-१९ मृत्युको चौथो प्रमुख कारण

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकामा सन् २०२२ मा मृत्युको चौथो प्रमुख कारण कोभिड-१९ रहेको अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) ले जनाएको छ। मुटुरोग, क्यान्सर र अनजानमा हुने चोटपटकपछि मृत्युको चौथो प्रमुख कारण कोभिड-१९ रहेको सिडिसीले बिहीबार प्रकाशित प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा सन् २०२२ का लागि अस्थायी अमेरिकी मृत्युदरको तथ्यांकको सिंहावलोकन गरिएको छ, जसमा सन् २०२१ को मृत्युदरसँग पछिल्लो मृत्युको तथ्यांकको तुलना गरिएको छ।

सन् २०२२ मा अमेरिकामा ३० लाखभन्दा बढीको मृत्यु भएकोमा दुई लाख ४४ हजार ९८६ जनाको मृत्युमा कोभिड-१९ को कारण देखिएको प्रतिवेदनमा उल्लेख छ। अफ्रिकी मूलका अमेरिकी र अलास्का मूलका बासिन्दामा समग्र मृत्युदर र कोभिड-१९ सँग सम्बन्धित मृत्युदर सबैभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ। 'अल्पायुमै हुने मृत्यु अनुमानले मृत्युदरको प्रवृत्तिमा परिवर्तनको प्रारम्भिक संकेत प्रदान गर्छ र कोभिड-१९ महामारीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित मृत्युसहित मृत्युदर घटाउने उद्देश्यले सार्वजनिक स्वास्थ्य नीति र हस्तक्षेपहरूलाई मार्गदर्शन गर्न सक्छ,' रिपोर्टमा भनिएको छ।

MOUNTAIN HYDRO NEPAL LIMITED

Tahachal, Kathmandu-13, Nepal, Phone No.: 01-5903442
Email:mountainhydronepal@gmail.com

UNAUDITED STATEMENT OF FINANCIAL POSITION

As at 30th Chaitra 2079 (13th April. 2023) 'NPR

Particulars	This Quarter Ending in 30th Chaitra 2079 in Rs. (Unaudited)	Previous Quarter Ending in 30th Poush 2079 in Rs. (Unaudited)	Corresponding Previous Year Quarter Ending 30th Chaitra 2078 in Rs. (Unaudited)
ASSETS			
NON CURRENT ASSETS			
Property, plant & equipment (Net block)	6,457,974	6,457,974	6,411,829
Intangible Assets	4,270,665,343	4,300,223,282	4,339,379,945
Financial assets			
Investment in subsidiaries	50,000,000	50,000,000	50,000,000
CURRENT ASSETS			
Financial assets			
Cash & cash equivalents	1,148,819	3,490,076	1,129,843
Receivables	56,841,793	67,869,530	55,604,559
Other financial assets	178,500	50,178,500	192,000
Other current assets	45,153,693	56,603,092	80,906,049
TOTAL ASSETS	4,430,446,122	4,534,822,454	4,533,624,224
EQUITY & LIABILITIES			
EQUITY			
Equity share capital	1,250,000,000	1,250,000,000	1,250,000,000
Other equity			
Advance for Share Capital	-	-	-
Reserve & surplus	82,778,533	122,658,521	(25,758,093)
NON CURRENT LIABILITIES			
Long Term Borrowings	2,842,176,194	2,872,176,194	3,046,176,194
CURRENT LIABILITIES			
Financial liabilities			
Trade payables	70,298,099	71,923,950	65,764,950
Other Financial Liabilities	68,459,772	90,903,846	60,377,539
Other current liabilities	116,733,523	127,159,942	137,063,633
TOTAL EQUITY & LIABILITIES	**4,430,446,122**	**4,534,822,454**	**4,533,624,224**

Unaudited Statement of Profit or Loss

Particulars	This Quarter Ending in 30th Chaitra 2079 in Rs. (Unaudited)	Previous Quarter Ending in 30th Poush 2079 in Rs. (Unaudited)	Corresponding Previous Year Quarter Ending 30th Chaitra 2078 in Rs. (Unaudited)
INCOME			
Income From Power Sales	451,254,112	365,872,468	467,588,667
Total Income	**451,254,112**	**365,872,468**	**467,588,667**
Expenses			
Employee benefit expenses	12,338,822	8,282,499	13,197,985
Royalty Expenses	8,850,043	7,257,183	-
Depreciation	122,765,504	81,898,126	124,701,108
Administrative Expenses	21,453,769	8,542,104	20,085,185
Profit / (loss) from operations	**285,845,974**	**259,892,556**	**309,604,389**
Other income	1,072,908	519,143	839,731
Finance Costs	208,368,783	139,914,683	195,663,216
Provisions for Interest	-	-	-
Profit/loss before tax	**78,550,099**	**120,497,017**	**114,780,903**
Less: Tax			
Current tax	-	-	-
Deferred tax	-	-	-
Net profit/(loss) for the period	**78,550,099**	**120,497,017**	**114,780,903**

Note: The figures are regrouped and rearranged where necessary.
Financial Statements are prepared in accordance with the applicable Nepal Financial Reporting Standards (NFRS).
The unaudited financial figure are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्कासन नियमावलि २०७३
(अनुसुचि-१४ ,नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
आ.व २०७९/८० को तेस्रो त्रैमासीक प्रतिवेदन

१) वित्तिय विवरण

क) आ.व २०७९।८० को तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि वित्तिय विवरण यसै साथ संलग्न गरिएको छ।

ख) उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तिय अनुपात निम्नानुसार छ।

प्रतिशेयर आम्दानि	६.२८	प्रतिशेयर कुल सम्पत्तिको मुल्य	१.७७%
प्रतिशेयर नेटवर्थ	१०६.६२	मुल्य आम्दानि अनुपात	४८.०६
तरलता अनुपात	०.४०		

२) व्यवसायिक विश्लेषण

यस कम्पनीद्वारा निर्माण गरिएको तल्लो हेवा खोला ज.वि.आ.(२२.१ मे.वा) मिति २०७६/०४/२१ देखि नै संचालनमा आएको र आयोजना संन्तोषजनक रुपमा संचालन भई विद्युत उत्पादन भई रहेको छ। यस आयोजना वाट २०७९।८० को तेस्रो त्रैमासिक अवधी सम्ममा रु.४५,१२,५४,११२। बरावरको विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरण लाई विक्रि गरेको छ।

३) कानुनी कारवाहि सम्वन्धि विवरण

क) यस कम्पनी र सिभिल निर्माणका ठेकदार हिमाल हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि. बिचको लेनदेन सम्वन्धि विवादका सम्वन्धमा मध्यस्थताको निर्णयमा चित्त नबुझि उच्च अदालत पाटनमा मध्यस्थको निर्णय बदरको लागि निवेदन दर्ता गरिएको छ। उच्च अदालतमा सो मुद्दा अझै विचाराधिनमा रहेको छ।

ख) यस त्रैमासिक अवधिमा संस्थाको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन।

४) संस्थाको शेयर कारोवार सम्वन्धमा

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृति बाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयर को अधिकतम, न्यूनतम मुल्य, कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेभसाइट अनुसार निम्न लेखिए बमोजिम रहेको छ।

अधिकतम मूल्य रु.	३५५	कारोवार दिन	५६
न्यूनतम मूल्य रु.	२८०	कारोवार संख्या	७४२०
अन्तिम मूल्य रु.	३०२	कारोवार शेयर संख्या	१८८०१५१
कारोवार रकम	६०१०२२०११.४०		

५) समस्या र चुनौतिहरू

संस्थाले बहन गर्नु परेको समस्या र चुनौतिहरू विद्युत उत्पादन सम्वन्धि व्यवसायमा संलग्न अन्य संस्थाहरू सरह नै छन्। आईपर्ने समस्या र चुनौति समाधानका उपायहरू बारे संचालक समितिले समय समयमा समिक्षा गरि रणनिति बनाई सो को निराकरणको उपाय अवलम्वन गर्ने गरेको छ।

६) संस्थागत सुसासन

कम्पनीले संस्थागत सुशासनका लागि संस्थाको विनियमावलिहरू तयार भई रहेको छ र कर्मचारी वृत्ति विकास को समेत उचित व्यवस्था गरेको छ। प्रचलित कानुनको पूर्ण पालना गरि कम्पनीको काम कार्वाहीहरू संचालन भएका छन्। यसै त्रैमासिक अवधीमा मिति २०७९।०९।२७ का दिन सातौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। सभावाट कम्पनीमा रिक्त रहेको संचालक पद २ मा संस्थापक शेयरधनि समुहबाट श्रीमती करुणा गौतम र श्रीमती रिता तिमल्सिना निर्वाचित हुनु भएको छ।

७) सत्य, तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उद्घोषन

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य,तथ्य र पुर्ण छन् र लगानि कर्ताहरूलाई सू-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन।

Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke

Unaudited Financial ResultS(Quaterly)

As at 3rd Quarter (2079/12/30) of the Fiscal Year 2079/080 (Rs. in '000)

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**2235728.00**	**2343953.00**	**2461418.00**
1.1	**Paid-up Capital**	106148.00	65625.00	42000.00
1.2	Reserves and Surplus	117492.00	155308.00	156610.00
1.3	Debenture and Bond			
1.4	Borrowings	720221.00	812251.00	1026717.00
1.5	Deposits (a+b)	1092991.00	1102145.00	972882.00
	a. Domestic Currency	1092991.00	1102145.00	972882.00
	b. Foreign Currency			
1.6	Income Tax Liabilities	654.00	23603.00	12779.00
1.7	Other Liabilities	198222.00	185021.00	250430.00
2	**Total Assets (2.1 to 2.7)**	**2235728.00**	**2343953.00**	**2461418.00**
2.1	Cash & Bank Balance	223510.00	152572.00	81400.00
2.2	Money at call and short Notice			
2.3	Investments			1200.00
2.4	Loans & Advances (a+b+c+d+e+f)	1958236.00	2121587.00	2288191.00
0	a. Real Estate Loan	0.00	0.00	0.00
0	1. Residential Real Estate Loan (Except Personal Home Loan uptoRs 10 million)			
0	2. Business Complex & Residential Apartment Construction Loan			
0	3. Income generating Commercial Complex Loan			
0	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)			
0	b. Personal Home Loan of Rs. 10 million or less			
0	c. Margin Type Loan			
0	d. Term Loan	1958236.00	2121587.00	2288191.00
0	e. Overdraft Loan / TR Loan / WC Loan			
0	f. Others			
2.5	Fixed Assets	12082.00	11887.00	14076.00
2.6	Non-Banking Assets			
2.7	Other Assets	41900.00	57907.00	76551.00
3	**Profit and Loss Account**			
3.1	Interest income	232176.00	158325.00	213291.00
3.2	Interest Expense	142641.00	95423.00	114015.00
A	**Net Interest Income (3.1-3.2)**	**89535.00**	**62902.00**	**99276.00**
3.3	Fees Commission and Discount	800.00	428.00	
3.4	Other Operating Income	22340.00	17907.00	35097.00
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**112675.00**	**81237.00**	**134373.00**
3.6	Staff Expenses	76820.00	47136.00	66856.00
3.7	Other Operating Expenses	12722.00	8428.00	14816.00
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**23133.00**	**25673.00**	**52701.00**
3.8	Provision for Possible Loss	27644.00	45648.00	12071.00
D	**Operating profit (C-3.8)**	**(4511.00)**	**(19975.00)**	**40630.00**
3.9	Non-Operating Income/Expenses (Net)	-197.00	-9.00	-384.00
3.10	Write Back of Provision for Possible Loss	7130.00	3882.00	7084.00
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**2422.00**	**(16102.00)**	**47330.00**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**2422.00**	**(16102.00)**	**47330.00**
3.12	Provision For Staff Bonus	242.00		4733.00
3.13	Provision For Tax	654.00		12779.00
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**1526.00**	**(16102.00)**	**29818.00**
4	**Ratios**			
4.1	Capital Fund to RWA	11.15%	10.45%	9.47%
4.2	Non-Performing Loan (NPL) to Total Loan	5.74%	7.15%	1.59%
4.3	Total Loan Loss Provision to total NPL	73.71%	62.61%	164.07%
4.4	Cost of Funds	10.85.%	9.96.%	10.00%
4.5	CD Ratio (Calculated as per NRB Directives)	108%	110.82%	114.43%

Note: Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.

Interest on deposit and Loan & Advance **Deposit :** 7.5% to 10% **Loan & Advance** 8.5% to 15%

नोट: सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशनदिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०७९/८० को तेश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
१.९२	७४०.७२	१९५.२२	२२३६.३९	१८.६८

२. व्यवस्थापकिय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुखकारण सम्वन्धि विवरण :
आर्थिक वर्ष २०७९/०८० को तेश्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यवस्थापन गरि कर्जा लागानी एंव बचत परिचालन गरिएको छ, व्यवस्थापकिय योजना अनुरुपसंस्थाको नाफा वृद्धि हुन सकेको छैन। वित्तीय बजारमा देखिएको तरलताको संकट निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :
प्रादेशिक स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण क्षेत्रमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनि प्रदेशका सम्पुर्ण जिल्लाहरूमा कार्यक्रम विस्तार गरि कार्यक्रम संचालन गरि थपकर्जा लगानी तथा बचत संकलनलाई वृद्धि गर्दै लैजाने देखिन्छ। यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागी संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेकोछ। सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमाकर्जा प्रवाहगरि दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेकोछ। चालु आर्थिक वर्ष २०७९/८० मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागी प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्य कुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेकोछ। व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागी आवश्यक कामहरू भईरहेका छन। वित्तीय संस्थाले प्रदानगर्ने सेवातथा सुविधाहरूलाई सदस्यको आवश्यक्ता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
महामारीको जोखिममयुक्त समयमा पनि सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको विश्वास उत्साहजनक छ। सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मक परिणामले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ वृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएकोछ। कर्जा सुचना केन्द्रको प्रभावकारीता वृद्धि हुदै जाँदा जोखिमहरू क्रमशःन्यून हुँदै जाने देखिन्छन्।

३. कानुनीकारवाही सम्बन्धी विवरण :

(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापकवा सञ्चालकको विरुद्धमा प्रचलितनियमको अवज्ञा वाफौजदारी सम्वन्धी मुद्दादायर भएको कुनै सूचना प्राप्त नभएको।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथानियमको परिधिभित्र रही प्रवाहित गरिने छ। लगानीकर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०७९/०९/०१ देखि २०७९/१२/३० सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ। (श्रोत : https://newweb.nepalstock.com)

अधिकतम मूल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोवार भएको कुलदिन	कारोवार संख्या	शेयर कारोबार(कित्ता)
३९५१.४	१२७०	१४२०	५६	४८३०	१२३६१८

५. समस्या तथा चुनौती:
वित्तीय वजारमा बढ्दो तरलताको संकट एवं संघर्ष समिति तथा पटक पटकको महामारीका कारण सिर्जित समस्याका कारण सदस्यहरूको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ। व्याजदरमा आएको वृद्धिले कार्यक्रम विस्तारको योजनालाई प्रभावित पार्न सक्ने देखिन्छ। एकल संस्थावाट मात्र कर्जा लिने प्रावधानले तत्काल सदस्यहरूमा केही समस्या उत्पन्नहुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता, तरलता संकट र कर्मचारीहरूको दक्षता अभिवृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायवाट अप्रत्याशितरुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।

६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्वन्धित ऐन, कानुन तथा नीतिनियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्धर प्रतिवद्ध रहँदै आएको छ। नेपाल राष्ट्र बैकवाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै वि

वीरगन्जका उपभोक्ताले पेट्रोल र डिजेल सस्तोमा पाउने गरी आयल निगमको नीतिगत निर्णय

नयाँ पत्रिका
काठमाडौं, २७ वैशाख

वीरगन्ज क्षेत्रका उपभोक्ताले सस्तो मूल्यमा पेट्रोल र डिजेल किन्न पाउने गरी आयल निगमको सञ्चालक समिति बैठकले नीतिगत निर्णय गरेको छ। आयल निगमले बाराको अमलेखगन्जस्थित मधेस प्रादेशिक कार्यालयबाट वीरगन्ज क्षेत्रका पम्पमा पेट्रोल र डिजेल वितरण गर्दै आएको छ। निगमको डिपोबाट १५ किलोमिटरभन्दा टाढाका पम्पले निर्धारित मूल्यमा ढुवानी खर्च जोडेर उपभोक्तालाई पेट्रोल र डिजेल बिक्री गर्न पाउने व्यवस्था छ।

अमलेखगन्जस्थित निगमको डिपोबाट वीरगन्ज ३५ किलोमिटरको दूरीमा छ। जसकारण, वीरगन्ज क्षेत्रका पम्प व्यवसायीले आयल निगमद्वारा निर्धारित मूल्यमा ढुवानी खर्च जोडेर पेट्रोल र डिजेल बिक्री गर्दै आएका छन्। व्यवसायीले ढुवानी खर्च जोड्दा वीरगन्ज क्षेत्रका उपभोक्तालाई आयल निगमबाट निर्धारण गरिएभन्दा ५० पैसादेखि डेढ रुपैयाँ प्रतिलिटरसम्म पेट्रोल-डिजेल महँगो पर्दै आएको हो।

औद्योगिक तथा व्यापारिक क्षेत्रको पहिचान बनाएको वीरगन्जमा पेट्रोलियमको मूल्य तुलनात्मक रूपमा महँगो हुँदा उपभोग्य वस्तु तथा सेवाको मूल्यमा असर परेको भन्दै व्यवसायीले गुनासो गर्दै आएका थिए। व्यवसायीको निरन्तर गुनासो र पर्सा १ बाट निर्वाचित सांसद प्रदीप यादव तथा पर्सा ४ बाट निर्वाचित उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री रमेश रिजालको चासोपछि आयल निगमले वीरगन्जस्थित कार्यालयबाटै सो क्षेत्रका लागि पेट्रोल-डिजेल वितरण गर्ने निर्णय गरेको हो।

निगमको वीरगन्जमा कार्यालय रहे पनि एक वर्षभन्दा बढी समयदेखि सो क्षेत्रका पम्पमा अमलेखगन्जदेखि नै तेल वितरण हुँदै आएको थियो। वीरगन्ज कार्यालयमा डिजेल भने अमलेखगन्जबाटै जानेछ, तर वीरगन्जसम्मको ढुवानी खर्च निगमले नै व्यहोर्ने निर्णय गरेको छ। वीरगन्जबाटै पेट्रोल र डिजेलको बिलिङ भएपछि सो क्षेत्रका उपभोक्ताले प्रतिलिटर डेढ रुपैयाँसम्म सस्तोमा पेट्रोल-डिजेल खरिद गर्न पाउनेछन्।

दुई दशकपछि सडक सञ्जालले जोडिँदै मनाङको नार्पाभूमि

लमजुङ / गण्डकी प्रदेशको ८५ वटा स्थानीय तहमध्ये अहिलेसम्म सडक सञ्जालले नछोएको एक मात्र मनाङको नार्पाभूमि गाउँपालिका सडक सञ्जालले जोडिने भएको छ। सडक विस्तार भएको २० वर्षपछि हिमाली जिल्ला मनाङको नार्पाभूमि गाउँपालिका सडक सञ्जालले जोडिने भएको हो।

नार्पाभूमिमा विस्फोटक पदार्थ प्रयोग गरी पहाड फोरेर सडकको ट्र्याक खोलिएको मनाङकी प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेलले बताइन्। उनका अनुसार जिल्ला सुरक्षा समितिको बैठकको निर्णयपछि विस्फोटक पदार्थ प्रयोग गरी नेपाली सेनाको सहयोगमा नार्पाभूमिको कोतो-च्याँखुको नार्फु सडकखण्डको ट्र्याक खोलिएको हो।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले पालिकालाई सडक सञ्जालसँग जोड्ने आफ्नो प्रतिबद्धता पूरा गर्ने लक्ष्यमा आफू दृढ रहेको बताए। गाउँपालिकाको ९० लाख एकल लगानीमा सडक विस्तारको काम भइरहेको छ। मनाङ सडक सञ्जालसँग जोडिएको लामो समयपछि नार्पाभूमि गाउँपालिकामा बल्ल मात्रै सडकको ट्र्याक खोल्न लागिएको उनले बताए। ०७७ देखि सडक विस्तार गरिए पनि हालसम्म २६ किलोमिटर सडकमध्ये पाँच किलोमिटर सडक निर्माण गरिएको र २१ किलोमिटर सडक निर्माण हुन बाँकी छ। अध्यक्ष लामाले सडक विस्तारका लागि हारगुहार गर्दा पनि संघ र प्रदेशबाट कुनै सहयोग नभएको भन्दै गाउँपालिकाको एकल प्रयासमा सडक विस्तारको कामलाई निरन्तरता दिइएको बताए।

असिनापानीले स्याउ र ओखरका फूल नष्ट

जुम्ला / जुम्लामा असिनापानीले स्याउ र ओखरका फूल नष्ट भएका छन्। सिंजा गाउँपालिका-२ मा असिनापानीले फूल नष्ट गरेपछि किसान चिन्तित बनेका छन्। सिंजा गाउँपालिका २ का वडाध्यक्ष तीर्थ वडका अनुसार यस क्षेत्रमा आएको असिनापानीले ८ हजारभन्दा बढी स्याउका बिरुवाको फूल नष्ट गरेको छ। स्याउ फुलेको समयमा असिनापानी आएपछि ठूलो क्षति भएको किसान पूर्णचन्द्र आचार्यले बताए।

यस्तै, तिला गाउँपालिका-९ मा पनि लगातार आएको असिनापानीले स्याउको फूल झारिदिएको छ। स्थानीय हर्कबहादुर रावतका अनुसार लगातार ४ घन्टासम्म असिनापानी बर्सिंदा स्याउ तथा मकैलगायतका बालीमा असर गरेको बताए। यस क्षेत्रका रासा, मालापानी, खोप्री, सुडी, ढिपु क्षेत्रमा असिनाले स्याउको फूलमा क्षति पुऱ्याएको छ।

जिल्ला कृषि विकास कार्यालय जुम्लाका प्रमुख गणेश अधिकारीले असिनाले क्षति पुऱ्याएका किसानको बर्गैंचामा अनुगमन गर्नुपर्ने आवश्यकता रहेको बताए। उनका अनुसार असिनाले स्याउको फूलमा कहाँ कति क्षति पुऱ्यायो भन्ने विवरण बुझ्न बाँकी रहेको छ।

जुम्लामा पछिल्लो समय स्याउमा असिनापानीले क्षति पुऱ्याउन थालेपछि बिमासमेत गर्न थालिएको छ। शिखर लाइफ इन्स्योरेन्स कम्पनी जुम्लाले यहाँका ३ हजार ४ सय ६० जना स्याउ किसानका स्याउ बर्गैंचाको बिमा गरेको छ।

आइपिओ जारी गर्दै अन्नपूर्ण केबलकार

काठमाडौं / अन्नपूर्ण केबलकारले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ। आइपिओ निष्कासनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल नियुक्त भएको हो। अन्नपूर्ण केबलकारका अध्यक्ष कालु गुरुङ र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कवीन्द्रध्वज जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

गत वर्षदेखि सञ्चालनमा आएको केबलकारले कम्पनीको जारी पुँजी एक अर्ब ५५ करोडको २० प्रतिशतले हुने ३१ लाख कित्ता आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणलाई समेत बिक्री गर्न कम्पनीले जनाएको छ। केबलकारमा जनताको सहभागिता बढाउन २० प्रतिशत आइपिओ निकाल्ने निर्णय गरेको कम्पनीका अध्यक्ष गुरुङले जानकारी दिए।

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २१७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौं, नेपाल । फोन नं : ०१-४५३७७०५
फ्याक्स नं. ०१-४५३०५६२ । E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Unaudited Statement of Financial Position as on 30th Chaitra, 2079

Particulars	"As at 30th Chaitra 2079 (Current Year)"	"As at 30th Poush 2079 (Previous Quarter)"	"As at 30th Chaitra 2078 (Previous year)"
ASSETS			
Non-current assets			
Property, plant and equipment	29,467,108	29,905,397	32,395,666
Intangible Assets (Hydropower Project Assets)	5,996,211,541	6,059,744,551	6,207,686,314
Intangible Assets Under Development	72,748,942	71,748,942	67,482,915
-Research on Mistri Khola Cascade Project	72,748,942	71,748,942	67,482,915
Goodwill (arising on acquisition of Aadhishakti)	14,839,917	14,997,231	15,469,172
Deferred tax assets	121,211	121,211	121,211
Total non-current assets	**6,113,388,719**	**6,176,517,332**	**6,323,155,278**
Current assets			
Trade and other receivables	381,846,086	424,420,782	267,321,912
Prepayments	206,328,067	176,003,551	78,857,283
Loan and advances	70,935,913	69,745,358	50,661,405
Cash and cash equivalents	217,116,228	319,121,123	365,624,697
Total current assets	**876,226,294**	**989,290,814**	**762,465,297**
Total assets	**6,989,615,013**	**7,165,808,146**	**7,085,620,575**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	1,968,027,000	1,968,027,000	1,968,027,000
Retained earnings	1,064,816,045	1,156,336,351	828,967,425
Total equity	**3,032,843,045**	**3,124,363,351**	**2,796,994,425**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	3,509,438,968	3,579,843,942	3,914,086,208
Trade and other payables			
Total non-current liabilities	**3,509,438,968**	**3,579,843,942**	**3,914,086,208**
Current liabilities			
Trade and other payables	57,566,000	76,807,853	43,158,316
Loans and borrowings	389,767,000	384,793,000	331,381,626
Total current liabilities	**447,333,000**	**461,600,853**	**374,539,942**
Total liabilities	**3,956,771,968**	**4,041,444,795**	**4,288,626,150**
Total equity and liabilities	**6,989,615,013**	**7,165,808,146**	**7,085,620,575**

MOUNTAIN ENERGY NEPAL LTD.
Unaudited Statement of Profit or Loss and other Comprehensive Income For the period ended 30th Chaitra, 2079

Particulars	Upto This Quarter (Current Year)	Upto 30th Poush 2079 (Previous Quarter)	Upto 30th Chaitra 2078 (Previous Year)
Revenue	862,521,500	744,052,525	852,606,698
Cost of sales			
-Amortization on Project Assets	(190,516,583)	(126,986,166)	(188,495,038)
-Other Direct Costs	(161,954,748)	(88,820,560)	(51,131,303)
Gross profit	**510,050,169**	**528,245,799**	**612,980,357**
Net Construction Revenue (As per IFRIC 12)	-	-	6,605,986
Administrative expenses	(26,770,958)	(19,498,978)	(15,572,794)
Depreciation and amortisation	(1,456,724)	(968,142)	(1,527,857)
Operating profit	**481,822,487**	**507,778,679**	**602,485,692**
Finance income	8,170,827	5,937,855	1,898,868
Finance costs	(219,109,955)	(149,073,190)	(168,468,088)
Staff Bonus	(5,417,667)	(7,292,867)	(8,586,210)
Other Income	-	-	182,361
Profit before tax	**265,465,692**	**357,350,477**	**427,512,623**
Income tax expenses			
Current tax	(2,029,997)	(1,470,029)	(515,080)
Previous Year Tax	-	-	-
Deferred tax income/(expense)	**-**	**-**	**-**
Profit for the period	**263,435,695**	**355,880,448**	**426,997,543**
Other comprehensive income	-	-	-
Total comprehensive income	263,435,695	355,880,448	426,997,543

1. Notes to quarterly unaudited financials.

1.1 The unaudited financial statements for the Third Quarter ended Chaitra 2079 of the FY 2079/80 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):
- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):
- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 Revenue:

1.2.1 Sale of Electricity: Revenue from sale of electricity is generated by Tadi Khola Project (5 MW) and Mistri Khola Project (42 MW). Tadi Khola Project invoiced Rs. 90,587,777/- and Mistri Khola Project invoiced Rs. 771,933,723/- for the period Shrawan to Chaitra end 2079, to Nepal Electricity Authority as per the terms of PPA.

1.2.2 Applicable Rate of PPA:

As per PPA of Mistri Khola Project dated 2067.10.20 (amended on 2073.01.15), the official date for Commercial date of Operation (COD) was 2076.05.14, but due to technical issues, commercial date of operation was revised to 2078.03.03. Accordingly, COD was delayed by 3 years and the effective license period was also reduced to 32 years from approved license period of 35 years.

At present, the company is booking the revenue using the PPA rate of Third Year as per clause 12 of PPA after considering effect of delayed COD by 3 years, whereas NEA is making payment considering the revised COD (i.e. 2078.03.23) but applying the PPA rate of the first year and making payment accordingly. Different interpretation of applicable year rate of PPA has resulted in dispute over total booked Revenue of Rs. 269,193,239/-of which Rs. 114,378,117/- pertains to the current year and balance of Rs. 154,815,122/- pertains to previous years (2078/79 and 2077/78). Both the parties to PPA have agreed for arbitration proceeding for dispute settlement.

1.2.3 Deduction of Energy associated with Tatopani SHP of NEA:

As per clause 38.18 of the PPA, there shall be no deduction of energy associated with Tatopani Small Hydropower System during the month of Ashad, Shrawan, Bhadra and Ashwin, due to sufficiency of water in the river system. Further, there is dispute in deduction of energy during contingency evacuation period. The Company had disputed with NEA and filed claim for Rs. 167,283,072 before interest till Falgun End and both the parties to PPA agreed for arbitration proceedings for dispute settlement.

1.2.4 Power Evacuation

The entire electricity generated could not be evacuated resulting in revenue loss due to constraint on Electricity Transmission Grid owned and operated by NEA, but the MOU for contingency plan executed on 2073.09.26 between NEA and the company provides that the company renounce the right to claim the compensation for the above revenue loss.

1.3 Amortization:

Both the Projects, Tadi Khola and Mistri Khola Project, have recognised an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

1.3.1 Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

1.3.2 Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.
Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 have been capitalized.

1.4 Taxation:

Mistri Khola project is currently in tax holiday period up to Ashad 02, 2088. Tax concession of 50% of applicable tax rate shall be applicable for next five years.
Tadi Khola project tax holiday ended on Chaitra 13, 2079. Tax concession is 50% of the applicable tax rate for the next five years. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concession rate of 10%. Since the Expenditure from Chaitra 14, 2079 to Chaitra 30, 2079 exceeds the Income of same period, no tax liability arises in this quarter.

Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.5 Related Party Transitions:

There is no related party transaction during the reporting period.

1.6 Key Financial Ratio:

In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	13.39	154.11	1.96	62.58
Previous Quarter End (Restated)	18.08	158.76	2.14	44.99
Corresponding Previous Quarter End (Unaudited)	21.70	142.12	2.04	48.62

1.7 Challenges

Internal
- Retention of skilled human Resources
- Managing Operational Efficiency

External
- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

2. Management Analysis

Operation of Tadi Khola (Thaprek) project is satisfactory. The debt service of the project is satisfactory. Commercial operation of Mistri Khola Project started on Ashadh 03, 2078 and is running smoothly. The debt servicing of the project is regular.

3. Analysis of Share Transactions:

The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover	Traded Volume	Transaction Days
879.90	719.00	838.00	99,916,818.80	125,283	56

4. Corporate Governance

Meetings of the Board of Directors and Audit Committee are held at regular intervals and non-compliance of Companies Act 2063 was not noted in this regard. The Board has entrusted the management with the day-to-day affairs of the Company, and it has discharged its duties and responsibilities effectively.

5. Declaration from Managing Director

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 9 months period up to Chaitra end 2079 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	७) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ९५४७९/०६७/०६८ अन्तर्गत मिति २०६७/१२/०१ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, मटिअर्वा स्थित **लहान एमरेष्ट एग्रुकेशनल सिराहा प्रा.लि.** **संचालक तथा जमानीकर्ता** **७) घरणी घर अधिकारी** **२) सितादेवी शर्मा** **३) चक्र पाणि दहाल**	७) सवारी मोडल : TATA 36+1S 712 BB BUS च्यासिस नं. : MAT453554FFF03506 ईन्जिन नं. : 497TC92EUY821721 सवारी दर्ता नं. : स १ क ७४९ २) सवारी मोडल : TATA 36+1S 712 BB BUS च्यासिस नं. : MAT453554HFB01502 ईन्जिन नं. : 497TC92BSY803933 सवारी दर्ता नं. : स १ क ७७२

जमानीकर्ताको विवरण

७) सिमा अधिकारी	२) घरणी घर अधिकारी	३) रमिता नेपाल
स्थायी ठेगाना : झापा जिल्ला, बनियानी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बाबु : माधव प्रसाद शर्मा ससुरा : मोटी खर अधिकारी पति : घरणी घर अधिकारी	स्थायी ठेगाना : झापा जिल्ला, बनियानी गाउँ पञ्चायत वडा नं. ७ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बाबु : मोटी खर अधिकारी बाजे : रविलाल अधिकारी	स्थायी ठेगाना : ईलाम जिल्ला, नाम्सालीङ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : पदम प्रसाद नेपाल ससुरा : शान्ति राम दाहाल पति : चक्र पाणि दहाल
४) चक्र पाणि दहाल **स्थायी ठेगाना : झापा जिल्ला, शनिश्चरे** गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : शान्ति राम दाहाल बाजे : अनन्त लाल दहाल	**५) माधव प्रसाद शर्मा** स्थायी ठेगाना : सिरहा जिल्ला, इटहरी न.पा. वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सिकोला बाबु : जिवनाथ नेउपाने बाजे : दधि राम नेउपाने	**६) सितादेवी शर्मा** स्थायी ठेगाना : सिरहा जिल्ला, अर्नामा (प्र.रा.) गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ४ बाबु : डिल्ला राम डोटेल ससुरा : जिवनाथ नेउपाने पति : माधव प्रसाद शर्मा

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) घरणी घर अधिकारी स्थायी ठेगाना : झापा जिल्ला, बनियानी गाउँ पञ्चायत वडा नं. ७ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बाबु : मोटी खर अधिकारी बाजे : रविलाल अधिकारी	**सिमा अधिकारी** स्थायी ठेगाना : झापा जिल्ला, बनियानी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३ बाबु : माधव प्रसाद शर्मा ससुरा : मोटी खर अधिकारी पति : घरणी घर अधिकारी

धितोको विवरण

सवारी मोडल: TATA ZEST QTZ XT | च्यासिस नं.: MAT624051FLH24280 | ईन्जिन नं.: 101A20000595858 | सवारी दर्ता नं.: बा १४ च ३४९०

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) चक्र पाणि दहाल स्थायी ठेगाना : झापा जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : शान्ति राम दाहाल बाजे : अनन्त लाल दहाल	**रमिता नेपाल** स्थायी ठेगाना : ईलाम जिल्ला, नाम्सालीङ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ बाबु : पदम प्रसाद नेपाल ससुरा : शान्ति राम दाहाल पति: चक्र पाणि दहाल

२)	ऋणीको विवरण	धितोको विवरण
	मुकेश प्रसाद कुर्मी स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : रामबाबु प्रसाद कुर्मी बाजे : मंगल राउत कुर्मी	दमरी प्रसादकी छोरी, मंगल राउत कुर्मीकी बुहारी, रामबाबु प्रसाद कुर्मीकी पत्नि, पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बस्ने रम्भा देवीको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर पश्चिम गा.वि.स. वडा नं. ८ (हाल धोबीनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. २२०, २२२, ९९, ४७ र २०६ को क्षेत्रफल क्रमश: १०९६.००, ६२९.५८, ३००.०० र १७७७.७० र ११३०.०० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत ।

जमानीकर्ताहरुको विवरण

७) अशोक कुमार प्रसाद	२) रम्भा देवी
स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : रामबाबु प्रसाद कुर्मी बाजे : मंगल राउत कुर्मी	स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : दमरी प्रसाद ससुरा : मंगल राउत कुर्मी पति : रामबाबु प्रसाद कुर्मी

ऋणीको विवरण	जमानीकर्ताको विवरण
3) **७) ओसी अहमद ठकुराई** स्थायी ठेगाना : बारा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ६ बाबु : मंजुर मियाँ ठकुराई बाजे : इस मिया ठकुराई	**७) फतमा खातुन** स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ६ बाबु : फजुल रहमान मिया ससुरा : मंजुर मियाँ ठकुराइ पति : ओसी अहमद ठकुराई

धितोको विवरण

इस मिया ठकुराईको नाती, मंजुर मियाँ ठकुराइको छोरा, बारा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ६ बस्ने ओसी अहमद ठकुराईको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ (हाल कलैया उ.म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५२८ को क्षेत्रफल ०-०-१० (विगाह) को जग्गा र सो जग्गा चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगायात समेत ।

ऋणीको विवरण	धितोको विवरण
४) **७) रामाकान्त पासवान** स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना: पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु: राजदेव हजरा बाजे: वन्ती हजरा	जोधा हजरा दुसाधको नाती, वन्ती हजराको छोरा, पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बस्ने राजदेव हजराको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ (हाल धोबीनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ९ र १४६ को क्षेत्रफल क्रमश: ५१८.७५ र ९४५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगायात समेत ।

जमानीकर्ताहरुको विवरण

७) राजदेव हजरा	२) मिना देवी पासवान	३) सुशील कान्त पासवान
स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : वन्ती हजरा बाजे : जोधा हजरा दुसाध	स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : चनरमन पासवान ससुरा : वन्ती हजरा पति : राजदेव हजरा	स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बाबु : राजदेव हजरा बाजे : वन्ती हजरा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २८ वैशाख ०८०

नौ महिनामा भित्रियो नौ खर्ब रेमिटच्यान्स

रेमिट्यान्स उच्चदरमा बढ्दा अर्थतन्त्रमा भरथेग, बाह्य क्षेत्र निरन्तर सन्तुलनमा

पवन तिमिल्सिना/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जानेको संख्यासँगै रेमिट्यान्स अप्रवाह उच्चदरमा बढेको छ। चालू आर्थिक वर्षको नौ महिनामा नौ खर्ब ३ अर्ब रुपैयाँबराबर रेमिट्यान्स भित्रिएको छ। जुन गएको आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.२ प्रतिशत बढी हो। अघिल्लो आर्थिक वर्षको पहिलो नौ महिनामा रेमिट्यान्स ०.२ प्रतिशतले घटेको थियो।

नेपाल राष्ट्र बैंकका अनुसार चैतमा पछिल्ला नौ महिनायताकै सबैभन्दा बढी रेमिट्यान्स भित्रिएको छ। चैतसम्मको तथ्यांकलाई हेर्दा मासिक औसत एक खर्ब तीन अर्ब रुपैयाँबराबर रेमिट्यान्स भित्रिरहेको देखिन्छ। चैतमा चालू आर्थिक वर्षकै सर्वाधिक एक खर्ब नौ अर्बको रेमिट्यान्स भित्रिएको नेपाल राष्ट्र बैंकले जानकारी दिएको छ।

यस अवधिमा अमेरिकी डलरमा ६ अर्ब ९२ करोडको रेमिट्यान्स भित्रिएको हो। डलरमा यस्तो वृद्धिदर १३.९ प्रतिशत हो। अघिल्लो वर्ष यस्तो आप्रवाह १.८ प्रतिशतले घटेको थियो।

चैतसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको संख्या ५१.५ प्रतिशतले बढेको छ। यसबीच श्रम स्वीकृति लिनेको संख्या तीन लाख ८७ हजार आठ सय ३९ पुगेको छ। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ५.५ प्रतिशतले वृद्धि भई दुई लाख १७ हजार नौ सय ५९ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा



यस्तो संख्या करिब दुई सय प्रतिशतले बढेको थियो।

■ शोधनान्तर एक खर्ब ८० अर्बले बचतमा

रेमिट्यान्स उच्चदरमा बढेसँगै शोधनान्तर अवस्थासमेत सन्तुलित देखिएको छ। देशबाट बाहिरिनेभन्दा भित्रिने रकम बढी भएपछि शोधनान्तर स्थिति एक खर्ब ८० अर्बले बचतमा पुगेको छ। गत आर्थिक वर्षको नौ महिनामा यो दुई खर्ब ६२ अर्बले घाटामा थियो। गत भदौसम्म शोधनान्तर २३ अर्ब ६८ करोड रुपैयाँ घाटामा थियो। पछिल्लो समय सोधनान्तरमा निरन्तर सुधार आएकाले बचत हुन पुगेको हो। शोधनान्तर स्थिति बचतमा गएसँगै बैंक तथा वित्तीय संस्थामा तरलता प्रवाह सहज हुँदै जाने देखिएको छ।

रेमिट्यान्स बढेकै कारण शोधनान्तर पनि उल्लेख्य बचतमा गएको हो। यद्यपि, आयातमा भने वृद्धि भएको छ। शोधनान्तर स्थिति बचत हुने क्रम बढ्दै जाँदा यसले निक्षेप संकलनमा समेत सुधार आएको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ७.० प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.५ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर ११.० प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ३.२ प्रतिशत छ।

बाह्य क्षेत्र सुधारोन्मुख देखिए पनि अर्थतन्त्र संकुचित भएकाले सन्तोषजनक हुने ठाउँ नरहेको अर्थशास्त्रीहरूको भनाइ छ। नेपाल राष्ट बैंकका पूर्वकार्यकारी निर्देशक केशव आचार्यले अहिलेको सुधार क्षणिक मात्रै भएकाले सुधार हुनुपर्ने अझै बाँकी रहेको बताए। उनले भने, 'अहिलेको सुधार ट्रान्जेटरी मात्रै हो। आयातको लय पहिलेभन्दा फरक छैन। राष्ट्रिय तथ्यांक कार्यालयले अर्थतन्त्र ऋणात्मक भएको तथ्य सार्वजनिक गरिसकेको छ। बाह्य क्षेत्रमा आएको क्षणिक सुधारलाई समग्र अर्थतन्त्रको सुधार मान्न मिल्दैन।'

■ दुई आवकै सबैभन्दा धेरै सञ्चिति

विदेशी मुद्राको सञ्चितिमा पनि सुधार देखिएको छ। एक महिनामै सञ्चिति ३२ अर्ब ५२ करोड रुपैयाँले बढेर १४ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको छ। यो भनेको पछिल्लो दुई आर्थिक वर्षकै उच्च सञ्चिति हो। यो सञ्चितिले अब ११ महिनाको वस्तु र ९.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्छ। यसअघि सञ्चिति घटेर ६.६ महिनासम्म धान्ने अवस्थामा झरिसकेको थियो।

■ महँगी बढ्यो

त्यस्तै, चैतमा मुद्रास्फीति बढेर ७.७६ प्रतिशत पुगेको छ। अघिल्लो महिना महँगी दर ७.४४ प्रतिशतमा सीमित थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि ६.९३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ८.४२ प्रतिशत रहेको छ। चैतमा काठमाडौं उपत्यकामा ८.५७ प्रतिशत, तराईमा ७.६८ प्रतिशत, पहाडमा ७.०१ प्रतिशत र हिमालमा ७.४७ प्रतिशत मूल्यवृद्धि रहेको राष्ट्र बैंकले जनाएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

तर, जोखिम कायमै

मासिक आयात पछिल्लो नौ महिनाकै उच्च छ। चैतमा मात्रै एक खर्ब ४३ अर्ब रुपैयाँबराबरको वस्तु आयात भएको हो। चालू आर्थिक वर्षमा औसत एक खर्ब ३३ अर्ब रुपैयाँ मासिक आयात हुने गरेको छ। राष्ट्र बैंकका अनुसार चैतसम्म १२ खर्बको वस्तु आयात भएको हो। गत आर्थिक वर्षको अन्त्यसम्म १९ खर्ब २० अर्बको आयात भएको थियो। पोहोर चैतको तुलनामा ३२ प्रतिशत आयात बढेको राष्ट्र बैंकले जनाएको छ। आयात बढ्दै गयो र मूल्यवृद्धि यत्तिकै चापमा बस्ने हो भने विदेशी मुद्रा फेरि क्षयीकरण हुन सक्ने पूर्वकार्यकारी निर्देशक केशव आचार्य बताउँछन्। नौ महिनामा कुल वस्तु निर्यात २६.३ प्रतिशतले कमी आई १ खर्ब १८ अर्ब २८ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६९.४ प्रतिशतले वृद्धि भएको थियो।

चालू खातामा घाटा पनि बढेको छ। भदौमा ३७ अर्ब १८ करोड पुगेको घाटा चैतमा ५१ अर्ब ८२ करोड पुगेको छ। अमेरिकी डलरमा अघिल्लो वर्षको नौ महिनामा चार अर्ब २७ करोडले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा ४० करोड २८ लाखले घाटामा पुगेको छ। 'सरकारले पुँजीगत खर्च गर्न सकेको छैन। मूल्यवृद्धि चापमै छ। बाह्य क्षेत्रमा तीन महिनायता सुधार देखियो भन्दैमा यसलाई टिकाउ मान्न सकिँदैन' अचार्यले भने, 'उत्पादन बढाउन नसकिएसम्म जोखिम कायम नै हुन्छ।'

सरकार पुँजीगत खर्च बढाउने र साधारण खर्च कटौती गर्नेतर्फ केन्द्रित : अर्थमन्त्री

नयाँ पत्रिका
काठमाडौं, २७ वैशाख

अर्थमन्त्री डा. प्रकाशशरण महतले पुँजीगत खर्च बढाउने र साधारण खर्च कटौती गर्नेतर्फ सरकार केन्द्रित रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघले मंगलबार काठमाडौंमा आयोजना गरेको प्रिबजेट छलफलमा उनले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि स्रोत जुटाउन कठिन रहेको बताएका हुन्।

अहिले ठेक्का लागिसकेका बहुवर्षीय र क्रमागत आयोजनाका लागि समेत स्रोतको सुनिश्चित गर्न कठिन रहेको मन्त्री महतले बताए। राजस्व पनि कम उठेको र अनुदान तथा ऋण पनि लक्ष्यअनुरूप संकलन हुन नसक्दा स्रोत जुटाउन धौधौ भइरहेको उनको भनाइ थियो। हजारौंको संख्यामा आयोजना ठेक्का लागिसकेको हुँदा पनि स्रोतको सुनिश्चितता गर्नुपर्ने दबाबमा सरकार छ।

अर्थमन्त्री महतले नियम-कानुनको परिधिभित्र रहेर ढुक्कसँग लगानी गर्न निजी क्षेत्रलाई आग्रह गर्नुभयो। लगानीको वातावरण सहज बनाउन सरकार प्रतिबद्ध रहेको बताउँदै उनले भने, 'जति धेरै लगानी हुन्छ, त्यति धेरै राजस्व बढ्छ।'

अर्थतन्त्रमा संरचनात्मक सुधार आवश्यक : चन्द्र ढकाल

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउन अर्थमन्त्री महतलाई आग्रह गरे। आगामी बजेटमा महासंघको तर्फबाट सुझाव दिँदै उनले भने, 'भारत, चीन, रुवान्डा, बंगलादेशजस्ता मुलुकमा गरिबी तीव्रगतिमा घटनुका मुख्य कारण निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाइनु हो।'



अध्यक्ष ढकालले चालू आवको मौद्रिक नीतिको चौथो त्रैमासिक समीक्षा, आगामी आर्थिक वर्षको बजेट र मौद्रिक नीतिमार्फत तत्कालै अर्थतन्त्र सुधारतर्फ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए। उनले आगामी दिनमा पनि यस्तो समस्या आउन नदिन केही संरचनात्मक सुधार अहिले नै आवश्यक रहेको बताए। 'जस्तो कि हामीकहाँ ७ प्रतिशतमाथिको आर्थिक वृद्धि हुँदा तरलतामा चाप पर्ने गरेको छ, त्यसैले बजारमा निरन्तर रकम प्रवाह भइरहने उपायको खोजी गरिनुपर्छ,' उनले भने।

देशमा स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्न पनि अध्यक्ष ढकालले सुझाव दिए। नेपालमा वार्षिक बल्लतल्ल २० अर्ब हाराहारी विदेशी लगानी आउने गरेको औंल्याउँदै उनले यो रकम नेपालजस्तै अतिकम विकसित मुलुक बंगलादेश, क्याम्बोडियाको तुलनामा दशगुणा कम भएको बताए। 'सन् २०१९ मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन ल्याइयो, एकद्वार केन्द्र पनि स्थापना गरियो। तर, पनि लगानी बढ्न सकेन,' उनले भने, रोजगारी र राजस्वका लागि मात्र नभई निर्यात बढाउन पनि विदेशी लगानी अपरिहार्य रहेको विश्व बैंकले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनले देखाएको छ।'

अध्यक्ष ढकालले दक्ष जनशक्ति उत्पादनमा विशेष ध्यान दिनु जरुरी रहेको अर्थमन्त्री महतलाई सुझाव दिए।

'पहिलो विद्यमान आर्थिक अवस्थामा सुधार ल्याउन आवश्यक छ, त्यसका लागि ब्याजदर स्थायित्व, कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण आवश्यक छ, यससँगै निर्माण, उद्योग एवं साना उद्योगलाई पुनर्कर्जा आवश्यक परेको छ,' उनले भने, यस्तै, सरकारले पुँजीगत खर्च बढाई अनुत्पादक खर्च घटाउनुपर्छ। स्रोत सुनिश्चितता नभएका अनावश्यक दायित्व सिर्जना हुने कार्यक्रम आगामी बजेटमा समावेश गरिनुहुँदैन। न्यून पुँजीगत खर्च रहने गरी बजेटको आकार बढाउँदा राजस्वले थेग्न सक्दैन।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११५७७/७८/८८, फ्याक्स: +९७७-१-५१११५८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएकाले मिति २०७९/१०/११ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा मिति २०७९/११/१८ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट"मा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्णलेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, तानसेन, पाल्पामा प्रा.फ.र.नं. २९७३/०७३/०७४ अन्तर्गत मिति २०७३/०६/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको पाल्पा जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७ स्थित **भिमतुल्सी सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : बम बहादुर वि.क.** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : शेर बहादुर वि.क. बाजे : कुलविर वि.क.	२) **बम बहादुर वि.क.** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : शेर बहादुर वि.क. बाजे : कुलविर वि.क.
	जमानीकर्ताको विवरण	
	१) जित कुमारी वि.क. स्थायी ठेगाना : रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : भुवानी प्रसाद सुनार ससुरा : शेर बहादुर वि.क. पति : बम बहादुर वि.क.	
	धितोको विवरण	
	१) कुलविर वि.क.को नाति, शेर बहादुर वि.क.को छोरा, रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ मा बस्ने बम बहादुर वि.क.को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २९३, १६८४ र ९९४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२, ०-०-१० र ०-०-७.५० (विगाह) को घर/जग्गा तथा रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) भिमतुल्सी सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	३) जित कुमारी वि.क. स्थायी ठेगाना: रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु: भुवानी प्रसाद सुनार ससुरा: शेर बहादुर वि.क. पति: बम बहादुर वि.क.	**बम बहादुर वि.क.** स्थायी ठेगाना: रुपन्देही जिल्ला, मऋहर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु: शेर बहादुर वि.क. बाजे: कुलविर वि.क.

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको ओलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण विवादमा

सांसदहरूले नीतिगत भ्रष्टाचार भएको भन्दै प्रश्न उठाए, 'अर्बौंको खेल' भएको दाबी

भोजराज भण्डारी/नयाँ पत्रिका

नयाँ स्टक एक्सचेन्जको सञ्चालनमा ल्याउने प्रक्रियामा नीतिगत भ्रष्टाचार भएको भन्दै संसद्मा निरन्तर प्रश्न उठेको छ। नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स वितरणमा नीतिगत भ्रष्टाचार भएको भन्दै सांसदहरूले प्रश्न उठाएका हुन्।

बुधबार संघीय संसद्मा नेपाली कांग्रेसका नेता राजेन्द्र बजगाईंले नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिने नाममा ९-१० अर्ब रुपैयाँको भ्रष्टाचार भएको दाबी गरे। उनले भने, 'सरकारी स्वामित्वमा रहेको र निरन्तर नाफामा सञ्चालन भइरहेको नेपाल स्टक एक्सचेन्जलाई विस्थापित गरी अर्को नयाँ स्टक एक्सेचेन्ज किन चाहियो ? सरकारको ध्यानाकर्षण गर्न चाहन्छु,' उनले भने, 'यसमा कम्तीमा पनि ९-१० अर्बको खेल भएको छ।'

यसअघि आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित सांसद डा. स्वर्णिम वाग्लेले नयाँ स्टक एक्सचेन्जमा संस्थागत भ्रष्टाचार भएको बताए, 'लाइसेन्स वितरणमा हाकाहाकी भनिदिए हुन्छ, सीधै यो करप्सन नै हो, इन्स्टिच्युसनल करप्सन,' उनले भने, 'प्रतिस्पर्धा चाहिन्छ, उपभोक्तालाई लाभ दिनुपर्छ, लागत घटाउनुपर्छ, तर त्यो सँगसँगै राज्यलाई पनि लुट्ने गरेर अगाडि बढ्नुहुँदैन।'

त्यस्तै, सांसद अमरेशकुमार सिंहले नयाँ स्टक एक्सचेन्जमा नीतिगत भ्रष्टाचार भएको भन्दै संसद्मा आवाज उठाउँदै आएका छन्। उनले संसद्मा दुईपटक नयाँ स्टक एक्सचेन्जको विषयमा प्रश्न उठाउँदै लाइसेन्स बाँड्ने धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमाललाई कारबाहीको माग गर्दै आएका छन्।

उनले भने, 'नेप्सेको निजीकरण गर्नुअगावै अर्को स्टक एक्सचेन्ज थप्ने निर्णय कसरी कुन नीति, योजनाअनुसार आएको हो ? अँध्यारो कोठामा बुनिएको तानाबानालाई अगाडि बढाउने कार्य आपराधिक हो कि होइन ? यो सरासर नीतिगत भ्रष्टाचार हो।'

त्यस्तै, सांसद सोबिता गौतमले नेपालको पुँजी बजारमा निश्चित समूहको कब्जा हुने गरी लाइसेन्स दिने तयारी भएको भन्दै छानबिनको माग गरेकी छिन्। वर्षमा एक अर्ब सरकारलाई योगदान गर्दै आइरहेको नेप्सेबाट नयाँ स्टक एक्सचेन्जमा डाइभर्ट गरेर जोखिम मोल्न नहुने उनले बताएकी छिन्।

अर्कोतर्फ, नेपाल स्टक एक्सचेन्जका कर्मचारीहरूले पनि नयाँ स्टक एक्सचेन्जको विरोध गर्दै आएका छन्। नेप्सेलाई पुनर्संरचना गरेर लैजानुपर्ने र निजी क्षेत्रलाई लाइसेन्स दिन नहुने भन्दै उनीहरू पछिल्लो समय नेप्सेमै विरोध कार्यक्रम गर्दै आएका छन्। नेपाल स्टक एक्सचेन्ज कर्मचारी संघका अध्यक्ष नवराज थापाले अहिलेकै नेप्सेलाई पुनर्संरचना गरेर निजीकरण गरेर लैजानुपर्ने र नेपालजस्तो मुलुकमा दुईवटा स्टक एक्सचेन्ज आवश्यकता नरहेको बताए।

पाँच महिनाअघि गैरकानुनी रूपमा स्टकको लाइसेन्स बाँड्न लागिएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हा र सुष्मालता माथेमाको इजलासले स्टक एक्सचेन्ज खोल्ने बाटो खुला गरिदिएसँगै प्रक्रिया अगाडि बढेको थियो। धितोपत्र बोर्डमा नयाँ स्टक एक्सचेन्ज सञ्चालनका लागि हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज र अन्नपूर्ण स्टक एक्सचेन्जको आवेदन परेको छ। बोर्डले ३१ चैतमा १० दिनको अवधि दिँदै यस्तो आवेदन माग गरेको थियो। नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले सर्वोच्च अदालतले नै बाटो खोलिदिएको भन्दै लाइसेन्स दिने प्रक्रिया अघि बढिसकेको बताए। उनले भने, 'हामीले नियमलाई टेकेर सर्वोच्चले दिएको आदेशलाई पालना गरेर अघि बढाएका छौं। छनोट समिति बनिसकेको छ, अब रोकिने कुरै हुँदैन।' कहाँ कसरी भ्रष्टाचार भएको भन्नेहरूलाई पुष्टि गर्न आफूले चुनौती दिएको बताए। उनले भने, 'मेरो चुनौती छ, कहाँ कसरी नीतिगत व्यवसायीलाई पोस्ने काम भयो प्रमाणित गरेर आउन मेरो अनुरोध छ।'

दोस्रो बजारमा एनआरएन भित्र्याउन समिति गठन

काठमाडौं/ नेपाल धितोपत्र बोर्डले गैरआवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्र्याउन अध्ययन समिति गठन गरेको छ। गैरआवासीय लगानीलाई धितोपत्र दोस्रो बजारमा प्रोत्साहन गर्न प्रचलित कानुनबमोजिम आवश्यक व्यवस्था गरी अध्ययन प्रतिवेदनसहित नियमावलीको मस्यौदा तयार गर्न बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट प्रतिनिधित्व गर्ने सञ्चालक सुजनकुमार काफ्लेको संयोजकत्वमा समिति गठन गरेको हो।

समितिका अन्य सदस्यमा सञ्चालक बोर्डका विज्ञ सदस्य भोला ढुंगाना, बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ र सदस्यसचिवमा बोर्डको उपकार्यकारी निर्देशक दीपा दाहाल रहेका छन्। उक्त समितिले तीन महिनाभित्र गैरआवासीय नेपालीलाई नेपालको पुँजीबजारमा भित्र्याउन आवश्यक नियमावली तर्जुमा गरी सञ्चालक बोर्डमा पेस गर्नेछ।

नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०१/२८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

ऋणी फर्मः स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम कागेश्वरी मनोहरा नगरपालिका ३ नं वडा कार्यालय भद्रवास काठमाडौंमा, मिति २०७५/०२/२० मा पत्र सं. ०७४/०७५ चलानी नं. १२४० अन्तर्गत दर्ता भएको **श्री थापा अर्गानिक।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३, सिमल्ली सडक काठमाडौं ।
ऋणी फर्मका प्रोप्राइटरः दल बहादुर भण्डारीकी छोरी, डिल्ली राज थापाकी बुहारी, कपिल थापाकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, चौतारा न.पा वडा नं. १ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने , ना.प्र.नं. १५५९०५ (जारी मितिः २०६३/०८/१८, स्थान सिन्धुपाल्चोक) भएकी **श्रीमती पार्वती भण्डारी।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गणेश बहादुर थापाको नाति डिल्ली राज थापाको छोरा सिन्धुपाल्चोक जिल्ला कुन्चोक गा.वि.स वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने नागरिकता नं.२४१०३४/८०३८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिन्धुपाल्चोक, मिति : वि.सं. २०६५/०७/२४ भएको **श्री कपिल थापा।**
२. जय बहादुर थापाको नाति गणेश बहादुर थापाको छोरा सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाउँ पञ्चायत वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने नागरिकता नं.४८११, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिन्धुपाल्चोक, मिति : वि.सं. २०४५/०२/१६ भएको **श्री डिल्लीराज थापा।**
३. प्रेम विक्रमकी छोरी, गणेश बहादुर थापाकी बुहारी, डिल्लीराज थापाकी श्रीमती सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाउँ पञ्चायत. वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने , ना.प्र.नं. ४८४४ (जारी मितिः २०४५/०२/१४, स्थान सिन्धुपाल्चोक) भएकी **श्रीमती इन्दीरा थापा क्षेत्री।**

धितोको विवरणः

१. सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाउँ पञ्चायत वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने **श्री डिल्लीराज थापाको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुपाल्चोक जिल्ला कुन्चोक गा.वि.स वडा नं ५ मा अवस्थित कि.नं. ६५, ११६, ५२६, ५९५, ५९९ र ६०२ क्षेत्रफल १-१०-०-२, ०-१३-२-३, ०-८-०-०, १-०-२-२, १-४-२-३ र ०-१२-०-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाउँ पञ्चायत वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने **श्री डिल्लीराज थापाको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुपाल्चोक जिल्ला कुन्चोक गा.वि.स वडा नं ६ मा अवस्थित कि.नं. ६८२, ६८५, ६८७ र ६८३ क्षेत्रफल १-०६-०-२, १-३-२-०, २-२-०-२ र १-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाउँ पञ्चायत वडा नं ५ स्थायी घर भइ हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रवती गा.पा वडा नं. ३ बस्ने **श्री डिल्लीराज थापाको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुपाल्चोक जिल्ला कुन्चोक गा.वि.स वडा नं ८ मा अवस्थित कि.नं. ५०७ र ५०९ क्षेत्रफल ०-१४-०-३ र २-७-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०१/२८

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको जाजरकोट शाखा कार्यालयबाट सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा
ऋणीको नाम : छवि मोवाईल सेन्टर
रजिष्टर्ड ठेगाना : चौरजहारी न.पा. वडा नं.-१, रुकुम (हालः चौरजहारी न.पा. वडा नं.-१, रुकुम पश्चिम)
रजिष्ट्रेसन नं. : २४७६/०७४/०७५ (घरेलु तथा साना उद्योग विकास समिती, शाखा कार्यालय रुकुम पश्चिम))
स्थायी लेखा नं. : ६०७६८४९१३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : छविलाल पोखेल
बाबु : दुर्गालाल जैसी
बाजे : मधु जैसी
ठेगाना : विजयश्वरी-गा.वि.स. वडा नं.-२, रुकुम
हाल : चौरजहारी न.पा. वडा नं.-०१, रुकुम (पश्चिम)
ना.प्र.नं. : ५६१०३१/४४९,
जारी मिति : २०६८/०३/०९
जि.प्र.का. : रुकुम

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : धना लामीछाने
बाबु : टिकाराम लामीछाने
ससुरा : मधु जैसी
ठेगाना : विजयश्वरी-गा.वि.स. वडा नं.-२, रुकुम
हाल : चौरजहारी न.पा. वडा नं. ०१, रुकुम (पश्चिम)
ना.प्र.नं. : ३१९३/३५३,
जारी मिति : २०४३/०६/०१
जि.प्र.का. : रुकुम

२. नाम : कल्पना पोखरेल
बाबु : दुर्गालाल जैसी
बाजे : मधु जैसी
ठेगाना : चौरजहारी न.पा. वडा नं. ०१, रुकुम
हाल : चौरजहारी न.पा. वडा नं. ०१, रुकुम (पश्चिम)
ना.प्र.नं. : ५६-०१-७४-००३१९,
जारी मिति : २०७४/०२/१७
जि.प्र.का. : रुकुम

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : छविलाल पोखेल

सि.नं	१
जिल्ला	रुकुम
न.पा./गा.वि.स.	विजयश्वरी
वडा नं	३
कि.नं.	६२९
क्षेत्रफल (ब.मि)	९५
कैफियत	किता नं. ६२९ मा बनेको १६१६ वर्ग फिटको २ तले घर तथा सो जग्गामा अवस्थित सम्पूर्ण लिग लगापात समेत।

२.कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा

ऋणीहरुको नाम र ठेगाना
१. नाम : मान बहादुर थापा
बाबु : सेते थापा
बाजे : विर बहादुर थापा
ठेगाना : पैक गाविस वडा नं. ०८, जाजरकोट
हाल : कुशे गा.पा. वडा नं. ०८, जाजरकोट
ना.प्र.नं : १४९०/९५२,
जारी मिति : २०४०/११/२२
जि.प्र.का. : जाजरकोट

२. नाम : मनमाया थापा
बाबु : केशर घर्ती
बाजे : कृष्ण बहादुर घर्ती
ठेगाना : पैक गाविस वडा नं. ०८, जाजरकोट
हाल : कुशे गा.पा. वडा नं. ०८, जाजरकोट
ना.प्र.नं : ६२३०१९/२२५,
जारी मिति : २०६३/१०/२६
जि.प्र.का. : जाजरकोट

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : मोहन थापा
बाबु : मान बहादुर थापा
बाजे : सेते थापा
ठेगाना : पैक गाविस वडा नं. ०८, जाजरकोट
हाल : कुशे गा.पा. वडा नं. ०८, जाजरकोट
ना.प्र.नं : ६२१०१९/४७२,
जारी मिति : २०७१/०४/०७
जि.प्र.का. : जाजरकोट

२. नाम : मिना थापा
बाबु : मान बहादुर थापा
बाजे : सेते थापा
ठेगाना : पैक गाविस वडा नं. ०८, जाजरकोट
हाल : कुशे गा.पा. वडा नं. ०८, जाजरकोट
ना.प्र.नं : ६२३०१९/४७१
जारी मिति : २०७१/०४/०७
जि.प्र.का. : जाजरकोट

धितो राखिएको सम्पत्तिको विवरणः
धितो सुरक्षण धनीको नाम :- हरि प्रसाद सिहं

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (रोपनी)	कैफियत
जाजरकोट	पैक	८	३७३	१०-१०-३-२	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
		९	१८६	३०-१५-३-१	

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

आइजिआई प्रुडेन्सियलको एकीकृत कारोबार सुरु

नयाँ पत्रिका
काठमाडौं, २७ वैशाख

आइएमई जनरल इन्स्योरेन्स र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीले एकीकृत कारोबार सुरु गरेका छन्। मर्जरपछि दुवैले बुधबारदेखि आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गरेका हुन्।

यी दुई कम्पनी समान हैसियत अर्थात् १:१ स्वाप रेसियोमा मर्जर भएका हुन्। नयाँ बनेको कम्पनीमा हेमराज ढकाल अध्यक्ष र योगेशभक्त बादे श्रेष्ठ प्रमुख कार्यकारी अधिकृत (सिइओ) बनेका छन्। उनीहरू साबिक आइएमई जनरलकै अध्यक्ष र सिइओ हुन्। प्रुडेन्सियलका सिइओ श्रवण रावल भने नयाँ कम्पनीको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत हुनेछन्।

मर्जरपछिको कम्पनीमा साबिक आइएमई जनरलबाट अम्बिकाप्रसाद पौडेल, राजेन्द्र सिंह भण्डारी र कृष्णप्रसाद शर्मा बोर्ड सदस्य र प्रुडेन्सियलबाट विशाल अग्रवाल, अर्पित अग्रवाल र अमित अग्रवाल बोर्ड सदस्य बनेका छन्। यी दुई कम्पनीले २७ माघमा मर्जरको प्रारम्भिक सहमति गरेका थिए। मर्जरसम्बन्धी अन्तिम सम्झौता भने ६ चैतमा भएको थियो। मर्जरपछि बनेको कम्पनीको चुक्तापुँजी तीन अर्ब दुई करोड रुपैयाँ पुगेको छ, जुन नियामक निकाय नेपाल बिमा प्राधिकरणले तोकेको भन्दा बढी हो। पहिला निर्जीवन बिमा कम्पनीको एक अर्ब रुपैयाँ र जीवन बिमा कम्पनीको दुई अर्ब चुक्ता पुँजी छ। तर, प्राधिकरणले ०७८ चैतमा एक निर्देशन जारी गर्दै निर्जीवन बिमा कम्पनीलाई दुई अर्ब ५० करोड रुपैयाँ र जीवन बिमा कम्पनीलाई पाँच अर्ब रुपैयाँ न्यूनतम चुक्ता पुँजी बनाउन भनेको थियो। त्यसको म्याद आउँदो असार मसान्तसम्म छ। पहिलोपटक म्याद भने गत चैत मसान्तसम्म रहेको थियो। तर, अधिकांश कम्पनीको चुक्ता पुँजी नपुगेको म्याद थप गरिएको हो। सोहीअनुसार बिमा कम्पनीहरू मर्जरमार्फत चुक्ता पुँजी बढाउन लागेका हुन्।

मर्जरपछि कम्पनीको शाखा संख्या ८२ पुगेको छ भने कर्मचारी संख्या पाँच सय १७ पुगेको छ। नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बिमा कम्पनीहरूले पुरानै ढंगले व्यवसाय गरे मर्जरको कुनै औचित्य नहुने बताए। उनले मर्जरका लागि प्रारम्भिक सम्झौता गरेको छोटो समयै आइजिआई प्रुडेन्सियलले एकीकृत कारोबार गरेको बताए। उनले भने, 'आइएमई जनरल र प्रुडेन्सियल इन्स्योरेन्सको मर्जर सफल भएको छ।'

उनले मर्जरपछि बनेको बिमा कम्पनी ग्राहकको हितमा काम गर्नुपर्ने बताए। सोही अवसरमा यस्तै कम्पनीले इनोभेटिभ र अनुसन्धानात्मक काममा लगानी बढाउनुपर्ने बताए।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मर्जरले बिमा सेवा राम्रो हुँदै जाने बताए। उनले बिमा दाबी भुक्तानी समस्या हट्नुपर्नेमा जोड दिँदै बिमा कम्पनीहरूको मर्जरले सेवा प्रवाहमा पनि गुणस्तरी हुँदै जाने बताए।

अध्यक्षले गरे शपथग्रहण



आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडका अध्यक्ष हेमराज ढकालले शपथग्रहण गरेका छन्। ढकालले नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालसमक्ष नेपाल बिमा प्राधिकरणको कार्यालयमा शपथग्रहण गरेका हुन्।

उक्त अवसरमा नवनिर्वाचित अध्यक्ष ढकालले बिमा प्राधिकरणको निर्देशनअनुसार समयमा कार्य सम्पन्न गर्न सफल भएकोमा नियमनकारी निकायलाई धन्यवाद व्यक्त गरे। प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले ढकाललाई सफल कार्यकालको शुभकामना दिए।

ADARSHA LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central office Banepa, Kavreplanchwok

Unaudited Financial Results (Quarterly)

As at Third Quarter (30/12/2079) of the Fiscal Year 2079/080

NPR. In '000

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital and Liabilities**	**295,848.02**	**311,899.16**	**290,287.53**
1.1	Paid up Capital	24,840.00	20,700.00	14,000.00
1.2	Reserve and surplus	6,491.48	17,262.44	8,384.78
1.3	Debenture & Bond			
1.4	Borrowing	94,304.79	107,200.92	120,111.61
1.5	Deposits (a+b)	157,462.43	155,275.77	137,604.74
	a. Domestic Currency	157,462.43	155,275.77	137,604.74
	b. Foreign Currency			
1.6	Income Tax Liability	107.38	314.46	936.96
1.7	Other Liabilities	12,641.94	11,145.57	9,249.44
2	**Total Assets**	**295,848.02**	**311,899.16**	**290,287.53**
2.1	Cash and Bank Balance	1,540.46	1,667.93	1,411.77
2.2	Money at Call and Short Notice	20,783.35	16,748.38	8,493.67
2.3	Investments			
2.4	Loan and Advances	266,219.77	284,021.39	274,768.78
2.5	Fixed Assets	1,423.89	1,423.89	1,956.32
2.6	Non Banking Assets			
2.7	Other Assets	5,880.56	8,037.58	3,656.99
3	**Profit and Loss Account**			
3.1	Interest Income	31,130.51	21,335.94	27,928.76
3.2	Interest Expenses	18,628.24	12,292.82	14,520.87
	A. Net Interest Income	**12,502.27**	**9,043.12**	**13,407.90**
3.3	Fees, Commission and Discount	4,295.64	3,348.37	4,908.94
3.4	Other Operating Income			
3.5	Foreign Exchange Gain/Loss (Net)			
	B. Total Operating Income	**16,797.90**	**12,391.49**	**18,316.84**
3.6	Staff Expenses	10,768.28	7,362.53	10,253.33
3.7	Other Operating Expenses	3,768.50	2,422.88	3,901.49
	C. Operating Profit Before Provision	**2,261.13**	**2,606.08**	**4,162.01**
3.8	Provision for Possible Losses	1,867.39	1,441.41	1,788.37
	D. Operating Profit	**393.74**	**1,164.67**	**2,373.65**
3.9	Non Operating Income/Expenses (Net)			
3.10	Write Back of Provision of Possible Loss			1,061.86
	E. Profit From Regular Activities	**393.74**	**1,164.67**	**3,435.51**
3.11	Extraordinary Income/ Expenses (Net)			
	F. Profit before Bonus and Taxes	**393.74**	**1,164.67**	**3,435.51**
3.12	Provision of Staff Bonus	35.79	116.47	312.32
3.13	Provision for Tax	107.38	314.46	936.96
	G. Net Profit/Loss	**250.56**	**733.74**	**2,186.23**
4	**Ratios**			
4.1	Capital Fund to RWA	11.34%	13.10%	8.02%
4.2	Non Performing Loan (NPL) To Total Loan	3.52%	2.29%	1.41%
4.3	Total Loan Loss Provision to Total NPL	91.27%	107.72%	165.14%
4.4	Cost of Funds	10.19%	10.05%	9.15%
4.5	Credit to Deposit Ratio	59.15%	54.67%	50.08%
4.6	Base Rate	18.05%	16.88%	15.98%

Interest Rate

Deposit : 7.5-9.10%	Loan & Advance 14-15%

Note : If the statutory and supervising authority notify to change the unaudited financial statements, the final figures may change accordingly.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

२०७९/८० को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**
(क) **त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ।
(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी रु. (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ रु.	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
१.३४	९६७ गुणा	१२६.१३	११९९.०१	७.५५%

२. **व्यवस्थापकीय विश्लेषण :**
(क) **त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुखकारण सम्बन्धी विवरण :**
यस त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात र तरलतामा खासै फरक नपरेपनि अन्य बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गर्ने फण्डको ब्याजदर वृद्धि भएको कारण गत वर्षको तेश्रो त्रैमासको तुलनामा यस त्रैमासको खुद ब्याज आम्दानीमा संकुचन हुन गएको छ।
(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस वित्तीय संस्थाले बागमती प्रदेशका ५ जिल्लामा रहेका ७ वटा शाखा कार्यालयहरु मार्फत ६०९४ ग्राहक सदस्यहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ। ग्राहकहरुको माग तथा नेपाल राष्ट्र बैंकको नीति अनुसार समय सापेक्ष रुपमा नयाँ ग्राहकमूखि सेवाको पहिचान तथा विकास गरी सोही अनुरुप आफ्नो व्यवसायीक कार्ययोजना तयार गरी आफ्नो कार्यक्षेत्र भित्र शाखा कार्यालयहरुको विस्तार गरी ग्राहकहरुलाई सुलभ तरिकाले सेवा प्रदान गर्ने योजना रहेको छ। चालु आ.व.को यस त्रैमासको अन्तसम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ।

विवरण	गत आ.व.२०७८/७९ (असार मसान्त)	चालु आ.व.२०७९/८० (चैत्र मसान्त)	फरक
सदस्य संख्या	५९६४	५९८४	२०
लगानीमा रहिरहेको कर्जा (रु.हजारमा)	२७७३८६	२६,६२,१९	(१,११,६७)
बाँकी बचत रकम (रु.हजारमा)	१४५३६९	१५,७४,६२	१,२०,९३

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना,अवस्थाआदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
सम्पूर्ण बैंकिङ्ग प्रणाली नै तरलता अभावको संकटबाट गुज्रिरहको हालको अवस्थामा यस संस्थाले लिने कर्जा साप्टीको ब्याजदर बृद्धिले खर्च बढने र संस्थाको ब्याजदर अन्तरमा केही असर पर्ने देखिन्छ। सो बाहेक लघुवित्त संस्थाहरु बीचको अत्याधिक प्रतिस्पर्धा, ग्राहक सदस्यहरुको दोहोरोपन भई हुने बहुबैंकिङ्ग कारोबार र हाल विभिन्न स्थानहरुमा संगठित रुपमा लघुवित्त विरुद्ध भएको गतिविधिको नकारात्मक असर पर्न सक्ने देखिएको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**
(क) वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।
(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेशण :**
(क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भै कारोबार भईरहेको छ। शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ।
(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार यस त्रैमासिक अवधीमा यस वित्तीय संस्थाको शेयर कारोबार निम्नानुसार भएको पाईन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको दिन	कारोबार संख्या	कारोबार भएको शेयर संख्या
२७०५	७१५	१३००	५५ दिन	२७२३	४३१०५

५. **समस्या तथा चुनौती :**
हालको परिस्थितिमा सम्पूर्ण बैंकिङ्ग प्रणालीमा परेको तरलता अभाव, सदस्यहरुको बढ्दो दोहोरोपना, बहुबैंकिङ्ग कारोबार, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको ब्याजदर बृद्धिको कारण लागत खर्चमा हुने वृद्धि र नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नितिगत परिवर्तन र सो बाट सृजित समस्या आदिलाई वित्तीय संस्थाले समस्या र चुनौतीको रुपमा लिएको छ। यी तमाम समस्या र चुनौतीका बावजुद प्रभावकारी जनशक्ति व्यवस्थापन लागु गरि लगानीका क्षेत्रहरु पहिचान गरि खर्चमा मितव्ययीता, उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य संचालन गर्दै आईरहेको छ।

६. **संस्थागत सुशासन :**
यस लघुवित्त संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुको : बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदिको पूर्ण पालना गरेको छ। वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, सूचना प्रणाली नीति, कर्जानीति, बचत परिचालन नीति आदी विभिन्न निति, नियम तथा निर्देशिकाहरु बनाई पालना गरिएको छ। त्यसै गरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति र कर्मचारी सेवा सुविधा समितिले सक्रिय रुपमा कार्य गरिरहेका छन्।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका

सत्तासीन दलका नेताको सार्वजनिक प्रतिबद्धता

'सुशासन ल्याइछाड्ने अठोटबाट सरकार पछि हट्दैन'

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुशासनका निम्ति सरकार प्रतिबद्ध रहेको बताएका छन्। सामाजिक न्याय, सुशासन र समृद्धिको यात्रालाई नयाँ ढंगले अगाडि बढाउने सरकारको अठोट रहेको उनको भनाइ छ।

काठमाडौंमा बुधबार आयोजित स्व. निर्मल लामाको २३औं स्मृति कार्यक्रममा उनले सामाजिक न्याय र सुशासनको सरकारको अठोटमा बुद्धिजीवी, नागरिक समाज र आमश्रमिक जनताको साथ रहने विश्वास व्यक्त गरे। प्रचण्डले भने, 'परिस्थिति नयाँ बनेको छ। हामी सामाजिक रूपान्तरणका निम्ति सामाजिक न्याय, सुशासन र समृद्धि यात्रालाई नयाँ ढंगले सुरु गर्ने अठोटका साथ अगाडि बढेका छौं। सानादेखि ठूला राम्रा काम गर्ने, राम्राबाहेक नराम्रा गर्दै नगर्ने भनेर हामी लागेका छौं। मलाई विश्वास छ, सुशासन, सामाजिक न्याय र समृद्धिको निम्ति हामीलाई सम्पूर्ण इमानदार क्रान्तिकारी, बुद्धिजीवीहरू, नागरिक समाज र आमश्रमिक जनताको साथ हुनेछ।' राजनीतिमा जटिलता आइरहने बताउँदै उनले यसपटक सुशासनका निम्ति गम्भीर भएर अघि बढेको बताए। उनले निर्मल लामाको इमानदारी, परदर्शिता, सरल जीवन र क्रान्तिनिष्ठा अनुकरणीय रहेको चर्चा गरे।



सरकारले भ्रष्टाचारका सबै फाइल खोलोस् : नेपाल

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भ्रष्टाचारमा मुछिएका सबैलाई कारबाहीको दायरमा ल्याउन सरकारलाई सुझाव दिए। मानव तस्करीमा नेताहरूले नै अगुवाइ गरिएको भन्दै उनले जुनसुकै व्यक्ति र जुनसुकै भ्रष्टचारका केसमा खुट्टा नकमाउन गृहमन्त्रीलाई आग्रह गरे। 'मानव तस्करी गर्ने काममा नेताहरूले नै अगुवाइ गरेका रहेछन्। उपप्रधानमन्त्री तथा गृहमन्त्रीको ध्यान फेरि पनि आकर्षित गर्न चाहन्छु,' उनले भने, 'तपाईंले खुट्टा कमाउनुहुँदैन। तपाईं दृढताका साथ अगाडि बढ्नुस्। जोसुकै व्यक्ति, जुनसुकै भ्रष्टाचारको केसमा जोडिएका, मुछिएका छन् भने, संलग्न छन् भने बाँकी नराख्नुहोस्। यो काम राम्रो ढंगले गरियो भने असल मानिसहरूको शिर ठाडो हुन्छ।'



सबै दल एक ठाउँ आउनुपर्छ : कानुनमन्त्री गुरुङ

कांग्रेस उपसभापति एवं कानुनमन्त्री धनराज गुरुङले भ्रष्टाचारीलाई कारबाही गर्न सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने बताए। 'भ्रष्टाचारीको जात, धर्म, वर्ण, लिंग, क्षेत्र, राजनीतिक पार्टी र राष्ट्रियता हुँदैन भन्ने मान्यताको साथ कारबाही नभएसम्म यस्तो भइरहन्छ। म दृढ छु। माननीय गृहमन्त्रीज्यूलाई सम्मान व्यक्त गर्न चाहन्छु। गोडा नकमाउनुस्,' उनले भने, 'मैले प्रधानमन्त्रीज्यूलाई पनि भनेको छु। गृहमन्त्रीज्यूलाई पनि पटक-पटक भनेको छु, हामी एक ठाउँमा उभिऔं, रूपान्तरण गरौं। कुनै दलको पछ्यौरीले अनुहार छोपेर कालो कर्तुत गर्नेका पछ्यौरीहरू उघारौं।'



शरणार्थी प्रकरण राष्ट्रघात हो : एकीकृत समाजवादी

एकीकृत समाजवादीले भुटानी शरणार्थीको आवरणमा भएको ठगी प्रकरण आर्थिक अनियमितता मात्र नभई मानव तस्करी र राष्ट्रघात भएको ठहर गरेको छ। पार्टी केन्द्रीय कार्यालय मीनभवनमा बुधबार बसेको सचिवालय बैठकले सबै दोषीमाथि दृढतापूर्वक कारबाही गर्न सरकारलाई आग्रह गरेको छ। दबाइएका अन्य घटनामा पनि छानबिन गर्न माग गरेको छ।

'नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने गिरोहमाथि सरकारले कारबाहीको प्रक्रिया सुरु गरेको छ। अहिले त्यस काण्डका एकपछि अर्को रहस्य सतहमा आउँदै छन्। उच्च तहका राजनीतिक र प्रशासनिक अधिकारी यसको घेरामा पर्दै गएका छन्। घटनाको प्रकृतिले यो आर्थिक अनियमितता मात्रै नभएर मानव तस्करी र देशघातीसमेत हो भन्ने छर्लंग छ,' बैठकपछि महासचिव घनश्याम भुसालद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा भुसालले कुनै पनि शक्तिले कुनै पनि बहानामा पार्ने कुनै पनि दबाब वा प्रभावबाट यो काण्डको अनुसन्धान र कारबाही प्रक्रिया कमजोर हुन नजाओस् र सबै दोषीमाथि कारबाही गर्न सरकार दृढतापूर्वक अघि बढोस् भन्ने पार्टीको स्पष्ट धारणा रहेको उल्लेख गरेका छन्। एकीकृत समाजवादीले दबाइएका अन्य घटनामा पनि यसैगरी छानबिन अगाडि बढाउन माग गरेको छ। स्वार्थ समूहका दबाबका कारण घटनाको ढाकछोप नहोस् भन्नेमा एकीकृत समाजवादीले सचेत गराएको छ।

'छानबिनको दायरा बढ्दै जाँदा अनुसन्धानलाई नाजायज प्रभाव पार्ने 'दौडधुप' पनि भइरहेको कुरा बाहिएको छ। भ्रष्टाचारका विरुद्ध र सुशासनको पक्षमा प्रभावकारी कानुनी तथा प्रशासनिक कारबाही नहुँदा लोकतन्त्र र न्याय कमजोर हुँदै जान्छन्। विगतमा यस्ता कैयन् घटना स्थार्थ समूहका दबाबका कारणले ढाकछोप भएका छन्,' विज्ञप्तिमा भनिएको छ।

आमजनसमुदाय, राजनीतिक दल, सामाजिक संघसंस्था तथा सञ्चारमाध्यमलाई समेत अनुसन्धान र कारबाही प्रक्रियालाई सतर्कतापूर्वक हेर्न र निष्पक्ष अनुसन्धान र पारदर्शी कानुनी कारबाहीका लागि आवश्यक दबाब सिर्जना गर्न बैठकले आह्वान गरेको छ। यस्तै, यस प्रकरणविरुद्ध उभिन र क्रियाशील हुन पार्टी पंक्ति तथा जनसंगठनलाई बैठकलाई आह्वान गरेको छ।

माइतीघर मण्डलामा धर्ना : एकीकृत समाजवादीको मोर्चा संगठनले माइतीघर मण्डलामा बुधबार दिउँसो धर्ना दिएको छ। भुटानी शरणार्थीको आवरणमा भएको ठगीमा संलग्नलाई कडा कारबाहीको माग गर्दै धर्ना दिइएको मोर्चा संगठनका प्रमुख डा. विजय पौडेलले जानकारी दिए। भ्रष्टाचारीलाई कारबाहीको माग गर्दै बिहीबार दिउँसो १ बजे देशभरका जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शन गरिने उनले जानकारी दिए। काठमाडौंमा भने माइतीघर मण्डलामा प्रदर्शन र धर्नाको कार्यक्रम तय भएको छ।

प्रहरीखोरमा...

पृष्ठ १ बाट क्रमशः

जनाएको छ। मन्त्रीबाट हटेको साढे चार महिनापछि उनी प्रहरी हिरासतमा पुगेका छन्। ११ पुस ०७९ सम्म उनी गृहमन्त्री थिए।

प्रहरीका अनुसार खाणविरुद्धका चार बलिया प्रमाण फेला परेका छन्। पहिलो उनी गृहमन्त्री हुँदा शरणार्थीसम्बन्धी कार्यदलको गोप्य प्रतिवेदन किर्ते गरिएको छ। दोस्रो, ठगीमा सघाएबापत उनले बिचौलियाबाट एक करोड २४ लाख ५० लिएको अभियुक्तको बयान छ। तेस्रो, यही प्रकरणमा पक्राउ गरिएका सचिव टेकनारायण पाण्डेले पनि खाणलाई बुझाउन बिचौलियासँग आर्थिक लेनदेन गरेको स्वीकार गरेका छन्। र चौथो, बिचौलियालाई फाइदा हुने गरी खाणले मन्त्रालयबाट पटक-पटक विभिन्न निर्णय गराएका छन्। त्यस्तै, बिचौलिया पक्राउ परेपछि खाणको प्रतिनिधि बनेर पैसा फिर्ता गर्न गएका पूर्वसांसद आङटावा शेर्पाको विषयमा पनि प्रहरीले छानबिन गरिरहेको छ। त्यो पुष्टि गर्न सके थप बलियो प्रमाण हुने प्रहरी अधिकारीहरू बताउँछन्।

खाणलाई पक्राउ गर्ने क्रममा निकै दुःख झेल्नुपरेको प्रहरी अधिकारीले बताएका छन्। मैंजुबहालस्थित निवासबाट सुरुमा प्रहरीले उनका पिए नरेन्द्र केसीलाई पक्राउ गरेको थियो। आफू पनि पक्राउ पर्ने संकेत पाएपछि खाण ढोका थुनेर बसेका थिए। प्रहरीले बल प्रयोग गरेपछि मात्रै खाणले ढोका खोलेका थिए। पक्राउ गर्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी मनोज केसी आफैं गएका थिए। परिसरका इन्स्पेक्टर राजन लामाले आफूसँग हिँड्न आग्रह गर्दा खाणले उनलाई रिसाएर धकेलेका थिए। 'बल्लतल्ल आफ्नै गाडीमा प्रहरी कार्यालय जान तयार भए,' पक्राउ टोलीमा रहेका एक अधिकारीले भने, 'उहाँलाई आफू पक्राउ पर्छु भन्ने रहेनछ, एक्कासि प्रहरी आएपछि आक्रोशित हुनुभयो।'

टेकुस्थित प्रहरी परिसर पुगेपछि जिल्ला परिसरका प्रमुख एसएसपी दानबहादुर कार्कीलाई 'कंग्रेच्याचुलेसन एसएसपी सा'ब !' भन्दै खाणले रिस पोखेको स्रोत बताउँछ। अदालतबाट पक्राउ पुर्जी जारी गर्दा सूचना चुहिने डरपछि प्रहरीले आफैं जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गरेपछि मात्र अदालतबाट पक्राउ पुर्जी लिएको हो। यसअघि टोपबहादुर रायमाझी फरार भएपछि प्रहरीले यस्तो तरिका अपनाएको हो।

यो ठगी मुद्दामा एकपछि अर्का हाई प्रोफाइल तानिएका छन्। यसअघि एमाले सचिव रायमाझीसहित उनका छोरा सन्दीप, सचिव टेकनारायण पाण्डेको संलग्नता पुष्टि भइसकेको छ। अन्य सातजना बिचौलियालाई पनि प्रहरीले हिरासतमा राखेको छ। अन्य हाई प्रोफाइलको संलग्नताबारे जिल्ला प्रहरी परिसर काठमाडौंका दानबहादुर कार्की भन्छन्, 'अन्य व्यक्तिहरूमाथि पनि प्रमाण खोज्ने क्रम जारी छ।'

तत्कालीन गृहमन्त्री बालकृष्ण खाणका स्वकीय सचिव नरेन्द्र केसीले भने ठगी प्रकरणमा पाँच लाख रुपैयाँ लिएको खुलेको छ। उनलाई पनि प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेका सचिव टेकनारायण पाण्डेको मोबाइलको विवरण सो कुरा उल्लेख छ। प्रहरी स्रोतका अनुसार 'नरेन्द्रले पनि आस गर्छ, त्यसलाई पाँच लाख फालिदिनुपर्ला' भन्ने च्याट विवरण छ। सोहीअनुसार पैसा पनि दिएको पक्राउ परेका अभियुक्तको दाबी छ। केसी चितवनको एक विद्यालयका प्रधानाध्यापक हुन्। तर, शक्तिको बलमा उनी विद्यालय नगई राजनीतिमा सक्रिय छन्। खाणको कार्यकालमा मन्त्रालयमा सबैभन्दा धेरै बेथिति केसीले नै गरेको कर्मचारीहरू बताउँछन्।

काठमाडौं परिसरका एसएसपी दानबहादुर कार्कीका अनुसार खाण र केसीलाई अदालतले तीन दिन थुनामा राख्न अनुमति दिएको छ। खाणलाई टेकु र केसीलाई प्रहरी वृत्त सोह्रखुट्टेको हिरासतमा राखिएको छ।

■ **खाणविरुद्धका चार प्रमाण**

२९ असार ०७८ मा गृहमन्त्री भएका बालकृष्ण खाणको कनेक्सन बिचौलिया समूहसँग गृह मन्त्रालयमै भएको हो। मन्त्री भएको केही महिनामै उनले भुटानी शरणार्थीका नाममा अमेरिका पठाउने भन्दै ठगी गर्ने गिरोहलाई सघाएको विभिन्न मितिमा भएका निर्णयले देखाउँछ।

मन्त्री भएको अढाई महिनामै खाणले १४ असोज ०७८ मा गृहसचिवस्तरीय निर्णयबाट झापाका सहायक सिडिओको अध्यक्षतामा छुट शरणार्थीको विषयमा अर्को समिति गठन गराएका थिए। त्यति मात्र होइन, दुई महिनापछि मन्त्रिपरिषद्मै उनले त्यससम्बन्धी प्रस्ताव लगेर पारित गराएका थिए। १३ मंसिर ०७८ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले बिचौलिया गिरोहलाई फाइदा हुने गरी शरणार्थीलाई स्वेच्छिक स्वदेश फिर्ताका लागि कूटनीतिक पहल गर्ने तथा तेस्रो देश पुनर्स्थापनाका लागि परराष्ट्र मन्त्रालयमार्फत विकास साझेदार राष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्नेलगायतका निर्णय गरेको थियो। त्यही निर्णयका आधारमा बिचौलियाहरूले सर्वसाधारणलाई विश्वासमा लिँदै थप पैसा उठाएका थिए।

मन्त्रिपरिषद्बाट निर्णय भएको पाँच दिनपछि १८ मंसिर ०७८ मा गृहले निर्णय कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय झापा र मोरङलाई पत्राचार गरेको थियो। २७ जेठ ०७९ मा गृहमन्त्रीस्तरबाट भएको निर्णयले त खाणको संलग्नता पुष्टि नै गर्ने प्रहरी अधिकारीहरू बताउँछन्। त्यस दिन सहायक सिडिओ नेतृत्वको समितिले आवश्यक परे उपसमिति गठन गर्न सक्ने र पन्थी कार्यदलको प्रतिवेदनमाथि ठोस राय र सुझाव पेस गर्ने निर्णय गरेको थियो।

'बिचौलियासँग एक करोड २४ लाख ५० हजार लिएको केही दिनमै सो निर्णय भएको देखिन्छ,' प्रहरी स्रोत भन्छ, 'अभियुक्तको बयानअनुसार मन्त्रालयका निर्णयहरू मिल्दै गएको आधारमा हामीले पक्राउ गर्ने निर्णय गरेका हौं।' साथै पक्राउ परेका तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले पनि आफूले त्यससम्बन्धी निर्णयहरू मन्त्री खाणकै निर्देशन र समन्वयमा गरेको बयान दिएका छन्।



यो सामान्य अपराध होइन, राज्यविप्लव हो

ठाकुरप्रसाद ज्ञवाली, पूर्वआइजिपी

नक्कली शरणार्थीका नाममा भएको ठगी सामान्य अपराध होइन, यो त देशविरुद्धको अपराध हो, राष्ट्रविप्लव हो। यसले अन्तर्राष्ट्रिय रूपमै नेपाललाई ठूलो असर पर्छ। अबको पाँचौं पुस्तासम्म यसको असर नागरिकले भोग्नुपर्ने हुन सक्छ। अन्तर्राष्ट्रियस्तरमा नेपाली नागरिकले धेरै दुःख पाउन सक्छन्। यो घटनाले नेपाल प्रहरी संस्थागत रूपमा कमजोर भएको छैन भन्ने देखाउँछ। लिंकेज भेटिएपछि प्रहरीले कसैलाई पनि छाड्दैन भन्ने पुष्टि भएको छ। राजनीतिक दबाबलाई सहन नसक्ने व्यक्ति अब प्रहरीमा काम छैन। नेपाल प्रहरीमा आन्तरिक रूपमा धेरै सुधार भएको छ, संगठनमा केही पात्रहरू खराब होलान्, तर प्रहरी संस्था बाहिर सोचिएजस्तो कमजोर छैन, धेरै बलियो छ भन्ने यो घटनाले पनि देखाएको छ।

■ **कांग्रेस युवा नेताहरूले गृहमन्त्रीलाई भने- अघि बढ्नुस्, हाम्रो साथ रहनछ**

कांग्रेसका दुई दर्जन युवा नेताले उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर शरणार्थीका नाममा भएको ठगी प्रकरणमा सरकारले लिएको कदमको प्रशंसा गर्दै ऐक्यबद्धता जनाएका छन्। संस्थापनइतरका नेताहरू गुराज घिमिरे, गोविन्द पोखरेल, मधु आचार्य, भूपेन्द्रजंग शाही, रञ्जित कर्ण, नरेश यादवलगायतका नेता मन्त्रालय पुगेर मन्त्रीलाई भेटेका थिए।

उनीहरूले नक्कली शरणार्थी प्रकरणको फाइल खोलेर ठूला नेताहरूलाई पक्राउ गर्ने साहस गरेकोमा गृहमन्त्री श्रेष्ठलाई धन्यवाद दिए।

■ **फरार टोपबहादुरलाई चौतफी दबाबपछि एमालेले गऱ्यो निलम्बन**

चौतफी दबाबपछि एमालेले नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा फरार केन्द्रीय सचिव टोपबहादुर रायमाझीलाई पदबाट निलम्बन गरेको छ। उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको एक सातापछि पार्टीले कारबाही गरेको हो। पार्टी नेतृत्वले नै रायमाझीलाई लुकाएको भन्दै चौतर्फी आलोचना हुँदै आएको छ। महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गरी प्रहरीको अनुसन्धानलाई सहयोग पुऱ्याउन रायमाझीलाई निलम्बन गरिएको जनाएका छन्।

मंगलबार बसेको केन्द्रीय सचिवालय बैठकले संविधान, कानुन र विधिको शासन मान्ने पार्टीको नेताले प्रहरीसामु उपस्थित भएर अनुसन्धानमा सहयोग पुऱ्याउनुपर्ने निर्णय गरे पनि निलम्बनको निर्णय गरेको थिएन। तर, कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाण पक्राउ परेलगत्तै पार्टीभित्र र बाहिरको दबाबसमेतलाई मध्यनजर गरेर एमालेले रायमाझीलाई निलम्बन गरेको हो।

■ **घटनामा नाम जोडिएपछि आरजुले साइबर ब्युरोमा दिइन् उजुरी**

कांग्रेस नेत्री तथा प्रतिनिधिसभा सदस्य आरजु राणा देउवाले भुटानी शरणार्थीको आवरणमा भएको ठगी प्रकरणमा आफ्नो नाम जोडेर बाहिरिएको अडियोको सत्यतथ्य जाँच गर्न माग गर्दै नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएकी छिन्। बुधबार ब्युरोमा लिखित उजुरी दिँदै उनले अडियोको सत्यतथ्य तत्काल सार्वजनिक गरेर दोषीमाथि कारबाहीको माग गरेकी हुन्।

ठगीमा संलग्न सांसदको राहदानी जफत गर्न माग

काठमाडौं/ नेपाली नागरिकलाई भुटानी नागरिक बनाएर अमेरिका पठाउने भन्दै गरिएको ठगी प्रकरणमा संलग्न सांसदको राहदानी जफत गर्न सांसदहरूले माग गरेका छन्। प्रतिनिधिसभाको बुधबार बसेको बैठकमा सांसदहरूले जनताले जिम्मेवारी दिएको सांसद र मन्त्री पदको दुरुपयोग गरी देश र जनता ठग्ने सांसदलाई सदनबाट निलम्बन तथा राहदानी र सम्पत्ति जफत गर्न माग गरेका हुन्।

उनीहरूलाई राजनीतिमा पनि आउन नपाउने गरी बन्देज गर्नुपर्ने सांसदहरूको माग छ। यो प्रकरणमा हालसम्म सांसदहरू टोपबहादुर रायमाझी, मञ्जु खाण र आरजु राणा देउवा मुछिएका छन्। रायमाझी फरार छन्। मुछिएका सांसदहरू देश छोडेर भाग्न सक्ने खतरा भएकाले पासपोर्ट जफत गर्न सदनमा आवाज उठेको हो।

कांग्रेस महामन्त्री गगनकुमार थापाले नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा संलग्न जुनसुकै तहको नेता भए पनि कारबाहीको दायरामा ल्याउनुपर्ने बताए। 'संलग्न जोसुकै होस्, जुनसुकै दल, तह, ओहोदाको होस् कारबाहीको दायरामा ल्याउनैपर्छ। बजारको हल्लाले अनुसन्धान प्रभावित नहोस्, न त कुनै भेटघाटले प्रभाव पारोस्। कहींकतैबाट प्रभावित नहोस्, अनुसन्धान स्वतन्त्र र निष्पक्ष होस्। निर्दोष कोही पनि नपरोस्, तर दोषी छ भने नेता होस् कि नाता होस् एउटा पनि नछुटोस्,' उनले भने, 'यो प्रकरणमा सरकारले द्वोसँग खुट्टा टेक्यो भने योभन्दा अगाडि सुशासनको नारा लगाउन सक्छ। तपाईं (प्रधानमन्त्री)को फिल्म चल्छ, हाउसफुल हुन्छ।'

एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले दोषीहरू कोही नछुट्ने गरी सरकारले कारबाही अगाडि बढाउनुपर्ने र यसमा आफ्नो पार्टीको सहयोग, समर्थन रहने बताए। विधिपूर्वक भइरहेको छानबिनमा सघाउन सांसद टोपबहादुर रायमाझीलाई पार्टीले निर्देशन गरिसकेको पनि उनले जानकारी गराए।

माओवादी सांसद माधव सापकोटाले अमेरिकी गुप्तचर संस्था एफबिआईले समेत चासो लिएर यो विषयमा अनुसन्धान गरिरहेको सुन्नमा आएको भन्दै स्वार्थमा जोडेर राजनीतीकरण नगर्न र गम्भीरतापूर्वक लिन ध्यानाकर्षण गराए। रास्वपा सांसद डोरप्रसाद अर्यालले देश छोडेर भाग्न सक्ने खतरा भएकाले भ्रष्टाचारमा नाम जोडिएका सांसदहरूको राहदानी तुरुन्त जफत गर्न माग गरे। रास्वपाकै सुमना श्रेष्ठले अनुसन्धान नसकिएसम्म 'फ्लाइट रिस्क' भएका भ्रष्टाचारमा नाम आएका सांसदहरूको राहदानी जफत गर्नुपर्ने माग गरिन्। बोल्ने सबै सांसदले सरकारले खुट्टा कमाउन नहुने र प्रहरीलाई स्वतन्त्र रूपले काम गर्न दिनुपर्नेमा जोड दिए।

जसपाकी मञ्जु शर्मा अन्सारीले देश र जनता ठग्ने पात्रलाई सदनबाट निलम्बन गरेर सम्पत्ति जफत गर्न माग गरिन्। चाल्स शोभराजजस्तो विश्वव्यापी कुख्यात अपराधी समात्न सक्ने नेपाल प्रहरीले भुटानी शरणार्थी प्रकरणमा मुछिएको व्यक्ति (टोपबहादुर रायमाझी)लाई किन समात्न नसकेको भनी प्रश्न गरिन्। 'के यो मिलेमतो होइन ? एकातिर भ्रष्टाचार निर्मूल गर्ने भन्ने, अर्कोतिर व्यक्ति समातिँदैन, कतै यो तँ रोएजस्तो गर, म कुटेजस्तो गर्छु भन्ने खेल खेलिएको त छैन, जनताको आँखामा झारो हाल्न ?' उनले भनिन्, 'देश र जनता ठग्ने यस्ता व्यक्तिलाई सांसद बन्ने कुनै अधिकार छैन। तुरुन्त सदनबाट निलम्बन हुनुपर्छ। यस्ता व्यक्तिको सम्पत्ति जफत गरेर सरकारको ढुकुटीमा राख्नुपर्छ।'

सांसद विमला सुवेदीले भ्रष्टाचारीलाई जोगाउनका लागि दौडधुप नगर्न शीर्ष नेतालाई चेतावनी दिइन्। सांसद रणेन्द्र बरालीले टोपबहादुर रायमाझीलाई प्रहरीमा बुझाएर भ्रष्टाचारविरुद्धको अभियानमा सघाउन अनुरोध गरे। राजकुमार राईले मुछिएका सबैलाई कारबाही गर्न माग गरे। रामकृष्ण यादवले राष्ट्रघाती अपराधको निष्पक्ष छानबिन गर्न माग गरे। रामशंकर यादवले पञ्चायत व्यवस्थादेखि आजसम्मका भ्रष्ट राजनीतिज्ञ र राष्ट्रसेवकमाथि छानबिन गर्न विशेष समितिको माग गरे। रामहरि खतिवडाले निष्पक्ष छानबिन गरेर दोषीलाई कारबाही गर्न माग गरे।

सांसद रोशन कार्कीले मानव तस्कर गरेर पैसा कमाउने अपराधीको सम्पत्ति जफत गर्न र कहिल्यै पनि राजनीतिमा आउन नपाउने गरी बन्देज गर्नुपर्ने माग गरिन्। यसो गरिए मात्र भ्रष्टाचार न्यूनीकरण हुने भन्दै भ्रष्टाचारमा संलग्न आफन्त, पार्टीका व्यक्ति जोसुकै भए पनि कडा सजाय दिनुपर्ने उनको भनाइ छ। लेखनाथ दाहालले राष्ट्रविरुद्धको जघन्य अपराधमा संलग्नलाई राजनीतिक संरक्षण दिने काम नगर्न चेतावनी दिए।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले ठगीमा संलग्नलाई उन्मुक्ति नदिन माग गरे। 'यो ठगी, राज्यविरुद्धको अपराध, संगठित अपराध, सरकारी कागज किर्तेसहित यो एक प्रकारको जघन्य अपराध हो। यसमा संलग्न मानिसलाई छुट दिने त कल्पना नगरौं, यसलाई कुनै पनि बहानामा कमजोर बनाउने, उन्मुक्ति दिने काम सरकारले गर्नुहुँदैन,' उनले भने। पछिल्ला दिनमा प्रहरीले अनुसन्धान नगर्ने हो कि, अष्तियारलाई नबुझाउने हो कि जस्ता तर्कहरू आउन थालेको भन्दै उनले यसप्रकारको गल्ती नगर्न सरकारलाई सचेत गराए।

लिङदेनले सरकारलाई रुलिङ गर्न सभामुखलाई अनुरोध गरे। सभामुख देवराज घिमिरेले उठेका विषयको सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराएका थिए। 'माननीय सदस्यहरू अहिले उठेका विषयमा म नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु,' घिमिरेले भने।

भावपूर्ण श्रद्धाञ्जली

इन्दै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो॥



जन्म मितिः २००७/०२/१६

स्वर्गारोहण मितिः २०८०/०१/१६

स्व. श्याम बहादुर महर्जन

यस विद्यालयका अभिभावक तथा शुभचिन्तक चन्द्रागिरि १४, निवासी श्याम बहादुर महर्जनको असामयिक निधन भएको आज १३औं पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं साथै यस दुखद घडीमा शोकाकुल परिवारजनमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रिन्सिपल
ब्राइट फ्यूचर मा.वि., परिवार
च.न.पा. १४, नैकाप, काठमाडौं

'हाई प्रोफाइल'...

पृष्ठ १ बाट क्रमशः

देखिन्छ। पूर्वउपप्रधानमन्त्री तथा निलम्बित एमाले सचिव टोपबहादुर रायमाझी र उनका छोरा सन्दीपसँग शर्माले लेनदेनका विषयमा कुराकानी गरेको मोबाइल डेटामा देखिएको छ।

त्यस्तै, पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार इन्द्रजित राई र उनका छोरा नीरजसँग पनि शर्माले नक्कली शरणार्थीको विषयमा आर्थिक लेनदेन सम्बन्धमा कुराकानी गरेको मोबाइल डिभाइसमा प्राप्त डेटाले देखाएको छ। सोही प्रमाणपछि काठमाडौं प्रहरी परिसर नक्कली भुटानी शरणार्थीसँग सम्बन्धित ठगी मुद्दालाई संगठित अपराधमा रूपान्तरण गर्ने निष्कर्षमा पुगेको हो।

शर्मा मात्र होइन, पक्राउ परेका अभियुक्तहरू केशव दुलाल, सानु भण्डारीको मोबाइलबाट पनि धेरै उच्चपदस्थको संलग्नता खुलेको प्रहरी अधिकारी बताउँछन्। सचिव पाण्डेकै मोबाइलको डाटा रिकभर गर्दा पूर्वमन्त्री खाणविरुद्ध प्रमाण भेटिएका छन्। जसकारण यो मुद्दामा अभियुक्तका बलियो प्रमाण बनेका छन्।

काठमाडौं प्रहरी परिसर प्रमुख एसएसपी कार्कीले नक्कली भुटानी शरणार्थी सम्बन्धमा आर्थिक लेनदेन भएको पुष्टि पाण्डे र खाणबीच भएको कुराकानीले पुष्टि गर्ने बताए। 'प्रहरीसँगको बयानमा पाण्डेले खाणको नाम लिए। त्यसपछि हामीले उनको मोबाइल फोनमा प्राप्त डेटा विश्लेषण गर्‍यौं,' उनले भने, 'दुईबीच आर्थिक लेनदेनको विषयमा कुराकानी भएको देखिन्छ। सोहीअनुसारका सन्देश आदानप्रदान भएको पनि देखिन्छ। यही कारण खाणलाई पक्राउ गरिएको हो।'

वनको डढेलो...

पृष्ठ १ बाट क्रमशः

नसकेपछि घाइतेलाई काठमाडौं पठाइएकोमा पदम र पीताम्बरको बाटैमा तथा माधव र घनश्यामको बुधबार बिहान ७ बजेतिर कीर्तिपुरस्थित बर्न अस्पतालमा ज्यान गएको रिजालले बताए। घाइते २६ वर्षीया अस्मिता बेल्वासेको पाल्पा मिसन अस्पतालमा उपचार भइरहेको छ।

भूमिकास्थान- २ का वडाध्यक्ष बुद्धिबहादुर थापाका अनुसार बस्तीदेखि चार किलोमिटर टाढा जंगलमा मंगलबार बिहान डढेलो लागेको थियो। हावाहुरी चलेपछि दिउँसो १२ बजेतिर खरबारी हुँदै बस्तीतिर आगो सल्किएको थियो। 'हावाहुरी चलेको थियो, उहाँहरू आगोको लप्कामा फस्नुभयो,' उनले भने। प्रमुख जिल्ला अधिकारी मीना अर्यालले मृतकका परिवारलाई ५० हजारका दरले तत्काल राहत रकम र आवासका लागि व्यवस्थापन गरिएको बताइन्।

घाइतेको उपचारखर्च नगरपालिकाले व्यहोर्ने

आगलागीमा परेर पाल्पाको मिसन अस्पतालमा उपचार गराइरहेकी अस्मिताको उपचारखर्च भूमिकास्थान नगरपालिकाले व्यहोर्ने भएको छ। मेयर झविलाल थापाका अनुसार नगरपालिकाको विपत् व्यवस्थापन समितिको बैठकले अस्मिताको उपचार खर्च व्यहोर्ने र आश्रित परिवारलाई जनही ५० हजार नगद उपलब्ध गराउने निर्णय गरेको हो।

राधे-कृष्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

का.म.पा-१६, बनस्थली काडमाण्डौ

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८० वैशाख २८ गते बिहीबार

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले विविध प्रयोजनमा विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणको लागी यस सहकारीसँग गरिएको सम्झौता बमोजिम समय समयमा तिर्नु/बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जाना लगायत अन्य दस्तुर आदी नतिरी नबुझाई ऋण सम्बन्धी सर्त, बन्देजहरू उल्लंघन गर्नु भएकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता गर्दा समेत ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋण चुक्ता गर्न आउनु भनी ३५ दिने सुचना प्रकाशित गरिएको छ।

यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी लिएको ऋणको सावाँ, ब्याज, हर्जाना लगायत अन्य दस्तुर समेत चुक्ता गर्नुहोला, अन्यथा नियमानुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.स	ऋणी र धितोको विवरण	फोटो	धनजमानि कर्ताको विवरण	फोटो
१.	श्री दिप बहादुर सुवेदीको नाती श्री भिम बहादुर सुवेदीको छोरा, साबिक काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स वडा नं ८ हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा वडा न. १ बस्ने ना.प्र.नं.४३४८-९५२४ जारी मिति २०५८।१०।१९ जि.प्र.का काठमाण्डौका **श्री महेश सुवेदीको** नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको साबिक इचंगुनारायण ९, हाल नागार्जुन न.पा. वडा नं. १ नक्सा सिट नं.१०२०९८२११ कित्ता नं.१३९ क्षे.फ. १२७.२० ब.मि. घरजग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलागप

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार २८ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

खेल संक्षेप

आदिवासी खेलकुद संघमा भूपेन्द्र

काठमाडौं/ आदिवासी खेलकुद संघ नेपालको प्रथम साधारणसभाले भूपेन्द्र गुरुङलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ। साधारणसभाले भूपेन्द्रको अध्यक्षतामा ९ सदस्यीय केन्द्रीय कार्यसमितिसमेत दुई वर्षका लागि निर्विरोध चयन गरेको छ। नेपाल उमा कुङफु संघका महासचिवसमेत रहेका गुरुङ जर्मनीमा भएको वर्ल्ड मार्सलआर्टस् गेम्स तथा इंग्ल्यान्डमा भएको युरोपियन च्याम्पियनसिपका स्वर्ण विजेता हुन्। नवनिर्वाचित केन्द्रीय कार्यसमितिमा दिपेन गुरुङले उपाध्यक्ष, सुरेश मगरले सचिव तथा मीनबहादुर गुरुङले कोषाध्यक्षको जिम्मेवारी पाए।

बिएनएको सहज जित

काठमाडौं/ आयोजक बसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले छैटौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा बुधबार ह्वाइट माउन्टेनलाई २४-१४ ले पराजित गरेको छ। सिनियर महिलामा नेपाल मोडेलले स्किब्सलाई १८-८ ले हरायो। पृथ्वीले ग्रिनल्यान्डलाई २८-१६ र एचएचसिएले फेरिल्यान्डलाई २०-१२ ले पाखा लगाए। जुनियर पुरुषमा बिएनएले पारामाउन्टलाई १८-८ ले पाखा लगायो। बिएनएका दिपेश पण्डितले ८ स्कोर गरे। जुनियर पुरुषमा फेरिल्यान्डले एचएचसिएलाई २४-१२ तथा ओडिसी इन्टरनेसनल एकेडेमीले सिद्धार्थ मोडेललाई १६-१० ले पन्छाए। फेरिल्यान्डका तेनिल खत्रीले १० तथा ओडिसीका मुकेश शर्माले आठ स्कोर गरका थिए।

हाफ म्याराथन ६ जेठमा

काठमाडौं/ कान्तिपुर पब्लिकेसन्सले आयोजनामा ११औं कान्तिपुर हाफ म्याराथन आउँदो ६ जेठमा हुनेछ। कान्तिपुर हाफ म्याराथनको यसपालि मुख्य नारा 'लेट्स गो ग्रिन टुगेदर' रहेको बुधबार पत्रकार सम्मेलनमा पब्लिकेसन्सका सिइओ महेश स्वाँरले जानकारी गराए। प्रतियोगितामा पहिलोपटक कलेज रन विधा थपिएको छ। सात किलोमिटर दूरीमा हुने यस विधामा १८ वर्षमाथिका विद्यार्थीले दौडनेछन्। हाफ म्याराथन २१.११ किमि, कर्पोरेट पाँच किमि र ह्विलचेयर तीन किमिको हुने स्वाँरले बताए। हाफ म्याराथन पुरुष र महिलातर्फका विजेताले जनही एक लाख रुपैयाँ पाउनेछन्। दोस्रोले ५० हजार, तेस्रोले ३० हजार र चौथोले २० हजार रुपैयाँ प्राप्त गर्नेछन्। शारीरिक रूपमा फरक क्षमता हुने ह्विलचेयरतर्फ पहिलोले ३० हजार, दोस्रोले २० हजार र तेस्रो स्थानमा रहने खेलाडीले १० हजार रुपैयाँ हात पार्नेछन्।

विश्वकप छनोट खेल्ने १० राष्ट्रको टुंगो

सुपर लिगमा बंगलादेशसँग अंक बाँडेको आयरल्यान्ड विश्वकप ग्लोबल छनोट खेल्ने दशौं राष्ट्र बन्यो। ग्लोबल छनोटमा नेपालले पहिलोपटक प्रतिस्पर्धा गर्दै।



फाइल तस्बिर

नयाँ पत्रिका
काठमाडौं, २७ वैशाख

नेपाली राष्ट्रिय क्रिकेट टोलीले अर्को महिना जिम्बाबेमा हुने आइसिसी एकविदसीय विश्वकप क्रिकेट प्रतियोगिता ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्दै छ। आइसिसी विश्वकप लिग-२ को तेस्रो स्थानमा रहँदै नेपाल ग्लोबल छनोटमा पहिलोपटक छनोट भएको हो। नेपालले दुई महिनाअघि नै स्थान पक्का गरे पनि अन्तिम टोलीको छिनोफानो बुधबार मात्र भएको छ। आयरल्यान्ड विश्वकप सुपर लिगको शीर्ष आठभित्र समावेश हुन नसक्दा दक्षिण अफ्रिकाले विश्वकपमा स्थान पक्का गरेको हो। दक्षिण अफ्रिका विश्वकपमा छनोट हुँदा आयरल्यान्ड ग्लोबल छनोटमा झरेको हो।

आयरल्यान्डको नतिजासँगै विश्वकपमा सीधै खेल्ने आठ र ग्लोबल छनोटको १० राष्ट्रको नाम पक्का भएको हो। आइसिसीले बुधबारै एकदिवसीय विश्वकप ग्लोबल छनोट खेल्ने १० राष्ट्रले स्थान पक्का गरेको जनाएको छ। सुपर लिगको अन्तिम सिरिजको पहिलो खेल वर्षाका कारण रद्द भएपछि बंगलादेशसँग अंक बाँडेको आयरल्यान्डले भारतमा हुने विश्वकप छनोटको अवसर गुमाएको हो।

विश्वकप छनोट १८ जुनदेखि ९ जुलाईसम्म आयोजना हुनेछ। सुपर लिगमा सहभागी रहेका श्रीलंका, वेस्ट इन्डिज, जिम्बावे र नेदरल्यान्ड्सले यसअघि नै विश्वकप छनोट खेल्ने पक्का गरेका थिए। अब आयरल्यान्ड दशौं राष्ट्रका रूपमा थप भएको छ। एकदिवसीय विश्वकपमा आयोजक भारत, पाकिस्तान, अस्ट्रेलिया, न्युजिल्यान्ड, बंगलादेश, इंग्ल्यान्ड र अफगानिस्तान सीधा विश्वकपका लागि छनोट भएका थिए। आयरल्यान्ड छनोट नहुँदा अब दक्षिण अफ्रिकाले विश्वकपमा सीधै स्थान पक्का गरेको छ।

■ विश्वकप लिग-२ बाट तीन राष्ट्र

आइसिसी विश्वकप लिग-२ बाट तीन राष्ट्रले ग्लोबल छनोटमा स्थान बनाएका थिए। च्याम्पियन स्कटल्यान्ड र ओमान शीर्ष दुई स्थानमा रहँदै ग्लोबल छनोटमा प्रवेश गरेका थिए। युएई र अमेरिकाले विश्वकपको प्लेअफ छनोटमा शीर्ष स्थानमा रहँदै ग्लोबल छनोट स्थान सुरक्षित गरेका थिए। गत महिना सम्पन्न ६ देश सम्मिलित विश्वकप प्लेअफ क्वालिफायरबाट अमेरिका र युएई शीर्ष दुईमा रहँदै विश्वकप छनोटमा पुगेका थिए। ग्लोबल छनोटको शीर्ष दुई स्थानमा रहने राष्ट्रले भारतमा आयोजना हुने विश्वकप खेल्नेछन्।

■ सुपर लिगमा दक्षिण अफ्रिका आठौं स्थानमा

आइसिसीले सन् २०२३ को एकदिवसीय विश्वकप छनोटमा रोडम्याप बनाएको थियो। सन् २०२० देखि २०२३ सम्म सुपर लिगको शीर्ष आठ स्थानमा रहने राष्ट्र सीधै विश्वकपमा छनोट हुने प्रावधान रहेको थियो। सुपर लिगमा दक्षिण अफ्रिका आठौं स्थानमा रहँदै विश्वकपमा खेल्ने पक्का गरेको हो। दक्षिण अफ्रिकाले २१ खेलबाट ९८ अंक बटुलेको छ। बंगलादेशसँग अंक बाँडेको आयरल्यान्डले २२ खेलबाट ७३ अंक बटुल्यो। आयरल्यान्ड ११औं स्थानमा छ। सुपर लिगमा नवौंदेखि १३औं स्थानमा रहेका राष्ट्रहरू आइसिसी ग्लोबल छनोटमा छनोट भएका छन्। यसमा वेस्ट इन्डिज, श्रीलंका, आयरल्यान्ड, जिम्बावे र नेदरल्यान्ड्स छन्।

■ छनोटमा श्रीलंकाको वरीयता माथि

ग्लोबल छनोट प्रक्रियाबाट विश्वकप खेल्ने सपना बोकेको श्रीलंकाको वरीयता माथि रहेको छ। ग्लोबल छनोटमा रहेका १० राष्ट्रमध्ये श्रीलंकाको वरीयता माथि रहेको छ। मे महिनाको आइसिसी एकदिवसीय वरीयतामा श्रीलंका आठौं स्थानमा रहेको छ। श्रीलंका एकपटकको विश्वकप विजेता हो। सन् १९९६ मा भारतमा भएको विश्वकप फाइनलमा श्रीलंकाले अस्ट्रेलियालाई पराजित गरेको थियो। श्रीलंकापछि वेस्ट इन्डिज दोस्रो स्थानमा छ। एकदिवसीय विश्वकपको पहिलो दुई संस्करणमा ब्याक टु ब्याक उपाधि जितेको वेस्ट इन्डिज पछिल्लो वरीयतामा नवौं स्थानमा छ। त्यसपछि आयरल्यान्ड ११औं स्थानमा रहेको छ।

■ ग्लोबल विश्वकप छनोट खेल्ने १० राष्ट्र

वेस्ट इन्डिज, श्रीलंका, जिम्बावे, आयरल्यान्ड, नेदरल्यान्ड्स, स्कटल्यान्ड, ओमान, नेपाल, अमेरिका, युएई

चर्च ब्वाइज पुनः शीर्ष स्थानमा

नयाँ पत्रिका
काठमाडौं, २७ वैशाख

चर्च ब्वाइज युनाइटेड क्लब सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको शीर्ष स्थानमा उक्लेको छ। एन्फा कम्प्लेक्समा बुधबार दुईपटकको साबिक विजेता मच्छिन्द्र फुटबल क्लबलाई २-१ ले हराउँदै चर्च ब्वाइज पुनः शीर्ष स्थानमा फर्किएको हो। लिगमा लगातार चौथो जित निकालेको चर्च ब्वाइजले १६ खेलबाट ३० अंक जोडेको छ। चर्च ब्वाइजले दोस्रो स्थानमा रहेको जावलाखेल युथ क्लबविरुद्ध स्पष्ट तीन अंकको अग्रता लिएको छ।



समान खेलबाट जावलाखेलले २७ अंक हात पारेको छ। तेस्रो स्थानको थ्री स्टारको २५ अंक छ। चर्च ब्वाइजसँग पराजित भएको मच्छिन्द्रले १६ खेलमा २४ अंक जोडेको छ। मच्छिन्द्र चौथो स्थानमा छ। खेलको ४०औं मिनेटमा अञ्जनले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। कमल श्रेष्ठको फ्रिकिकमा अञ्जनले पहिलो बारमा सहजै हेडिङ गोल गरेका थिए। खेलको ६४औं मिनेटमा मच्छिन्द्रले पेनाल्टी गोल गर्दै खेललाई १-१ को बराबरीमा ल्याएको थियो। ओमोलाजा नुरेनले मच्छिन्द्रका लागि पेनाल्टी गोल गरेका थिए।

उनले पेनाल्टी प्रहार गर्नुअघि मच्छिन्द्रका आन्द्रेस नियालाई पेनाल्टी क्षेत्रभित्र चर्च ब्वाइजका क्वेटे टाल्लाले लडाएका थिए। खेलको ७१औं मिनेटमा चर्च ब्वाइजले आत्मघाती गोलको उपहार पाउँदा खेलमा २-१ को अग्रता लियो। कमल श्रेष्ठको कर्नर प्रहारमा मच्छिन्द्रका गोलरक्षक प्रदीप भण्डारीले बल समाउने क्रममा आफ्नै पोस्टभित्र छिराए।

एपिएफको सानदार जित

दशरथ रंशगालामा विभागीय डर्बी खेलमा नेपाल एपिएफ क्लबले त्रिभुवन आर्मी क्लबमाथि ३-० को सानदार जित निकालेको छ। एपिएफका लागि अर्मान्डले खेलको ४० मिनेटमा १-० को अग्रता गोल गरेका थिए। खेलको ५६औं मिनेटमा आवास लामिछानेले एपिएफलाई २-० को स्थितिमा राखे। खेलको ६२औं मिनेटमा नवीन लामाले एपिएफलाई ३-० को बलियो स्थितिमा राखे। जितसँगै एपिएफ आर्मीलाई पछि पार्दै अंक तालिकाको छैटौं स्थानमा उक्लिएको छ। एपिएफले १६ खेलबाट २२ अंक जोडेको छ। सातौं स्थानमा सीमित भएको आर्मीको २१ अंक छ।

टाइब्रेकरमा आयोजकको हार



धनकुटा/ पेमा क्लब विराटनगर सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो चरणमा पुगेको छ। प्रतियोगिताको बुधबार उद्घाटन खेलमा पेमा क्लबले आयोजक धनकुटालाई टाइब्रेकरमा ४-२ ले हराएको थियो। निर्धारित ८० मिनेटको खेलमा दुवै क्लबले २-२ गोल गरेका थिए। त्यसपछि विजेताको छिनोफानो टाइब्रेकरबाट भएको हो। टाइब्रेकरमा विराटनगरका प्रविन राई, योनिक, रिम र प्रशान्त राईले गोल गरेका थिए।

धनकुटाका लागि दिपेन शाक्य र मनोज राईले मात्र गोल गरे। विशाल भण्डारी र योगेश लिम्बू गोल गर्न चुक्दा आयोजक धनकुटा उद्घाटन खेलमा नै पराजित भयो। गोल्डकप फुटबल प्रतियोगितामा विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन्। प्रतियोगिताअन्तर्गत बिहीबार राष्ट्रिय जागृति फुटबल क्लब सुनसरीले झापा फुटबल क्लबको सामना गर्ने आयोजकले जनाएको छ।

सहिद भीमनारायण स्मृति प्रतिष्ठान धनकुटाले आयोजना गरेको प्रतियोगिता २ जेठसम्म चल्नेछ। प्रतियोगितामा उपाधिका लागि आठ टोलीले प्रतिस्पर्धा गर्दै छन्। भारतको सिलगुडीस्थित कञ्चनजंगा फुटबल क्लब, प्लानिङ ब्वाइज क्लब काठमाडौं, एपिएफ काठमाडौं र वीरगन्ज युनाइटेड पनि सहभागी रहेका छन्। खेलको उद्घाटन धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङले गरेका थिए।

आर्चरीमा रमेशलाई स्वर्ण

कास्की/ ११औं राष्ट्रिय आर्चरी च्याम्पियनसिप बुधबार पोखरामा सम्पन्न भएको छ। नेपाल आर्चरी संघको आयोजनामा भएको प्रतियोगितामा महिला र पुरुष गरी नौ स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो। प्रतियोगिताअन्तर्गत कम्पाउन्ड एकलतर्फ पुरुषमा एपिएफका रमेश भट्टचनले स्वर्ण जितेका छन्। सुदूरपश्चिमका सुरेश गुरुङले रजत र एपिएफका मीनप्रसाद गौचनले कांस्य पदक हात पारे। महिलातर्फ नेपाली सेनाकी इमायुङ राईले स्वर्ण हात पारिन्। एपिएफकी प्रसदा आचार्यले रजत र एपिएफकी निर्मला काङवाङले कांस्य पदक जिते। स्टान्डर्ड पुरुष एकलमा गण्डकीका रिजन गौचन पहिलो र सुदूरपश्चिमका रविन थापा दोस्रो भएका छन्। सेनाका विशाल कुँवरले कांस्य पदक जिते। महिलाको स्टान्डर्डतर्फ अनुष्का शेरचनले स्वर्ण र सेनाकी तुलसी थापाले रजत जितेको आयोजकले जनाएको छ। रिकर्व पुरुष एकलतर्फ गण्डकीका असीम शेरचनले प्रहरीका प्राञ्जल राईलाई निराश पार्दै स्वर्ण पदक हात पारेका छन्।

विराटनगरमा क्रिकेटरको भव्य स्वागत

विराटनगर/ एसिसी एसिया कप क्रिकेट प्रतियोगितामा २१ वर्षपछि स्थान बनाएको राष्ट्रिय क्रिकेट टोलीलाई बुधबार विराटनगरमा भव्य स्वागत गरिएको छ। विराटनगरवासीले विमानस्थलदेखि सहरका विभिन्न भागमा च्याम्पियन खेलाडीहरूलाई फूलमालासहित अभिवादन गरेका थिए।

गत साता नेपालले एसिसी प्रिमियर कपको फाइनलमा युएईलाई हराउँदै एसिया कपको स्थान पक्का गरेको थियो। सन् २००२ मा पनि नेपाल एसिया कपमा छनोट भएको थियो। एसिसी प्रिमियर कपमा ऐतिहासिक प्रदर्शन गरेको जनाउँदै विराटनगरवासीले खेलाडीलाई स्वागत र च्याली आयोजना गरेको जनाइएको छ। विराटनगरको वरगाछीबाट सुरु भएको भव्य च्याली विराटनगरको तीनपैनी र रोडशेष चोक हुँदै पुनः वरगाछी चोकसम्म पुगेको थियो।

यसक्रममा राष्ट्रिय खेलालीहरूलाई उद्योग वाणिज्य संघ प्रदेश १ समिति, उद्योग संगठन मोरङ र मोरङ व्यापार संघको साथ रहयो। क्रिकेट खेलाडीलाई विराटनगरवासीले घरघरबाट निस्केर अभिवादन गरेका थिए।

Sanjen Jalavidhyut Company Limited
Kapanmarga, Kathmandu

Unaudited Statement of Financial Position
As on 30th Chaitra 2079 (Corresponding to 13th April 2023)

('000')

Particulars	This Quarter 2079.12.30 (2023.04.13)	Previous Quarter 2078.09.30 (2022.01.14)	Previous Year Quarter Ending 2078.12.30 (2022.04.14)
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment's	2,766	3,683	749
Project Capital Work in Progress	10,911,920	10,386,867	9,333,288
Term Deposit	-	-	10,000
Current Assets	-	-	-
Inventory	21,404	21,358	1,808
Advances to Contractors and Consultants	99,816	54,865	84,711
Deposits and Margin	5,292	6,360	6,799
Prepayments	210	72	201
Current Tax Assets	13,383	13,024	12,161
Term Deposits with Banks	50,270	350,270	270
Other Advances	19,689	27,156	20,424
Bank Balances Call and Current	92,589	54,475	10,693
TOTAL ASSETS	**11,217,339**	**10,918,130**	**9,481,104**
EQUITY AND LIABILITIES			
Equity			
Paid Up Share Capital	3,650,000	3,650,000	3,285,000
Reserves	(232,851)	(228,222)	(192,703)
Liabilities	-	-	-
Non-Current Liabilities	-	-	-
Loans and Borrowings(EPF Long Term)	7,296,863	7,008,315	6,112,737
Deposit Received from Contractors	244,672	248,114	255,928
Current Liabilities	-	-	-
Loans and Borrowings(Short Term)	192,559	192,574	-
Provisions	7,194	7,281	3,602
Other Liabilities and Payables	58,901	40,068	16,540
TOTAL EQUITY AND LIABILITIES	**11,217,339**	**10,918,130**	**9,481,104**

Unaudited Statement of Profit or Loss
From 1st Shrawan to 30th Chaitra 2079 (From 17th July to 13th April 2023)

(' 000')

Particulars	This Quarter Ending FY 2079.80 (2022/23)	Previous Quarter Ending FY 2079.80 (2022/23)	Previous Year Quarter Ending FY 2077.78 (2021/22)
Revenue			
Revenue from Contract with Customers			
Finance income	7,769	5380	-
Other income	328	34	16
	-	-	-
Operation and Maintenance - Corporate			
Employee Benefits	(13,081)	(9,226)	-
Depreciation and Amortization	(3,590)	(2,575)	(11,024)
Operating and Administrative Expenses	(12,469)	(7,253)	(419)
Impairments and Write-Offs	-	-	(11,326)
Exchange Gain / (loss)	3,311	(36)	(1,906)
	-	-	-
Profit Before Tax	**(17,732)**	**(13,676)**	**(24,660)**
Income Taxes	-	-	-
Net Profit	**(17,732)**	**(13,676)**	**(24,659)**

अनुसूची-१४
धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०७९।८० को तेश्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरु:

यस कम्पनी अन्तर्गतका जलविद्युत आयोजनाहरू निर्माणको चरणमा रहेकाले गर्दा सामान्य ब्याज आम्दानी बाहेक अन्य आम्दानी नभएकोले प्रतिशेयर आम्दानी नकारात्मक रहेको ।

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी (वार्षिकिकरण) रू -०.६५, प्रतिशेयर नेटवर्थ रू ९३.६२ र प्रतिशेयर कुल सम्पतिको मूल्य रू ३०७.३२ रहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको आमाछोदीङ्गमो गाउँपालिकाको चिलिमे र गोल्जुङ गा.वि.स. मा १४८ मे.वा. क्षमताको सान्जेन (माथिल्लो) र ४२.५ मे.वा. क्षमताको सान्जेन जलविद्युत आयोजना समेत कुल ५७३ मेगावाट क्षमताका दुई जलविद्युत आयोजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । उल्लेखित आयोजनाहरु तोकिएको लागत, गुणस्तर र समयमा सम्पन्न गर्नका लागि कम्पनी व्यवस्थापनले सम्पूर्ण ध्यान केन्द्रित गरेको छ । हालसम्मको समग्र भौतिक प्रगति हेर्दा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको सिभिल निर्माण कार्यको करिब ९९.२७ प्रतिशत र समग्रमा करिब ९६ प्रतिशत तथा सान्जेन जलविद्युत आयोजनाको सिभिल निर्माणकार्य करिब ९४.५७ प्रतिशत र समग्रमा ९०.८० प्रतिशत रहेको छ । आयोजनाहरु निर्माणको चरणमा रहेको हुँदा विक्री आम्दानी नरहेको व्यहोरा जानकारी गराइन्छ ।

स्थानिय रसुवाबासी सहित अन्य सर्वसाधारण समुह अर्न्तगतको सम्पूर्ण सेयर वापतको रकम रू ३ अर्व ६५ करोड चुक्ता भईसकेको छ ।

सम्पूर्ण दिर्घकालीन ऋणपूँजी कर्मचारी सञ्चय कोषबाट लगानी भईरहेको छ । उक्त कर्जामा वार्षिक व्याज दर हाल कायम ११ प्रतिशतले हुने व्याज प्रत्येक तीन/तीन महिनामा पूँजीकरण गर्ने गरिएको छ । आयोजनाहरु सञ्चालनमा नआउँदासम्म व्याज पूँजीकरण हुँदै जाने छ । कर्मचारी सञ्चय कोषसंग पुरक ऋण सम्झौता हुन केही समय लाग्ने देखिएकोले श्री चिलिमे जलविद्युत कम्पनी लि. बाट रू १९ करोड अल्पकालिन सापटी स्वरूप लिई वित्त व्यवस्थापन गरिएको छ ।

हालसम्मको अवस्था र कार्यप्रगतिको आधारमा कम्पनी अन्तर्गतका निर्माणाधिन जलविद्युत आयोजनाहरु सान्जेन (माथिल्लो) जलविद्युत आयोजना आगामी २०८० असोज मसान्तसम्मा सम्पन्न भई सञ्चालनमा आउने अनुमान रहेको छ । कोभिड १९ को पहिलो, दोश्रो र तेश्रो लहरका कारण ठेकेदारका सम्पूर्ण जनशक्ति, श्रोतसाधनको परिचालनमा थप कठिनाई उत्पन्न भई दुवै आयोजनाका ईलेक्ट्रोमेकानिकल कार्यका ठेकेदारको जनशक्ति आवागमन र मेशीन उपकरण आयातमा भएको रोकावटका कारण ठेकेदारका सम्पूर्ण आवश्यक मेशिन उपकरण र जनशक्ति आयोजना स्थलमा ल्याउन समय लागेकोले आयोजना सम्पन्न हुने मिति केही ढिलो हुने देखिएको छ । कम्पनीको बारम्वारको ताकेता पश्चात ठेकेदारको जनशक्तिवाट मेशीन उपकरण जडान कार्य सूचारू रहेको अवस्था छ । हाल सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा. को अन्य सवै लटका कार्य सम्पन्न भई सिभिल स्ट्रक्चरको परीक्षण भइसकेको छ भने लट ३ ईलेक्ट्रोमेकानिकल कार्यको ठेकेदारले सम्पूर्ण उपकरण साइटमा ल्याई तीव्र गतिमा जडान कार्य गरिरहेको र निकट भविष्यमा उपकरण परिक्षण गरिने जानकारी दिएको छ ।

उल्लेखित जलविद्युत आयोजनाबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार युनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विक्री गरिने छ । यसरी प्राप्त आयलाई आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरुको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । निर्माणमा रहेका आयोजना अन्तिम चरणमा रहेको हुँदा नयाँ आयोजना पहिचानको कार्य अगाडि वढाइएको छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकुल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सधै रहिरहने ।

(ग) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज वाहेकको शुरू लागत अनुमान रू. ५ अर्व २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रू. २ अर्व २१ करोड ८० लाख गरी कुल रू. ७ अर्व २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । तर अनुमानित लागतलाई विदेशी विनिमयदर, मुद्रास्फीती, समय, सञ्चालन सम्भार खर्च, कोभिड १९ र राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना क्रमले पनि असर गर्ने देखिएको छ ।

(घ) आयोजनाहरूमा स्वदेशी तथा ठेकेदार कम्पनीहरू कार्यरत रहेकोले गर्दा विदेशी मुद्राको विनिमय दरमा परेको असर, महामारी, निर्माण सामाग्रीमा हुने मुल्य वृद्धि, विभिन्न समयमा हुने बन्द हड्ताल र हालै देखिएको कोभिड १९ को विश्वव्यापी फैलावट जस्ता घटनाक्रमहरूले आयोजना निर्माणमा असर परिरहेको छ । साथै आयोजना निर्माणको क्रममा विभिन्न सरकारी तथा गैह्र सरकारी निकायबाट प्राप्त गर्नु पर्ने स्वीकृतिहरूमा ढिलाई, समय-समयका अवरोध, प्राकृतिक विपत्ति तथा कावुबाहिरको परिस्थितिहरूका कारण पनि आयोजना निर्माणको गतिलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित हुने गरेको छ ।

(ङ) मित्रराष्ट्र चीन लगायत विश्वमा फैलिएको कोभिड १९ को संक्रमणले आवागमनमा भएको अवरोधका कारण सान्जेन जलविद्युत आयोजनाको लट ३ इलेक्ट्रोमेकानिकल कार्यका चिनिया ठेकेदारले समिक्षा अवधिमा सम्पूर्ण रूपमा उपकरणहरू आयोजनास्थलमा ल्याउन सकिरहेको थिएन । पछिल्लो समय रसुवागढी नाकाबाट उल्लेखनीय रूपमा मेशीन उपकरण साइटमा आइपुगेको र हाल उक्त ठेकेदारले परिचालित जनशक्तिका अतिरिक्त थप जनशक्ति र श्रोत साधन क्रमिकरूपमा थप गर्दै लगिने जानकारी गराएको ब्यहोरा अनुरोध छ ।

(च) यस त्रैमासिकको समिक्षा अवधिमा कम्पनीको जिन्सी मौज्दात शिर्षकमा वृद्वि भएको छ । सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति राष्ट्रिय प्रशारण गर्ने प्रयोजनका लागि ने वि प्रा बाट निर्माण भइरहेको प्रशारण लाइन सामाग्रीहरूको मूल्यको कारण वृद्वि देखिएको छ ।

३. कानूनी कारवाही सम्वन्धी विवरण :

यस सम्बन्धमा कुनै कैफियत नभएको ।

४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको वजार मुल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरु गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोतः नेप्सेको आधिकारिक वेभसाईट)

सेयरको अधिकतम मुल्य (रू.)	सेयरको न्यूनतम मुल्य (रू.)	सेयरको अन्तिम मुल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३४५/-	२८२/-	३०५/-	५६	९४६१

५. समस्या र चुनौती :

सान्जेन (माथिल्लो) जलविद्युत आयोजना १४.८ मे.वा.को विद्युत प्रशारणको लागी विकल्प स्वरूप हाल उपलब्ध स्थानीय वितरण प्रणालीलाइ नेपाल विद्युत प्राधिकरणबाट स्तरोन्नति गरी सो मार्फत उत्पादित आंशिक रूपमा टेष्टिङ्ग र उत्पादन प्रयोजनका लागी प्रयोगमा ल्याउने गरी कार्य भइरहेको छ ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुटै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानूनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रूपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मको लागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरू आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरू नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com